# आर्थिक वर्ष २०७९/८० को
# वार्षिक प्रतिवेदन


नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

# आर्थिक वर्ष २०७९/८० को

# वार्षिक प्रतिवेदन

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन

प्रतिलिपि अधिकार © राष्ट्रिय योजना आयोग

**प्रकाशक**
नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाण्डौ, नेपाल
टेलिफोन नं. ९७७ -१- ४२११००४, ४२१११३२
www.npc.gov.np

# राष्ट्रिय योजना आयोग



**सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'**
सम्माननीय प्रधानमन्त्री एवं अध्यक्ष



**डा. मीनबहादुर श्रेष्ठ**
उपाध्यक्ष



**डा. बैकुण्ठ अर्याल**
मुख्य सचिव एवं पदेन सदस्य



**डा. राम कुमार फुयाल**
सदस्य



**डा. जय कान्त राउत**
सदस्य



**डा. प्रभु बुढाथोकी**
सदस्य



**प्रा.डा. आर.पी. विच्छ्या**
सदस्य



**डा. रमेशचन्द्र पौडेल**
सदस्य



**डा. अनिता शाह ढुंगाना**
सदस्य



**डा. कृष्णहरि पुष्कर**
अर्थ सचिव एवं पदेन सदस्य



**डा. तोय नारायण ज्ञवाली**
सदस्य सचिव

डा. मीनबहादुर श्रेष्ठ
उपाध्यक्ष

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

## दुई शब्द

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा २३ को व्यवस्था अनुसार आयोगले आर्थिक वर्ष २०७९/८० मा आयोगद्वारा सम्पादन गरिएका प्रमुख काम-कारबाही र त्यसबाट हासिल भएका उपलब्धिहरूको वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ ।

तीव्र आर्थिक वृद्धी र सन्तुलित एवम् दिगो विकासका लागि नेपालको संविधान बमोजिम दूरगामी सोच सहितको विकास योजना तर्जुमा गर्ने; अनुगमन तथा मूल्याङ्कन मार्फत आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने; समसामयिक विषयमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी सोको आधारमा नेपाल सरकारलाई सल्लाह प्रदान गर्ने; र तहगत समन्वयमार्फत संघीयताको सवलिकरण गर्न सहयोग पुर्‍याउने विशिष्टीकृत निकायका रूपमा राष्ट्रिय योजना आयोगको गठन भएको हो ।

यस आर्थिक वर्षमा आयोगबाट सम्पन्न भएका प्रमुख कार्यहरूमा सोह्रौं योजनाको अवधारणा पत्रको मस्यौदा तयारीको कार्य अघि बढाउने; आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड तर्जुमा गर्ने; नेपाल सरकारले तीन तहमा सञ्चालन गर्ने आयोजना वर्गीकरणको आधार तथा मापदण्डको मस्यौदा तयार गर्ने; तथा राष्ट्रिय अनुगमन ट्र्याकिङ सूचना प्रणाली विकास गर्ने सम्बन्धी अवधारणापत्र २०७९ स्वीकृति गर्ने रहेका छन् । यसका साथै आयोगबाट प्रदेश र स्थानीयतहमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने, दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्ने लगायतका विषयमा अभिमूखीकरण कार्यक्रम संचालन गरिएको छ भने आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली हस्तान्तरण गरिएको छ ।

यस प्रतिवेदनमा विकास व्यवस्थापनको विद्यमान अवस्था, सम्भावना र प्रमुख चुनौतिहरू; विद्यमान योजना तथा बजेट प्रणाली सम्वन्धी जानकारी; विभिन्न क्षेत्रमा गर्नुपर्ने सुधार लगायतका विषय समावेश गरिएको छ । यस प्रतिवेदनले नेपाल सरकारका विभिन्न निकायहरूलाई आ-आफ्ना क्षेत्रको विकास व्यवस्थापन गर्ने कार्यमा सहयोग पुर्‍याउने विश्वास लिएको छु । आयोगको कार्यसम्पादनमा आ-आफ्नोतर्फबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने आयोगका सम्पूर्ण माननीय सदस्यहरू, सदस्य-सचिव, कर्मचारीहरू, विकास साझेदारहरू र सरोकारवाला सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२०८० असोज ३०

डा. मीनबहादुर श्रेष्ठ

फोन: ०१-४२११९७०, ईमेल: minbshrestha@npc.gov.np, वेबसाईट: www.npc.gov.np

# विषय–सूची

**परिच्छेद-एक**

**प्रारम्भिक ....................................................................................................१**

१.१ पृष्ठभूमि ................................................................................................. १

१.२ राष्ट्रिय योजना आयोगको परिचय ...................................................................... १

१.३ राष्ट्रिय योजना आयोगको ऐतिहासिक पृष्ठभूमि .................................................... २

१.४ राष्ट्रिय योजना आयोगको गठन ....................................................................... ४

१.५ राष्ट्रिय योजना आयोगको काम, कर्तव्य र अधिकार ................................................ ५

१.६ आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था ................................ १०

**परिच्छेद - दुई**

**राष्ट्रिय योजना आयोगबाट सम्पादित प्रमुख कार्यहरुः .................................१३**

२.१ दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा र कार्यान्वयन समन्वय तथा सहजीकरण .. १३

२.२ अनुगमन तथा मूल्याङ्कन ................................................................................ १६

२.३ तहगत समन्वय एवं सहकार्यात्मक संघीयता सुदृढीकरण ........................................ १७

२.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण ................................................................... २०

२.५ आयोगबाट सम्पादन गरिएका अन्य कार्यहरु ....................................................... २२

**परिच्छेद -तीन**

**समस्या तथा चुनौतीहरु...........................................................................२५**

३.१ विकास व्यवस्थापनको विद्यमान अवस्था, समस्या तथा संभावना एवम् प्राथमिकता ........ २५

३.२ समस्या तथा चुनौती....................................................................................... ३०

३.३ विद्यमान योजना तथा बजेट प्रणाली, कमजोरी तथा अपेक्षित लक्ष्य प्राप्तिमा सुधारहरू .... ३३

## अनुसूचीहरु


अनुसूची -१ राष्ट्रिय योजना आयोगको स्वरुप ........ ३७

अनुसूची -२ राष्ट्रिय योजना आयोगका पदाधिकारीज्यूहरु तथा कर्मचारीहरुको विवरण ........ ३८

अनुसूची -३ राष्ट्रिय विकास समस्या समाधान समितिको स्वरूप ........ ४६

अनुसूची -४ राष्ट्रिय विकास समस्या समाधान समितिको ५० औं बैठक निर्णयहरु र कार्यान्वयन स्थिति ........ ४७

अनुसूची -५ राष्ट्रिय योजना आयोगको बैठकका निर्णयहरु ........ ५९

अनुसूची -६ मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८०/८१-२०८२/८३) ........ ७७

## परिच्छेद - एक

# प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालको समग्र विकासको लागि दीर्घकालीन सोच सहितको योजना तर्जुमा गर्ने, अध्ययन अनुसन्धानका आधारमा तथ्यपरक क्षेत्रगत नीति एवम् रणनीतिहरू तयार गरी विकासका कार्यक्रमलाई लक्षित दिशामा निर्देशित गर्ने, राष्ट्रिय गौरव एवं रुपान्तरणकारी आयोजना र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्यमा आधारित पृष्ठपोषण उपलब्ध गराउने, विकास प्रकृयामा अनुभूत गरिएका वा सम्भावित समस्या एवम् व्यवधानको सहजीकरण गर्ने र नेपाल सरकारको विकास सल्लाहकारको भूमिका निर्वाह गर्नका लागि विशिष्टिकृत केन्द्रीय निकायको रूपमा राष्ट्रिय योजना आयोग रहँदै आएको छ। आयोगले दीर्घकालीन सोचसहितको कार्यान्वयनयोग्य आवधिक योजनाको तर्जुमा, नीतिगत तथा कार्यक्रम कार्यान्वयनमा देखापर्ने जटिलताको प्रभावकारी समन्वय, सरलीकरण, स्रोतको आँकलन, पहिचान र प्राथमिकीकरणका आधारमा न्यायोचित वितरण, वित्तीय संघीयताको कार्यान्वयन र मध्यमकालीन खर्च संरचनाको सुदृढीकरण, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास र तथ्याङ्क प्रणालीलाई वैज्ञानिक, भरपर्दो र पहुँच योग्य बनाउने दायित्वलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ।

राष्ट्रिय योजना आयोगको विकासक्रम, आयोगको काम, कर्तव्य र अधिकार, संस्थागत तथा कार्यगत व्यवस्था, गत आर्थिक वर्षमा सम्पादित प्रमुख कार्यहरु तथा उपलब्धी, आयोगको कामकारवाहीमा देखापरेका समस्या तथा चुनौतीहरु र आयोगको भावी कार्यदिशा समेटेर राष्ट्रिय योजना आयोग गठन तथा कार्य सञ्चालन आदेश, २०७४ को दफा २३ (१) को व्यवस्था अनुसार प्रतिवेदन तयार गरिएको छ । आयोगको कार्यजिम्मेवारी भित्र रही गत वर्ष राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्था, आयोगबाट भएका आन्तरिक मूल्याङ्कनका निचोड, आयोगले तर्जुमा तथा प्रकाशन गरेका विकास कार्यक्रम तथा आयोजना सम्बन्धी मापदण्ड र मार्गदर्शन, विनियोजित बजेट र खर्चको अवस्था र आयोगको पूर्ण र नियमित बैठकबाट भएका निर्णयहरु तथा आयोगबाट भएका मुख्य अध्ययनका निचोडहरुलाई प्रतिवेदनको अनुसूची खण्डमा समावेश गरिएको छ ।

### १.२ राष्ट्रिय योजना आयोगको परिचय

राष्ट्रिय योजना आयोग राष्ट्रिय विकास परिषद् अन्तर्गत रहेको देशको विकास योजना तथा नीति तर्जुमामा सल्लाह दिने निकाय हो। यसले आवधिक योजनाको तर्जुमा गरी कार्यान्वयनमा समन्वय

र सहजीकरण गर्दै आएको छ । यसले विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनको लागि केन्द्रीय निकायको रूपमा कार्य गर्दछ । यसैगरी यस आयोगले देशको आर्थिक विकास सम्बद्ध विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अर्न्तक्रियाका लागि एउटा मञ्चको रूपमा कार्य गर्दछ । यसबाहेक यसले नागरिक समाज, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रको समस्याहरू बिश्लेषण गर्ने र समाधान गर्ने संस्थाको रूपमा समेत सेवा प्रदान गर्दछ ।

नेपाल सरकारको मुख्य सचिव र अर्थ सचिव आयोगको पदेन सदस्यको रूपमा रहने व्यवस्था छ। आयोगका सदस्य सचिवले आयोगको प्रशासकीय प्रमुखको रूपमा समेत कार्य गर्ने व्यवस्था रहेको छ । आयोगको प्रशासनिक संगठन संरचना अनुसार ७ वटा महाशाखाहरू र सो अन्तर्गतका शाखाहरू रहेका छन् । प्रत्येक महाशाखा, केन्द्रीय तथ्याङ्क विभाग र शाखाहरूमा क्रमशः सहसचिव, महानिर्देशक तथा उपसचिवले नेतृत्व गर्दछन् ।

आयोगको बर्तमान संगठन संरचना र यसका बिभिन्न कार्यहरू नेपाल सरकार मं.प.को मिति २०७४।११।२८ को निर्णयानुसार स्वीकृत गठन तथा कार्य सञ्चालन आदेश, २०७४ मा व्यवस्था गरिएको छ । साथै यसको भूमिका र कार्य जिम्मेवारीहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा समेत उल्लेखित छ । राष्ट्रिय योजना आयोगको गठन तथा कार्यसञ्चालन आदेश, २०७४ मा आयोगको काम, कर्तव्य, अधिकार र जिम्मेवारी स्पष्ट रूपमा व्यवस्था गरेको छ । आर्थिक व्यवस्थापन, पूर्वाधार तथा उत्पादन, अनुगमन तथा मूल्याङ्कन, अनुसन्धान, अन्वेषण तथा तहगत समन्वय, प्रशासन, दीगो विकास तथा अन्तराष्ट्रिय सम्बन्ध र सामाजिक विकास महाशाखा गरी ७ वटा महाशाखाहरू आयोग अन्तर्गत रहेका छन् ।

## १.३ राष्ट्रिय योजना आयोगको ऐतिहासिक पृष्ठभूमि

योजनाबद्ध विकास प्रक्रियाको प्रारम्भसँगै वि.सं.२०१३ मा प्रथमपटक योजना आयोगको नामबाट प्रधानमन्त्रीको अध्यक्षतामा योजना निर्माण गर्ने निकाय गठन भएको थियो । यसलाई सक्षम र प्रभावकारी बनाउन योजना मण्डल ऐन, २०१४ अनुसार त्यही वर्ष योजना मण्डलको स्थापना भएको थियो ।


योजना तर्जुमा गर्ने जिम्मेवारी बाहेक योजना मण्डललाई विविध कार्यकारी अधिकारहरू सुम्पिएको थियो । वि.सं.२०१७ मा बहुदलिय व्यवस्थालाई अन्त्य गरिएसँगै तत्कालीन राजा स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा राष्ट्रिय योजना परिषद् (National Planning Council) को स्थापना भएको र परिषद्को निर्णय मन्त्रिपरिषद्को निर्णय बराबरको मान्यता दिई परिषद्लाई आर्थिक योजना तथा नीति निर्माणको लागि सबैभन्दा अधिकार प्राप्त निकायको रूपमा स्वीकार

गरिएको थियो । प्रारम्भमा परिषद्लाई सहयोग पुर्‍याउन छुट्टै एउटा सचिवालयको स्थापना भएको थियो । यद्यपि, वि.सं.२०१९ मा आर्थिक विकास मन्त्रालयको स्थापना भए पश्चात सोही मन्त्रालयले सचिवालयको कार्य गर्न थाल्यो र विकास बजेट एवं वैदेशिक सहायता सम्बन्धी अन्य क्रियाकलापहरू राष्ट्रिय योजना परिषद् अन्तर्गत ल्याइयो ।

वि.सं. २०२० मा राष्ट्रिय विकास परिषद् विघटन भयो र केन्द्रीय रूपमा योजना निर्माण गर्ने निकाय मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने गरी उस्तै नाम दिई गठन गरियो । मन्त्रिपरिषद्का सबै मन्त्रीहरू सो निकायको पदेन सदस्य हुने गरी आर्थिक विकास (Economic affairs) मन्त्रालयलाई योजना मन्त्रालयको रूपमा पुनर्गठन गरियो ।

वि.सं. २०२५ मा विकास बजेट र वैदेशिक सहायतासम्बन्धी सबै कार्यहरू आर्थिक योजना मन्त्रालयबाट अर्थ मन्त्रालयलाई दिइयो । मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने राष्ट्रिय योजना परिषद्लाई प्रधानमन्त्रीबाट अध्यक्षता गर्ने राष्ट्रिय योजना आयोगबाट प्रतिस्थापन भई यसलाई सघाऊ पुर्‍याउन छुट्टै सचिवालय स्थापना गरियो । वि.सं. २०२९ मा तयार गरिएको एउटा बृहत अध्ययनको प्रतिवेदनबाट प्रस्ताव गरे अनुसार केन्द्रीय योजना निर्माण सम्बन्धी निकायले गर्ने कार्य तथा जिम्मेवारीहरू राष्ट्रिय योजना आयोगलाई दिने गरी यसलाई पुनर्गठन गरियो ।

वि.सं. २०४४ मा राष्ट्रिय योजना आयोगको स्वरुपमा सामान्य परिवर्तन गरियो । वि.सं. २०४७ पश्चात् वि.सं. २०४८ मा राष्ट्रिय योजना आयोगमा केही परिवर्तनहरू भएको थियो । पुनर्गठन भएको सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको ५ जना सदस्यहरू र एक जना सदस्य सचिव रहने व्यवस्था गरियो । मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यहरूको रूपमा समावेश गरियो । वि.सं. २०६२/६३ पश्चातको अन्तरिम संविधान जारी भएसँगै तत्कालीन सरकारले आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश,२०६७ जारी गर्‍यो । वि.सं. २०७२ असोज ३ गते नेपालको संविधान जारी भए पश्चात मिति २०७४/११/२८ को नेपाल सरकारको निर्णयबाट नेपालको संविधान बमोजिम दूरगामी सोचसहितको विकास नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण र अनुगमन तथा मूल्याङ्कन गरी नेपाल सरकारलाई अनुसन्धान वा विश्लेषण गरिएका सूचनाका आधारमा सल्लाह र सहयोग प्रदान गर्ने विशिष्टीकृत निकायका रूपमा काम गर्ने गरी नयाँ गठन तथा कार्य सञ्चालन आदेश, २०७४ बमोजिम राष्ट्रिय योजना आयोगको पुनर्गठन गरेको छ । हाल राष्ट्रिय योजना आयोग सोही गठन आदेशमार्फत संचालनमा रहेको छ । यसको ऐतिहासिक विकासक्रमलाइ देहायबमोजिम को ढाँचामा प्रस्तुत गरिएको छ :-




## १.४ राष्ट्रिय योजना आयोगको गठन

### १.४.१ आयोग गठनको आधार

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/११/२८ को बैठकले राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत गरे बमोजिम देहाय बमोजिमको एक राष्ट्रिय योजना आयोग गठन हुने व्यवस्था छः

| | |
|---|---|
| (क) प्रधानमन्त्री | -अध्यक्ष |
| (ख) नेपाल सरकारबाट नियुक्त एक जना | -उपाध्यक्ष |
| (ग) नेपाल सरकारबाट नियुक्त कम्तीमा एकजना महिला सहित बढीमा छजना | -सदस्य |
| (घ) मुख्य सचिव, नेपाल सरकार | -सदस्य |
| (ङ) सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (च) सचिव, राष्ट्रिय योजना आयोग | -सदस्य-सचिव |

खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यहरुले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्ने ब्यवस्था रहेको छ ।

खण्ड (ग) बमोजिमका सदस्यको नियुक्ति गर्दा देहाय बमोजिमको विषय क्षेत्रको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिने व्यवस्था रहेको छ ।

आयोगको कार्यक्षेत्र मुख्यतया निम्नानुसार रहेका छन;

(क) आर्थिक विकास,
(ख) सामाजिक विकास,
(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा,
(घ) अन्य प्राकृतिक स्रोत र मानवस्रोत व्यवस्थापन र
(ङ) सुशासन तथा व्यवस्थापन ।

### १.४.२ आयोगको संगठन संरचनाः

प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय योजना आयोगको हालको संगठन संरचनामा पूर्णकालीन उपाध्यक्ष, एक जना महिला सहित बढीमा ६ जना सदस्यहरू र एक जना सदस्यसचिव तथा नेपाल सरकारका मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यको रूपमा रहने व्यवस्था छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/१/११ को बैठकले माथि उल्लिखित व्यवस्था अनुसार गठन गरेको आयोगको स्वरुप अनुसूची-१ मा संलग्न छ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५/२/१३ मा स्वीकृत आयोगको वर्तमान संगठन संचरना अनुसार गठन आदेशको दफा १७ को व्यवस्था अनुरुप आयोगको प्रशासनिक नेतृत्व नेपाल सरकारको निजामती सेवाको विशिष्ट श्रेणीको सचिवले गर्ने गरी कूल १०५ जनाको दरबन्दी रहेको छ। आयोगका प्रशासकीय प्रमुखको रुपमा रहने सचिवले आयोगको सदस्य सचिवको समेत कार्य सम्पादन गर्नुपर्ने व्यवस्था रहेको छ। हालको संगठन संरचना अनुसार आयोगमा नेपाल प्रशासन सेवाको राजपत्रांकित प्रथम श्रेणीका सहसचिवको नेतृत्वमा विषयगत महाशाखाहरू र महाशाखा अन्तर्गत विभिन्न शाखाहरू रहेका छन्।

## १.५ राष्ट्रिय योजना आयोगको काम, कर्तव्य र अधिकार

### १.५.१ राष्ट्रिय योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ मा उल्लेख गरिए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :-

**(क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमाः**

१. मुलुकको समग्र समृद्धिकालागि दूरगामी सोचसहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

२. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

३. सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा संघीयस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षणसमेत गरी सहमति दिने,

४. लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,

५. राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि राष्ट्रिय मापदण्ड तयार गर्न लगाउने,

६. अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

७. अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने, गराउने,

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,

९. अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास र संप्रेषण गर्ने, गराउने ।

**(ख) अनुगमन तथा मूल्याङ्कन :**

१. मुलुकको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई नेपाल सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

२. मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषयक्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने,

३. अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारबीच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी बिशेषज्ञताको विकास गर्ने, गराउने ।

**(ग) तहगत समन्वय :**

१. संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण :**

१. कुनै राष्ट्रिय नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रियस्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने ।

२. प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने ।

३. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने ।

### १.५.२ अन्य कानुन तथा नियमावलीमा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था:-

**(क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६**

**१. ऐनको दफा ६ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने :-**

- राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नु पर्ने,
- राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचनामा आगामी तीन आर्थिक वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाई लागत, आयोजना वा कार्यक्रम सचालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्ने।

**२. ऐनको दफा ७ बमोजिम स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्नु पर्ने :-**

- राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालू आर्थिक वर्षको माघ पन्ध्र गतेभित्र गरिसक्नु पर्ने,
- राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहने,
- स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि सङ्घ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नु पर्ने,

- स्रोतको अनुमान भएपछि चालू वर्षको मध्यकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नु पर्ने,
- स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी प्रतिवेदन अर्थ मन्त्री समक्ष पेश गर्नु पर्ने ।

**३. ऐनको दफा ८ बमोजिम बजेट सीमा र मार्गदर्शन पठाउने दायित्व योजना आयोगको रहेको :-**

- राष्ट्रिय योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालू आर्थिक वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनु पर्ने ।

**४. ऐनको दफा ९ बमोजिम बजेट प्रस्तावमा छलफल गरी अर्थ मन्त्रालयमा पठाउनु पर्ने :-**

- लेखा उत्तरदायी अधिकृतले बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्ने,
- राष्ट्रिय योजना आयोगले प्राप्त प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन नर्म्स, ड्रइङ्ग तथा डिजाइन सहित आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समय तालिका, खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गरी सोको प्रतिवेदन अर्थ मन्त्री समक्ष पेश गर्नु पर्ने ।

**(ख) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र दफा

२२ अनुसार राजश्व र व्ययको अनुमान पेश गर्दा मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

**(ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७**

**१. नियमावलीको नियम ११ बमोजिम मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया र समय सीमाः**
राष्ट्रिय योजना आयोगले ऐनको दफा ६ बमोजिम मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व हुनेगरी समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गरी माघ मसान्तभित्र तयार गर्नुपर्ने ।

१. केन्द्रिय निकायले उपनियम १ बमोजिमको मध्यमकालीन खर्च संरचनाको खाकाको आधारमा देहायको विवरण समावेश गरी मध्यमकालीन खर्च संरचना तयार गरी फागुन मसान्तभित्र योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्नेछः

क. आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रति एकाइ लागत, कार्यान्वयन अवधि र अपेक्षित प्रतिफल

ख. तीन आर्थिक वर्षको आयोजना वा कार्यक्रमगत अनुमानित वार्षिक बजेट

ग. गत आर्थिक वर्षको यथार्थ खर्च र चालू आर्थिक वर्षको विनियोजन सहितको बजेट खाका

घ. तीन आर्थिक वर्षमा हासिल हुने अपेक्षित प्रतिफल, असर र प्रभावसहितको नतिजा खाका

**नियमावलीको नियम १२ बमोजिम राष्ट्रिय स्रोत अनुमान समितिको गठनः**

ऐनको दफा ७ को उपदफा २ बमोजिमको राष्ट्रिय स्रोत अनुमान समितिको संरचना देहायबमोजिम हुनेः

| | | |
|---|---|---|
| क. | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | - संयोजक |
| ख. | सदस्य (समष्टिगत आर्थिक क्षेत्र हेर्ने) | -सदस्य |
| ग. | गभर्नर, नेपाल राष्ट्र बैंक | - सदस्य |
| घ. | सचिव अर्थ मन्त्रालय | - सदस्य |
| ङ. | महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | - सदस्य |
| च. | सदस्य-सचिव, योजना आयोग | - सदस्य-सचिव |

नियमावलीको नियम १३ मा राष्ट्रिय स्रोत अनुमान समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ ।

## १.६ आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था

### १.६.१ राष्ट्रिय विकास परिषद्

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश,२०७४ को दफा ७ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय विकास परिषद् रहने व्यवस्था छ । उक्त परिषद्मा नेपाल सरकारका मन्त्री, राज्यमन्त्री, संघीय संसदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सरकारका मुख्यमन्त्रीहरू, संघीय संसदका समितिका सभापतिहरू, नेपाल राष्ट्र बैंकका गभर्नर, प्रदेश सरकारका योजना हेर्ने मन्त्रालय वा निकायका प्रमुख सदस्यका रुपमा र जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रतिनिधिहरू, कानून बमोजिम स्थापना भएका विभिन्न संघ संस्थाका प्रतिनिधिहरू र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको विशेषज्ञ एवम् विज्ञहरूको प्रतिनिधित्व रहने गरी नेपाल सरकारबाट मनोनित पच्चीस जना सदस्य रहने व्यवस्था छ । दीर्घकालीन वा आवधिक विकास नीति वा योजना तर्जुमा गर्ने समयमा आयोगले तयार गरेको खाकामा सरोकारवाला सबै पक्षको छलफलका लागि परिषद्को बैठक बस्ने गरेको छ। यस परिषद्मा छलफल गरिसकेपछि मात्र परिषद्को निर्देशन अनुसार दीर्घकालीन विकास नीति वा आवधिक योजना नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रस्तुत गर्ने व्यवस्था रहेको छ।

### १.६.२ राष्ट्रिय विकास समस्या समाधान समिति :

विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्न र तिनको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयको काम गर्नका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रका रुपमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०४९/०४/८ को निर्णयानुसार राष्ट्रिय विकास समस्या समाधान समिति रहने संस्थागत व्यवस्था गरिए देखि हालसम्म यस समितिले परिवर्तित संरचना अनुसार नै कार्य गर्दै आएको छ। विशेषगरी यसले विभिन्न मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रम/आयोजनाहरूको कार्यान्वयन स्थितिको समीक्षा गर्ने, मन्त्रालयस्तरको विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने, कार्यक्रम/आयोजनाको कार्यान्वयन तहमा भएका अन्तर मन्त्रालय समन्वय सम्बन्धी विषय, नीतिगत एवम् कानुनी विषयवस्तुहरूका सम्बन्धमा देखिएका समस्याहरूको समाधान गर्ने, कार्यक्रम/आयोजनाको कार्यान्वयनमा देखिने गरेका एकै प्रकृतिका समस्याको स्थायी समाधानका लागि अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गराउने र प्राप्त सुझावका आधारमा नीतिगत निर्णय लिने, मन्त्रालयस्तरीय समस्या समाधान समिति र प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकी पेश

हुन आएका वा अन्तर प्रदेश प्रकृतिका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने वा निर्देशन दिने र संघ, प्रदेश र स्थानीय तहमा गरिने अनुगमन तथा मूल्यांकन समबन्धी कार्यको समन्वय गर्ने र सो सम्वन्धी आवश्यक निर्देशन दिने कार्य गर्दछ ।

उल्लेखित कार्यका लागि राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ अनुसार राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक प्रत्येक चौमासिक अवधि अन्त्य भएको अर्को महिनाको अन्तिम हप्ता (मंसिर, चैत्र, साउन) को उपयुक्त मितिमा बस्ने व्यवस्था रहेकोमा चालु आ.व देखि त्रैमासिक रुपमा बस्ने गरी निर्णय भएको । त्यसैगरी, मन्त्रालयस्तरबाट समाधान हुन नसकी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट समाधान गर्नुपर्ने प्रकृतिका समस्याहरूको बारेमा छलफल र विश्लेषण गरी समाधानका लागि उपयुक्त सुझाव तयार गर्न, समस्याग्रस्त र विशेषरुपमा अनुगमन गर्नुपर्ने कार्यक्रम तथा आयोजनाहरुको पहिचान गरी तिनीहरुको कार्यान्वयनका लागि आवश्यक निर्देशन दिन, अनुगमन तथा मूल्यांकनसँग सम्बन्धित विषयमा आवश्यक समन्वय र निर्देशन दिन राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान उपसमिति रहने व्यवस्था छ। सो उपसमितिको बैठक राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक बस्नुपूर्व बस्ने गर्दछ । प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय विकास समस्या समाधान समितिको संरचना र समितिबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था क्रमशः अनुसूची ३ र ४ मा उल्लेख गरिएको छ ।

### १.६.३. राष्ट्रिय स्रोत अनुमान समितिः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ (२) मा राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहने जसले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि सङ्घ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ। समितिले स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको वार्षिक र चालू आर्थिक वर्षको ६ महिनाको समष्टिगत आर्थिक परिसूचक, आगामी आर्थिक वर्षहरूमा उपलब्ध हुन सक्ने राजस्व, विकास सहायता र आन्तरिक ऋण लगायतका सङ्घीय सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा वस्तुनिष्ठ भई स्रोतको अनुमान गर्नु पर्ने र स्रोतको अनुमान भएपछि चालू वर्षको मध्यकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नु पर्दछ ।

केन्द्रीयस्तरमा अनुगमन एवम् अन्तर मन्त्रालय तथा निकायगत समन्वय गरी गरिबीको अवस्थाका बारेमा गरिने सर्वेक्षण, तथ्यांक संकलन र विश्लेषण तथा राष्ट्रिय स्तरको प्रतिवेदन तयारी सम्बन्धमा आवश्यक मार्गदर्शन दिन, प्रत्येक आर्थिक वर्षमा राष्ट्रिय योजना आयोग र मन्त्रालयहरुबाट प्रभाव मूल्यांकन गरिने संभाव्य नीति, कार्यक्रम तथा आयोजनाहरुको सिफारिस

गर्ने व्यवस्था छ । आयोगको गठन आदेशमा उल्लेखित काम, कर्तव्य र अधिकारका क्षेत्रभित्र रही माथि उल्लिखित संस्थागत तथा कार्यगत व्यवस्थाका अतिरिक्त आयोगले आफ्नो कार्य क्षेत्रभित्र पर्ने जिम्मेवारीहरू तथा नेपाल सरकारको निर्णयद्वारा आफूलाई सुम्पने कार्यजिम्मेवारी सम्पादन गर्ने क्रममा आयोगको बैठकबाट निर्णय गरी कार्य सम्पादन गर्दै आएको छ । आर्थिक वर्ष २०७९/८० को अवधिमा बसेको आयोगको बैठकले गरेका निर्णयहरू अनुसूची ५ मा प्रस्तुत गरिएका छन् ।

परिच्छेद – दुई

# राष्ट्रिय योजना आयोगबाट सम्पादित प्रमुख कार्यहरूः

## २.१ दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा र कार्यान्वयन समन्वय तथा सहजीकरण

- पन्ध्रौं योजनाको सोच, उद्देश्य प्राप्त गर्नका लागि अवलम्वन गरिएका रणनीतिहरूको प्रभावकारीता र योजनामा समावेश गरिएका समष्टिगत आर्थिक तथा समृद्धि र सुखका सूचकहरूको प्रगति अवस्थाको मूल्याङ्कन गरी आगामी अवधीमा योजनाको प्रभावकारी कार्यान्वयन गर्न र १६औं योजनाको आधार तयार गर्ने उद्देश्यले चालु पन्ध्रौं योजना (आ.व २०७६/७७-२०८०/८१) को मध्यावधी समीक्षाको विस्तृत प्रतिवेदन तयार गरी प्रकाशन गरिएको,

- १६औं योजना (आ.व २०८१/८२-२०८५/८६) को अवधारणा पत्र तर्जुमाका लागि राष्ट्रिय योजना आयोगका पूर्व पदाधिकारी तथा विभिन्न विषय क्षेत्रगत विज्ञहरू सहितको छलफल सम्बन्धी कार्यशाला तथा अवधारणा पत्रको मस्यौदा तयार भएको,

- आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता ल्याउँदै विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्ने महत्वपूर्ण औजारको रूपमा मध्यमकालीन खर्च संरचना रहेको । पन्ध्रौं योजनाको साथै अर्थतन्त्रमा आन्तरिक तथा वाह्य क्षेत्रको विद्यमान अवस्थाको आधारमा MIS मा आधारित मध्यमकालीन खर्च संरचना (आ.व.२०८०/८१-२०८२/८३) तथा वार्षिक विकास कार्यक्रम २०८०/८१ तर्जुमा गरिएको । सोको तयारी गर्नका लागि सम्पन्न भएका मुख्य कार्य निम्नानुसार रहेका छन्ः-

    - मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि विभिन्न मन्त्रालय तथा निकायका योजना महाशाखासँग सम्बन्धित कर्मचारीलाई क्षमता विकास तालिम सञ्चालन तथा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न आवश्यक समन्वय गरेको,

    - आ.व.२०८०/८१ को बजेटमा नीतिगत तथा खर्च शिर्षकगत छलफल कार्यको समन्वय तथा सहजीकरण एवम् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम बजेट सम्बन्धी मन्त्रालयगत छलफल गरेको,

- बजेट सम्बन्धी मन्त्रालयगत छलफल र विषय क्षेत्रगत महाशाखाबाट प्राप्त सुझावको आधारमा प्रतिवेदन तयार गरी माननीय अर्थमन्त्री समक्ष पेश गरेको,
- आ.व.२०८०/८१ को वार्षिक कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) को खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९ प्रकाशन गरेको,
- मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१-२०८२/८३) तथा वार्षिक विकास कार्यक्रम (आ.व. २०८०/८१) MTEF–MIS मा तयार तथा आधारित रहेर प्रकाशन गरेको,

- राष्ट्रिय स्रोत अनुमान समितिको प्रतिवेदन तयार तथा सोही आधारमा आ.व. २०८०/८१ को बार्षिक बजेट छलफल प्रतिवेदन तयार गरी माननीय अर्थमन्त्री समक्ष पेश गरेको,
- विद्युत खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरण कार्ययोजना सम्बन्धमा राय सुझाव प्रदान गरी ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई पठाईएको,
- सिंचाइ नीति, २०८० र जल उत्पन्न विपद व्यवस्थापन नीति, २०८० को मस्यौदामा राय सुझाव प्रदान गरी ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई पठाईएको,
- खाद्य प्रणाली रुपान्तरण रणनीतिक योजना तर्जुमा गरी राष्ट्रिय योजना आयोगको मिति २०७९ पुस ८ को निर्णयबाट स्वीकृत गरिएको छ । उक्त रणनीतिक योजनालाई सरोकारवाला मन्त्रालयबाट राय र सहमति लिई मन्त्रिपरिषद्बाट स्वीकृत प्राप्त गर्नका लागि पेश गरेको,
- नेपालले United Nations Food Systems Coordination Hub मा खाद्य प्रणाली रूपान्तरणका क्रियाकलापहरूलाई स्थानीयकरण गर्न प्रस्ताव पेश गरेको र उक्त प्रस्ताव स्वीकृत भएको,
- राष्ट्रिय स्रोत अनुमान समिति अन्तर्गतको प्राविधिक समितको बैठक सञ्चालन, समष्टिगत आर्थिक अवस्था तथा यस सम्बन्धी सवालको विश्लेषण सहित राष्ट्रिय स्रोत अनुमान समितिको बैठकमा प्रतिवेदन पेश गरेको,

- विश्व अर्थतन्त्र सहित नेपालको अर्थतन्त्रको समग्र अवस्था, आगामी तीन आर्थिक वर्षको आर्थिक वृद्धि र लगानी लगायतका समष्टिगत आर्थिक परिसूचक सहित तीन वर्षको राष्ट्रिय स्रोत अनुमान तथा खर्चको प्रक्षेपण र वित्तीय हस्तान्तरणको त्रिवर्षीय अनुमान, मन्त्रालयगत बजेट सीमा तथा राष्ट्रिय गौरवका आयोजना र बहुवर्षीय आयोजना तथा कार्यक्रमको स्रोत सुनिश्चितता (Earmark) लगायतका विवरण रहेको राष्ट्रिय स्रोत अनुमान समितिको प्रतिवेदन तयार गरेको,

- राष्ट्रिय स्रोत अनुमान समितिले तयार गरेको बजेट सीमा सहित आगामी आर्थिक वर्षको बजेट तर्जुमा मार्गदर्शन र बजेट सीमा निर्धारण गरी मन्त्रालयमा पठाईएको,

- सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायीत्व (PEFA) को विषयगत समितिमा रहि सार्वजनिक खर्च व्यवस्थापनका विभिन्न पक्षहरूमा छलफल गरी प्रतिवेदन तयार गरेको,

- सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०७९ को मस्यौदामा अर्थ मन्त्रालयमा राय, सुझाव तथा पृष्ठपोषण प्रदान गरेको,

- नेपाल सरकारको शेयर तथा ऋण लगानी सम्बन्धी नीति, २०७९ को मस्यौदामा अर्थ मन्त्रालयमा राय, सुझाव तथा पृष्ठपोषण प्रदान गरेको,

- मौद्रिक नीति २०८०/८१ तर्जुमाका लागि नेपाल राष्ट्र बैङ्कलाई राय, सुझाव उपलब्ध गराइएको,

- वित्त नीति तथा आर्थिक ऐनमा अर्थ मन्त्रालयमा राय परामर्श प्रदान गरिएको,

- नेपालस्थित संयुक्त राष्ट्रसंघ आवासीय संयोजकको कार्यालयको सहकार्यमा "SDG Acceleration Visioning Workshop" कार्यशाला संचालन भएको,

- आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड तर्जुमा भएको,

- नेपाल सरकारले तीन तहमा सञ्चालन गर्ने आयोजना वर्गीकरणको आधार तथा मापदण्डको मस्यौदा तर्जुमा गरी मन्त्रिपरिषदबाट स्वीकृतिको लागि प्रधानमन्त्री तथा मन्त्रिपिरषदको कार्यालयमा पेश गरिएको,

- राष्ट्रिय खानेपानी सरसफाइ तथा स्वच्छता नीतिको मस्यौदा उपर राय सुझाव खानेपानी मन्त्रालयलाई पठाएको,

- व्यापार घाटा न्यूनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना २०७९ मा राय सुझाव दिइएको,
- राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०७९ मा राय सुझाव दिइएको,
- राष्ट्रिय आपूर्ति नीति, २०७९ मा राय सुझाव दिइएको,
- नेपाल व्यापार एकीकृत रणनीति,२०७९ मा राय सुझाव दिइएको,
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन नीति, २०७९ को मस्यौदा मा राय सुझाव दिइएको,
- राष्ट्रिय ज्येष्ठ नागरिक नीति, २०८० मा राय/सुझाव प्रेषित गरिएको,
- एन्टिमाइक्रोबियल रेसिस्टेन्स कार्ययोजनामा राय/सुझाव प्रेषित गरिएको,
- राष्ट्रिय स्वास्थ्य वित्त रणनीति २०७९-२०८९, मा राय सुझाव प्रदान गरिएको,
- राष्ट्रिय पुस्तक नीति २०७९ को मस्यौदामा राय, प्रतिक्रिया प्रदान गरिएको,
- कोभिडको कारणले भएको शिक्षण सिकाईको क्षति घटाउन तयार गरिएको Recovery and Accelerated Learning Plan 2023–2028 को मस्यौदामा राय सुझाव उपलब्ध गराइएको,
- प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार ल्याउन तयार गरिएको TVET Sector Strategic Plan 2023–2032 नीतिको मस्यौदामा राय सुझाव उपलब्ध गराइएको,

## २.२ अनुगमन तथा मूल्याङ्कन

- राष्ट्रिय अनुगमन ट्र्याकिङ सूचना प्रणाली विकास गर्ने सम्बन्धी अवधारणा पत्र २०७९ स्वीकृत भएको,
- पशुपति क्षेत्र विकास कोषको स्थलगत अवलोकन गरि भौतिक वित्तीय प्रगतिको अवस्था सहितको अनुगमन मुल्याङ्कन प्रतिवेदन तयार पारिएको,
- दोस्रो एकीकृत राष्ट्रिय मूल्याङ्कन कार्ययोजना तयार गरी आयोगमा पेश भएको,

- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी उच्च स्तरीय जनशक्ति (सहसचिव स्तर) लाई २ दिने क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको,

- अनुगम तथा मूल्याङ्कन क्षेत्रमा आयोग तथा विभिन्न मन्त्रालयमा कार्यरत २८ जनशक्तिहरूलाई ३ दिने अनुगमन तथा मूल्याङ्कन सम्बन्धी ३ दिनको आवासीय क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको,

- एकद्वार सङ्कट व्यवस्थापन केन्द्र कार्यक्रमको आन्तरिक मूल्याङ्कनको स्थलगत भ्रमण गरिएको ।

## २.३ तहगत समन्वय एवं सहकार्यात्मक संघीयता सुदृढीकरण

- राष्ट्रिय तथ्यांक कार्यालयसँगको सहकार्यमा सबै प्रदेश र स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (National Data Profile) मा दिगो विकास लक्ष्यका सूचकहरुको प्रविष्टि तथा स्थानीयकरण सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिएको,

- प्रदेशस्तरीय मध्यमकालीन खर्च संरचना तथा बार्षिक बजेट तर्जुमा सम्बन्धी कार्यशाला तथा तालिम कार्यक्रम सञ्चालन गरिएको,

- आयोग र विषय क्षेत्रगत मन्त्रालय एवम् प्रदेश सरकारका कर्मचारीका लागि मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्यको आन्तरिकीकरण र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको,

- प्रदेशगत मध्यमकालिन खर्च संरचना तर्जुमा कार्यका लागि आर्थिक वृद्धि सहितको समष्टिगत आर्थिक खाका तथा नतिजा खाका तयारी सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिएको,

- स्थानीय तहमा National Data Profile तथा दिगो विकास स्थानीयकरण सम्बन्धी अभिमूखीकरण गरिएको,

- कोलोम्बो प्लान सदस्य राष्ट्रहरुलाई स्नातकोत्तर तहमा अध्ययनका लागि प्रदान गरिने KDI Scholarship र Chulabhorn Graduate Institute Scholarship का लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार र आवश्यक सहजीकरण गरिएको,

- DESA, ESCAP, कोलोम्बो प्लान, आदिको सम्बन्धित मन्त्रालयसँग समन्वय र पत्राचार गरिएको,

- मिति २०७९ भदौ २९ गते चौथो खाद्य प्रणाली सम्वादको आयोजना गरिएको र उक्त सम्वादबाट खाद्य प्रणाली रूपान्तरणका लागि विशिष्ट क्रियाकलापहरू पहिचान गरिएको। सम्वाद आयोजना गर्नु अगाडि छ वटा कार्यसमूह र खाद्य प्रणाली निर्देशक समितिको बैठक सम्पन्न गरिएको,

- आ.व. २०८०/०८१ को वार्षिक योजना तथा कार्यक्रममा योजना खाद्य प्रणाली रूपान्तरणका क्रियाकलापमा कार्यहरू समावेश गर्न सातवटै प्रदेशमा योजना तर्जुमा गोष्ठी सञ्चालन गरिएको । त्यसै गरी, २०८० जेठमा खाद्य प्रणाली रूपान्तरणका क्रियाकलापलाई प्राथमिकता दिनको लागि प्रदेशका सम्बन्धित निकायहरूसँग सहजीकरण गरिएको,

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग कार्यक्रम र नीति तथा योजनाका सम्बन्धमा विभिन्न बैठकमा प्रतिनिधित्व, समन्वय तथा सहयोग गरेको,

- बहुक्षेत्रीय पोषण योजना तेस्रो तर्जुमाको सन्दर्भमा सातै प्रदेशमा छलफल तथा अन्तरक्रिया, Deprivation and Causality analysis, Theory of Change, Result Framework सम्बन्धी अन्तरक्रिया गोष्ठी संचालन गरिएको,

- एक सय वटा स्थानीय तहको लागि स्थानीय तह आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको विकास गरी हस्तान्तरण गरिनुका साथै तत् स्थानीय तहमा आयोजना बैंक सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको,

- सात वटा प्रदेशमा प्रदेश आयोजना बैंकको कार्यान्वयनको सम्बन्धमा छलफल भएको,

- एकीकृत राष्ट्रिय रोजगार प्रणालीको ढाँचा निर्माणमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग आवश्यक सहकार्य गरी अन्तिम स्वरुप प्रदान गरिएको,

- प्रदेश सरकारसंग विकास सम्बन्धी नीति, योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण सम्बन्धी छलफल कार्यक्रम २०७९ साल भाद्र तथा चैत्र महिना गरी जम्मा दुई पटक सम्पन्न भएको,

- स्थानीय तह (६ वटा महानगरपालिकाहरु)संग विकास सम्बन्धी नीति, योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण सम्बन्धी छलफल कार्यक्रम २०७९ साल भाद्रमा एक पटक सम्पन्न भएको,

- सामाजिक आर्थिक रुपान्तरणका लागि प्राविधिक शिक्षा संचालन गर्न अनुमति पाउने व्यवस्थाको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखि पठाइएको,

- राष्ट्रिय विकास समस्या समाधान समितिको ४५ औ बैठकको निर्णयानुसार श्रम, रोजगार, सामाजिक तथा सामाजिक मन्त्रालयले तयार गर्नु पर्ने सामाजिक संरक्षणको एकीकृत राष्ट्रिय संरचनामा सम्बन्धित मन्त्रालयहरुको राय समाबिष्ट गरी राष्ट्रिय संरचनाको मस्यौदा तर्जुमा गरीएको,

- राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकको निर्णय अनुसार विद्यालय शिक्षामा स्रोत साधनको उचित व्यवस्थापन, गुणस्तर अभिवृद्धि र प्रभावकारी सुपरीवेक्षणको व्यवस्थाका लागि सुझाव दिन आयोगमा सम्बन्धित क्षेत्र (शिक्षा, विज्ञान तथा प्रविधि) हेर्ने माननीय सदस्यज्यूको संयोजकत्वमा गठित समितिका प्रतिवेदन तयार गरिएको,

- राष्ट्रिय विकास समस्या समाधान समितिको ४९ औं बैठकको निर्णय अनुसार उच्च शिक्षाको नियमन तथा सञ्चालनमा देखिएको दोहोरोपन हटाउनका लागि आवश्यक कार्यढाँचा सहितको प्रतिवेदन तयार गर्न आयोगमा सम्बन्धित (शिक्षा, विज्ञान तथा प्रविधि) हेर्ने माननीय सदस्यज्यूको संयोजकत्वमा गठित समितिका अन्तिम प्रतिवेदन तयार गरिएको,

- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय जनशक्ति नीतिको मस्यौदा तयार गर्न गठित निर्देशक समिति र कार्य समितिमा रही काम गरेको,

- लगानी तथा व्यवसायिक वातावरण र उर्जा खपतका क्षेत्रमा सुधारका लागि चाल्नुपर्ने कदमहरु सम्बन्धमा राय सुझाव प्रदान गरिएको,

- वन तथा वातावरण मन्त्रालय मातहत रहेको अत्याधुनिक हर्वेरियम भवन निर्माणका लागि श्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालय पठाईएको,

- ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मातहत रहको जलस्रोत संरक्षण आयोजना P1 अन्तर्गत बाग्मती आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा स्वीकृती प्रदान गरिएको ।

## २.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण

- दिगो विकास लक्ष्यका सूचकहरुको पुनरावलोकन भई परिमार्जित सूचकहरू सम्बन्धी "SDGs: Revised Indicators" नामक प्रतिवेदन तयार भएको,
- दिगो विकास लक्ष्य सम्बन्धी "SDGs: Leave No One Behind" नामक प्रतिवेदन तयार भएको,
- राष्ट्रिय विकास समस्या समाधान समितिको ४९ औं बैठकको निर्णयको बुँदा नं २ बमोजिम सरकारको लगानीमा सञ्चालित ३३ के.भी. विद्युत प्रसारण आयोजनाका लागि गर्नुपर्ने प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को प्रक्रिया अत्यन्तै झन्झटिलो र कठिन प्रकृतिको भएकोले आयोजना निर्माणमा समस्या देखिएको हुँदा सो समस्या समाधानका लागि आयोगका माननीय सदस्य डा सलोनी प्रधानज्यूको संयोजकत्वमा वन तथा वातावरण मन्त्रालय र ऊर्जा जलस्रोत र सिंचाइ मन्त्रालयका सचिव सदस्य रहेको समितिले अध्ययन गरी प्रतिवेदन पेश गरेको,
- AISN द्वारा National Guideline on climate smart village प्रतिवेदन सम्बन्धी अध्ययन गरेको,
- AISN द्वारा Effectiveness of the National Pride and Big Irrigation project on Agricultural Production in Nepal सम्बन्धी अध्ययन गरेको,
- AISN द्वारा River training situation in major Rivers of Nepal सम्बन्धी अध्ययन गरेको,
- असोज अंक र माघ अंकको विकास पत्रिका प्रकाशन गरिएको,
- वार्षिक रूपमा पेश गर्नुपर्ने LDC Monitoring Report तयार गरी विकास नीति समिति (Committee for Development Policy) मा प्रेषित गरिएको,
- अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नतिसम्बन्धी रणनीति अर्थात् Smooth Transition Strategy को मस्यौदा तयार गरिएको,
- United Nations Food Systems Coordination Hub लाई खाद्य प्रणाली रुपान्तरणका लागि हालसम्म भएका प्रगति र खाद्य प्रणाली रूपान्तरणका सफलताका कथाहरू २०८० वैशाखमा पठाईएको,

- १६ औँ योजनाको अवधारणापत्रको तयारी सम्बन्धी विज्ञहरुसँग छलफल गरी प्राप्त पृष्ठपोषण र सुझावहरु अवधारणापत्रमा समावेश गर्ने प्रयोजनार्थ पेश गरिएको,
- राष्ट्रिय योजना आयोग, विश्व खाद्य कार्यक्रम र UK Met को सहकार्यमा जलवायु परिवर्तनबाट जीविकोपार्जनमा पर्ने असरको बारेमा विश्लेषण गर्न CLEAR (Consolidated Livelihood Exercises of Analyzing Resilience) अध्ययन गरिएको,
- राष्ट्रिय योजना आयोग, खाद्य तथा कृषि संगठन र विश्व खाद्य कार्यक्रमको सहकार्यमा युक्रेन युद्धबाट नेपालको खाद्य सुरक्षामा पर्ने प्रभावको विषयमा अध्ययन कार्य सम्पन्न भएको,
- राष्ट्रिय योजना आयोग र खाद्य तथा कृषि संगठनको सहकार्यमा खाद्य प्रणालीको अनुगमन तथा मूल्याङ्कनको खाका तयार गरिएको,
- कोभिड-१९ महामारीको कारण रोजगार तथा सामाजिक सुरक्षाको क्षेत्रमा परेको प्रभावको अध्ययन प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरिएको,
- SDG 10.7, 10(c), 8.8.1, and 8.8.2 को Baseline Indicator को तयारीको लागि अन्तराष्ट्रिय श्रम संगठन र राष्ट्रिय तथ्याङ्क कार्यालयसँग सहजीकरण गरिएको,
- राष्ट्रिय योजना आयोगको मिति २०७९।०३।०७ को निर्णयानुसार सडक तथा पुल निर्माणमा संलग्न व्यवसायीहरूको कार्यक्षमता अध्ययन लागि राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूको संयोजकत्वमा सम्बन्धित मन्त्रालयहरूका सचिव सदस्य र आयोगका पुर्वाधार तथा उत्पादन महाशाखा प्रमुख सदस्य सचिव-रहेको एक समिति गठन भई प्रतिवेदन पेश गरिएको,
- AISN Project बाट अध्ययन भएका तपसिल बमोजिमका विषयमा राय सुझाव प्रदान गरिएको:
  - Prepare National SDG Framework for Infrastructure Sector,
  - Prepare an action plan to operationalize integrated transport management aligned with SDGs,
  - Study on Quality Transportation status in Nepal,

- ILO / UN Women Joint Program अन्तर्गत Promoting Decent Employment for Women though Inclusive Growth Policies and Investments in the Care Economy अन्तर्गत संघ र प्रदेश तहमा तालिम, लगाएतका बृहद आर्थिक नीति विश्लेषण तथा प्यानल, Care Coverage Gap, Costing and returns सम्बन्धी अध्ययन तथा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको,
- AISN आयोजनाको सहयोगमा निम्न लिखित अध्ययनहरु गरिएको:
  - Study on the Status of Sex worker in Nepal,
  - Study of the situation of women in the Bureaucracy and white collar Jobs in the Private Sectors,
  - नेपालमा जेष्ठ नागरिकको अवस्था सम्बन्धी अध्ययन,
  - नेपालमा लैङ्गिक तथा यौनिक अल्पंख्यक समुदायको अवस्थाको अध्ययन,
  - Study on the status of Health in Nepal,
  - Study on the Access to Health Services in Nepal,
  - Leave No one Behind National Framework तर्जुमा,
- नेपालबाट विदेशमा गई अध्ययन गर्ने विद्यार्थीहरुले वैदेशिक अध्ययन अनुमति पत्र (NOC) लिनुपर्ने प्रावधान शुरु भएदेखि हालसम्मको अवस्थालाई मध्यनजर राखी जानकारी प्राप्त हुने गरी विस्तृत अध्ययन गरी वा त्यस मन्त्रालय अन्तर्गतका सम्बन्धित निकायबाट अध्ययन गराई सोको अध्ययन प्रतिवेदन आयोगमा उपलब्ध गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी पठाइएको,
- Accelerating Implementation SDGs in Nepal (AISN) परियोजनाको प्राविधिक सहयोगमा समग्र मानव संसाधन विकास योजनाको लागि अध्ययन गरी प्रतिवेदन तयार गर्न आवश्यक सहजीकरण गरिएको,
- Accelerating Implementation SDGs in Nepal (AISN) परियोजनाको प्राविधिक सहयोगमा गरिएको Study for Preparation of Action Plan for Increasing Access to Electricity and Internet Services in Community Schools लाई सम्पन्न गर्न आवश्यक सहजीकरण गरिएको ।

## २.५ आयोगबाट सम्पादन गरिएका अन्य कार्यहरु:

### २.५.१ विविध कार्य/ समन्वय तथा सहजीकरण

- "दिगो विकास लक्ष्यको कार्यान्वयन अवस्था र सांसदहरुको भूमिका" सम्बन्धी राष्ट्रिय सभाका माननीय सांसदज्यूहरुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको,
- २०७९ चैत्र २४ गते सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा दिगो विकास लक्ष्यको राष्ट्रिय निर्देशक समितिको बैठक बसेको,

- वित्तीय क्षेत्र सुधार आयोजनाको कार्यान्वयन एकाइको रूपमा कार्य गरेको,
- विषय क्षेत्रगत मन्त्रालयबाट गठन भएका निर्देशक समितिमा पदेन सदस्यको रुपमा प्रतिनिधित्व गरेको,
- Social Accounting Matrix (SAM) प्रतिवेदन स्वीकृत भएको,
- नेपाल सरकार तथा विश्वबैंकबीच साझेदारीमा सञ्चालित दोस्रो पुलसुधार तथा मर्मत सम्भार कार्यक्रम कार्यान्वयन, समन्वय र सहजीकरण गरिएको ।

### २.५.२ बहुबर्षीय ठेक्का स्वीकृतिः

- आ.व. २०७९/८० मा १६ ओटा सडक आयोजनाहरुलाई बहुवर्षीय ठेक्का स्वीकृति प्रदान गरिएको,
- लम्कीचुहा सहलगानी खानेपानी तथा सरसफाई आयोजना, कैलालीको बहुबर्षीय ठेक्काको स्वीकृति प्रदान गरिएको,
- भैमाल गोठाटार सहलागानी खानेपानी तथा सरसफाई आयोजना काठमाडौंको बहुबर्षीय ठेक्काको स्वीकृति प्रदान गरिएको,
- त्रिशूलीबजार ढल निर्माण तथा प्रशाधन आयोजना बहुबर्षीय ठेक्काको स्वीकृति प्रदान गरिएको,
- गोठाटारमा बृद्धाश्रम निर्माण सम्बन्धी आयोजनालाई बहुबर्षीय ठेक्काको सहमति प्रदान गरिएको ।

### २.५.३ कार्यक्रम/कार्यशाला/वैठक/गोष्ठी

- नेपालस्थित संयुक्त राष्ट्रसंघ आवासीय संयोजकको कार्यालयको सहकार्यमा “SDG Acceleration Visioning Workshop” कार्यशाला संचालन भएको,
- ESCAP / ESCAP South and South West Asia Office (SSWA) को सहकार्यमा १८-२० अप्रिल,२०२३ सम्म “Sub-Regional Workshops on Structural Transformation towards Sustainable Graduation from LDC Category” नामक कार्यशाला आयोजना गरिएको,
- United Nations Food Systems Summit +2 Stocking Moment को तयारीको लागि खाद्य प्रणाली निर्देशक समितिको चौथो बैठक सम्पन्न गरिएको,
- प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८, को सन्दर्भमा प्रारम्भिक बालविकासका विभिन्न क्षेत्रमा कार्यरत गैरसरकारि संघसंस्थाका सञ्जालहरूलाई उक्त रणनीति सम्बन्धमा प्रबोधिकरण गर्ने तथा रणनीतिको कार्यान्वयनमा उनीहरूको भूमिका प्रष्ट पार्नको लागि UNICEF को आयोजनामा राष्ट्रिय योजना आयोगको सहआयोजक भई गोष्ठी संचालनमा सहजीकरण तथा समन्वय गरिएको,

- UNICEF र सेतो गुराँसको प्राविधिक सहयोगमा देशका विभिन्न १४ वटा पालिकाहरुमा संचालित प्रारम्भिक बाल विकास कार्यक्रमको समीक्षामा सहभागी भई पृष्ठपोषण प्रदान गरिएको,
- SUN Business Network Group गठन तथा सो सम्बन्धी बैठक सञ्चालन गरिएको,
- बहुक्षेत्रीय पोषण योजना तेस्रोको मस्यौदामा राय/सुझाव सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरिएको ।

## २.५.४ अन्तराष्ट्रिय सहभागिता

- थाइल्याण्डको बैंककमा २७ - ३० मार्च, २०२३ सम्म "10th Asia–Pacific Forum on Sustainable Development" मा माननीय उपाध्यक्षज्यूको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाएको,

- संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा १०-१९ जुलाई, २०२३ मा सम्पन्न High–Level Political Forum on Sustainable Development मा माननीय उपाध्यक्षज्यूको नेतृत्वमा उच्चस्तरीय प्रतिनिधिमण्डलले सहभागिता जनाएको,

- थाइल्याण्डको बैंककमा २३-२५ अगस्त, २०२२ सम्म UNDESA, ESCAP, OHRLLS, र संयुक्त राष्ट्रसंघ आवासीय संयोजकको कार्यालयको सह-आयोजनामा "South–South Exchange on Preparing Smooth Transition Strategy for LDC Graduation" मा राष्ट्रिय योजना आयोगका सचिवज्यूको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाएको,

- कतारको दोहामा ५-९ मार्च २०२३ सम्म "From Potential to Prosperity" विषयक 5th United Nations Conference on the LDCs मा Doha Programme of Action सम्बन्धी माननीय उपाध्यक्षज्यूको नेतृत्वमा उच्चस्तरीय प्रतिनिधिमण्डलले सहभागिता जनाएको,

- २८-३० सेप्टेम्बर २०२२ सम्म थाइल्याण्डको बैंककमा आयोजना भएको 3rd Ministerial Conference on Regional Economic Cooperation and Integration in Asia and the Pacific मा माननीय उपाध्यक्षज्यूले सहभागिता जनाउनुभएको,

- UNFSS+2 Stocktaking Moment तयारीको सन्दर्भमा मिति २०२३ मार्च ३० मा आयोजना गरिएको Asia–Pacific Regional Preparatory Meeting को तयारीका कार्यहरू सम्पन्न गरिएको । उक्त बैठकमा राष्ट्रिय योजना आयोगका सचिवज्यूले भाग लिनु भएको,

- United Nations Food Systems Coordination Hub बाट सञ्चालन गरिएका Food System Solution Dialogue (Virtual) रुपमा सहभागी भएको,

परिच्छेद -तीन

# समस्या तथा चुनौतीहरू

## ३.१ विकास व्यवस्थापनको विद्यमान अवस्था, समस्या तथा संभावना एवम् प्राथमिकता

### ३.१.१. विकास व्यवस्थापनको विद्यमान अवस्था:

विकास व्यवस्थापन विकासले अपेक्षा गरेको उपलब्धि प्राप्तिका लागि गरिने प्रक्षेपण, संरचना निर्माण, विकास कार्यको परिचालनको प्रयास हो । यसभित्र साधनस्रोतको उपलब्धताका आधारमा उपलब्धिमा रूपान्तरण गर्नुपर्ने र सामाजिक, प्राविधिक र अन्य सामयिक परिवर्तनको सन्दर्भमा विकासका प्रयासमा पनि तदनुरूप क्रमिक सुधार आउनुपर्ने विषय पर्दछन् । साथै विभिन्न निकाय र तहगत सरकारबीच समन्वय, सहकार्य र साझेदारीका विषय पनि यस भित्र समेटिएको हुन्छ ।

नेपालको सन्दर्भमा विकास व्यवस्थापनका क्षेत्रमा नीतिगत, संस्थागत, व्यवस्थापकीय पक्षहरुमा निम्न अवस्था रहेको पाइन्छ ।

**(क) नीतिगत व्यवस्था:**

आवधिक तथा वार्षिक योजना पद्धति संस्थागत भएको आधा शताव्दी भन्दा बढी अवधि व्यतित भैसकेको छ । हालसम्म चौधवटा आवधिक योजनाहरु कार्यान्वयनमा आइसकेका छन् । पन्ध्रौ योजना कार्यानव्यनकै अवस्थामा रहेको छ । यस सम्बन्धी विभिन्न कानुन तथा नीति र रणनीतिहरु निर्माण भई कार्यान्वयनमा पनि रहेका छन् । बजेट तर्जुमा र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी दिग्दर्शनहरु जारी भई लागू भएका छन् । हाल दिगो विकास लक्ष्य, पन्ध्रौं योजना लगायत क्षेत्रगत नीतिहरु पनि कार्यान्वयनमा आएका छन् ।

**(ख) संस्थागत व्यवस्था:**

विकास व्यवस्थापनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, विषय क्षेत्रगत मन्त्रालय तथा मातहतका निकाय र तत् तत् निकायमा योजना, अनुगमन तथा मूल्याङ्कन गर्नका लागि महाशाखा/शाखा रहेका छन् । संघ, प्रदेश तथा स्थानीय सरकार र सम्बन्धित निकायहरु पनि विकास व्यवस्थापनमा सक्रिय रहेका छन् ।

**(ग) व्यवस्थापकीय व्यवस्थाः**

विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन त्रिवर्षीय मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट कार्यान्वयनमा रहेका छन् । संविधानको अनुसूचिमा निर्दिष्ट अधिकार बमोजिम विगतमा केन्द्रबाट सञ्चालन भइरहेका विकास योजना प्रदेश र स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएको छ भने प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण, समपूरक र विशेष अनुदान प्रदान गरिएको छ । यसरी विनियोजित विकास व्यवस्थापनका श्रोतहरुको लगानी र यसका परिमाण सम्बन्धी गहन अध्ययन र विश्लेषण हुन सकेको छैन ।

यस परिच्छेदमा राष्ट्रिय योजना आयोगले आफ्नो काम कारवाहीको सिलसिलामा अनुभूत गरेका विकास व्यवस्थापनको विद्यमान अवस्था, विकास व्यवस्थापन सम्बन्धी समस्या, विकास व्यवस्थापनको सम्भावना तथा प्राथमिकता, प्रमुख समस्या तथा चुनौतीहरू, विद्यमान योजना तथा बजेट प्रणाली, योजना तथा बजेट प्रणालीका कमजोरी र योजना तथा बजेटबाट अपेक्षित लक्ष्य प्राप्तिका लागि चाल्नुपर्ने सुधारको विषय समावेश गरिएको छ ।

### ३.१.२. विकास व्यवस्थापन सम्बन्धी  समस्याहरु

(क) योजना तर्जुमालाई यथार्थपरक, अनुमानमा आधारित, कार्यान्वयन योग्य, नतिजामूलक र आवश्यकतामा आधारित बनाई कार्यान्वयन पद्धतिसँग जोड्न नसकिनु, योजना, कार्यक्रम तथा आयोजना तर्जुमामा कमी कमजोरीका रुपमा रहेका छन् ।

(ख) आयोजनाहरुको पुर्व तयारी, आयोजना पहिचान, लागत-लाभ विश्लेषण तथा मूल्याङ्कन, वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत आयोजना प्रतिवेदन तयारी लगायतका आयोजना तयारी सम्बन्धी कार्य सम्पन्न नभई कतिपय आयोजना बजेटमा समावेश गर्ने प्रवृत्ति विद्यमान छ ।

(ग) अधुरा आयोजनाहरु सम्पन्न नभइ नयाँ आयोजना थप गर्ने प्रवृति देखिन्छ । Predecessor Task को रुपमा आयोजनाहरुको प्राथमिकीकरण र क्रमिकरण गर्न नसकिएको । सबै आयोजनाहरु एकैपटक कार्यान्वयनमा ल्याउँदा आयोजनाका लागि पर्याप्त बजेट तथा स्रोत साधनको व्यवस्था नहुने, आयोजना संख्यामा निरन्तर बृद्धि, समयमै सम्पन्न नहुने जस्ता समस्या रहेका छन् ।

(घ) आयोजना व्यवस्थापनमा आयोजना कार्यान्वयनको लागि विस्तृत कार्ययोजनाको तयारी र सो अनुसारका क्रियाकलाप समय तालिका अनुसार नहुनु, निर्णय प्रक्रियामा ढिलाई हुनु, वन क्षेत्र तथा जग्गा प्राप्तिमा कानुनी,  प्रक्रियागत तथा व्यवहारिक जटिलता रहनु, समयमा निर्माण सामग्रीको अभाव जस्ता समस्या देखा परिरहेका छन् ।

(ङ) विकास व्यवस्थापनको लागि आवश्यक पर्ने प्राविधिक तथा दक्ष जनशक्तिको अभाव, कार्यरत कर्मचारीहरूमा उत्प्रेरणाको कमी, कमजोर प्रोत्साहन व्यवस्था र दण्ड तथा पुरष्कार व्यवस्था प्रभावकारी नभएकाले कार्यसम्पादन स्तर कमजोर रहेको छ ।

(च) विकास निर्माण तथा सेवा प्रवाह कार्यमा संलग्न निर्माण व्यवसायी, परामर्शदाता र सेवा प्रदायक संस्थाको क्षमता कमजोर तथा सम्झौताको शर्तहरूको परिपालनामा समस्या रहेकोले कतिपय आयोजनाहरु समयमा सम्पन्न गर्ने र लागत प्रभावकारी बनाउन सकिएको छैन ।

(छ) विकास निर्माणमा योजना तर्जुमा देखि कार्यान्वयन र लाभ वितरण सम्मका चरणमा निजी, सहकारी र सामुदायिक क्षेत्रको प्रभावकारी तथा सक्रिय सहभागिता सुनिश्चित गर्न सकिएको छैन ।

(ज) राष्ट्रिय गौरवका तथा रुपान्तरणकारी आयोजना छनौट, घोषणा, कार्यान्वयन तथा अनुगमन निर्धारण गर्ने सम्बन्धमा स्पष्ट कानुनी आधार र मापदण्ड नभएको हुँदा आयोजना व्यवस्थापनमा समस्या आएकोछ ।

(झ) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारी नगरी नै कार्यान्वयनमा लैजाने र खरिद गुरूयोजना अनुसार बजेट विनियोजन नभएका कारण अनन्तकालसम्म आयोजना कार्यान्वयनकै चरणमा रहने हुँदा श्रोत साधन र समयको कुशलता तथा आयोजनाको उपादेयता माथि नै प्रश्न उठेको छ ।

(ञ) अधिकांश निकायहरूले मध्यमकालीन खर्च संरचना तर्जुमा तथा आवधिक योजनाको नतिजा खाकाका आधारमा प्रगति समीक्षा गर्ने सम्बन्धमा गम्भीरतापूर्वक कार्यान्वयन नगरी औपचारिकता मात्र निर्वाह गर्ने गरेका छन् ।

(ट) राष्ट्रिय विकास समस्या समाधान समितिका निर्णयहरु सम्बन्धित निकायहरुले जिम्मेवारीपूर्वक समयमा सम्पन्न गर्ने कार्यमा कम महत्व दिएको र कतिपय निकायले आयोगबाट स्वीकृत ढाँचा अनुसारको विभिन्न फाराम प्रयोग गर्ने नगरेको र गरेपनि आयोगले मागेको सूचना तथा प्रतिवेदन तोकिएको ढाँचामा समयमा नपठाइदिँदा समीक्षा तथा मूल्याङ्कन गर्न कठिनाई भैरहेको छ ।

(ठ) मन्त्रालय तथा अन्य निकायहरुमा रुग्ण आयोजनाहरु ठूलो संख्यामा रहेका छन् । कतिपय आयोजनाहरुको कार्यप्रगति तथा कार्यन्वयनको यर्थाथ विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समेत राष्ट्रिय योजना आयोगमार्फत माग गरिएको सन्दर्भमा

सम्वन्धित निकाय र तहहरुले उत्तरदायित्व नलिदा कार्यान्वयनमा अपेक्षित प्रगति हुन सकेको छैन भने प्रतिवेदन प्रणालीमा पनि कठिनाई परेको छ ।

(ड) राष्ट्रिय तथ्याङ्क विकास रणनीतिको अभावमा तथ्याङ्क व्यवस्थापनका कार्यहरूलाई राष्ट्रिय आवश्यकता, बदलिँदो परिवेश तथा अन्तर्राष्ट्रिय मूल्य मान्यता र मापदण्ड अनुरूप व्यवस्थित रूपमा अघी बढाउन सकिएको छैन । साथै संघीय प्रणाली अनुसार केन्द्रीय तथ्याङ्क विभागको संगठनात्मक पुनर्संरचना हुन बाँकी रहेको हुँदा राष्ट्रिय तथ्याङ्क प्रणालीको अपेक्षित रूपमा विकास हुन सकेको छैन ।

(ढ) परामर्शदाताका कार्यहरुको प्रतिवेदन समयमा प्राप्त हुन नसक्नु, विषयगत मन्त्रालयका योजना तर्जुमासँग सम्बन्धित जनशक्तिको पर्याप्त क्षमता विकास हुन नसक्नु, बजेटसँग सम्बन्धित विषयमा अर्थ मन्त्रालयसँग पर्याप्त समन्वय नहुनु, आयोग र प्रदेशस्तरीय योजना सम्बन्धी  निकायहरुबीच समन्वय र नीतिगत सामञ्जस्यताको लागि वैधानिक संयन्त्र नहुनु र योजना अनुगमन र मूल्यांकनको क्षेत्रमा काम गर्ने जनशक्तिलाई उत्प्रेरणा र मनोवल वृद्धिगर्ने व्यवस्था नहुनुले पनि आयोगका कामकारवाहीमा असर पुगेको छ ।

(ण) सम्बन्धित मन्त्रालयबाट माग भएका विवरणहरु समयमा प्राप्त हुन नसक्नु, राष्ट्रिय आयोजना बैंक तथा आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीका सम्बन्धमा सरोकारवाला निकाय तथा सम्बद्ध मन्त्रालयले अपनत्व ग्रहण नगर्दा आयोजनाको यर्थाथ र पूर्ण विवरण प्राप्त नहुनु, कतिपय सन्दर्भमा निश्चित आधार र मापदण्ड पुरा नगरी बहुवर्षीय आयोजनाहरुको ठेक्का सहमतिका लागि आयोगमा अनुरोध भई आउने हुँदा आयोगबाट समयमा सहमति प्रदान गर्ने कार्यमा ढिलाई हुने गरेको छ ।

(त) सार्वजनिक खरिद सम्बन्धी कार्यहरूलाई मौजुदा खरिद ऐनमा भएकोले जटिलताको कारण आकस्मिक प्रकृतिका आयोजना निर्माण कार्यमा  सार्वजनिक खरीदसँग सम्बन्धित विषयहरू ठेक्काको म्याद थप भेरिएसन अर्डर र डिजाइन परिवर्तन स्वीकृत गर्ने प्रक्रियालाई सरलीकरण हुने गरी खरिद ऐनका दफामा संशोधन गर्ने ।

(थ) आयोजनाको लागि चलनचल्तिको तुलनामा महँगोमा जग्गा खरिद गर्नुपर्ने र राज्यसंग पर्याप्त श्रोत नभएकाले जनताको माग बमोजिम मुआब्जा तथा क्षतिपूर्ति दिन नसक्ने अवस्थामा ल्याण्ड पुलिङको कानूनी व्यवस्था गरी पीडित जग्गाधनिलाई सम्बोधन गर्नुपर्ने ।

(द) राष्ट्रिय राजमार्गहरुको रेखांकन र सडक सीमा निर्धारण यथाशिघ्र छिटो गर्नुपर्ने, कतिपय योजनाहरुमा सडक सिमाको अन्यौलता भई निर्माण कार्य बारम्बार अवरोध हुने गरेको विषयमा तत्काल सडकको क्षेत्राधिकार टुङ्ग्याउनुपर्ने ।

(ध) समन्वयको अभावमा योजना कार्यक्रमहरू दोहोरो भएको ।

### ३.१.३. विकास व्यवस्थापनको सम्भावना तथा प्राथमिकताः

(क) संघीय प्रणाली बमोजिम विकास आयोजनाको प्रकृति र कार्यक्षेत्र अनुसार संविधानमा निर्दिष्ट अधिकार क्षेत्र भित्रका आयोजनाहरू तत् तत् तहबाट सञ्चालन गर्ने कार्य क्रमशः व्यवस्था गर्नुपर्ने अवस्था रहेको र सो अनुसार कार्य प्रारम्भ भएको छ ।

(ख) संघ, प्रदेश र स्थानिय तहका सरकारहरुको विकाश प्रतिको उच्च प्रतिबद्धता रहेकोले राष्ट्रिय, प्रादेशिक र स्थानिय तहको विकासको अवस्था र प्राथमिकता बमोजिम दीर्घकालीन सोच सहित योजना तर्जुमा तथा कार्यक्रम पहिचान, छनोट र कार्यान्वयनमा बृद्धि हुँदै गएको छ ।

(ग) आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गरिएको छ जसले गर्दा स्रोत साधनको सुनिश्चितता भएको छ ।

(घ) दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको तयार भइ कार्यान्वयनमा आइसकेको हुँदा क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनको आधार तयार भएको छ ।

(ङ) परिवर्तित संघीय संरचना अनुरुप प्रदेश र स्थानीय तहमा समेत योजना प्रणालीको विकास गरी संस्थागत गर्ने प्रयास बमोजिम प्रदेशतहमा संस्थागत व्यवस्था भएको छ । प्रादेशिक र स्थानीय योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय र प्रादेशिक अनुगमन तथा मूल्यांकन दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा लगिएकोले प्रदेश र स्थानीय तहमा समेत योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनको आधार तयार भएको छ ।

(च) संघबाट सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना सहित आयोजनाहरुको विवरण, लागत,समय सहितको वार्षिक विकास कार्यक्रम तयार भएको हुँदा कार्यक्रम तथा आयोजनाहरुको गुणस्तर तथा प्रभावकारितामा अभिबृद्धि हुने अपेक्षा गरिएको छ ।

(छ) चालु आर्थिक वर्षको यथार्थ विनियोजन तथा बाँकी दुई वर्षको खर्च प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयार भएको हुँदा आगामी बजेट विनियोजन र स्रोतको सुनिश्चितता गर्नुपर्ने क्षेत्रमा आधार तयार भएको छ ।

(ज) राष्ट्रिय योजना आयोगबाट बिभिन्न मन्त्रालयसँग र प्रदेश स्तरमा समन्वय, छलफल तथा

अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने क्रम निरन्तर रहेकोले अन्तर मन्त्रालय तथा अन्तर प्रदेश समन्वय कायम गर्नमा योगदान पुगेको छ ।

(झ) विभिन्न विषयगत मन्त्रालय तथा निकायका क्षेत्रगत नीतिहरुमा आयोगको महाशाखा प्रमुख, माननीय सदस्य तथा साप्ताहिक बैठक जस्ता विभिन्न तहमा छलफल भई राय सुझाव उपलब्ध गराएबाट कार्यान्वयनयोग्य नीति तर्जुमामा सहयोग पुग्ने ।

(ञ) विभिन्न मन्त्रालयहरुमा निश्चित आधार र मापदण्डका आधारमा बहुवर्षीय आयोजनाको ठेक्का र नयाँ आयोजनाहरुका सम्बन्धमा सहमति प्रदान गरेबाट आयोजनाहरुको गुणस्तरमा अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

(ट) राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको स्थापना भई आयोजनाहरुको प्रविष्टि भैरहेको हुँदा आयोजनाहरुको वर्तमान अवस्थाको विश्लेषण गर्न सहज हुने तथा भविष्यमा आवश्यक पर्ने आयोजनाहरुको पहिचान र छनौट गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

(ठ) स्थानीय तहसम्मको भूगोल र प्राकृतिक स्रोत, साधन, क्षमता विकासका सम्भावना लगायतका विवरण सहितको राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनमा ल्याईएको छ । नेपाल श्रमशक्ति सर्वेक्षण र राष्ट्रिय आर्थिक गणना सम्पन्न भई नतिजा सार्वजनिक भएको छ । साथै समष्टिगत आर्थिक परिसूचकहरु सम्बन्धी हातेपुस्तिका प्रकाशनमा आएको छ । यी सबै विवरणहरुले आगामी दिनमा तथ्यमा आधारित नीति निर्माण तथा जनसंख्या सर्वेक्षणको लागि आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

## ३.२. समस्या तथा चुनौती

### ३.२.१ समस्याः

(क) आयोगको काम, कर्तव्य र अधिकार ऐनबाट व्यवस्थित हुन नसक्दा आफ्नो कार्यक्षेत्र भित्रका कतिपय समस्या समाधानका विषयहरूमा पहिचान गरेका उपायहरू आयोगबाट प्रभावकारी ढङ्गमा समयमै कार्यान्वयनमा ल्याउन सकिएको छैन ।

(ख) संघ, प्रदेश र स्थानीय तहका योजना तथा कार्यक्रमहरुमा सामन्जस्यता ल्याई राष्ट्रिय हित अनुकुल विकासमा समन्वय कायम गर्न तहगत समन्वय सम्बन्धी कार्यका लागि स्पष्ट कानूनी आधारको अभाव रहेको हुँदा सो को टड्कारो आवश्यकता महशुस गरिएको छ ।

(ग) आयोगले संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्नु पर्ने दायित्व अनुरुप कार्य गर्दै

आइरहेको परिप्रेक्ष्यमा आयोगको क्षेत्राधिकार भित्रको जिम्मेवारी प्रभावकारी सम्पादन गर्न आयोगको समयानुकूल र उपयुक्त सांगठनिक एवम् व्यवस्थापकीय पुनःसंरचना गरी आयोगलाई स्थायी, दक्ष र विशिष्टीकृत संस्था बनाउनु आवश्यक देखिएको छ ।

(घ) आयोगको कार्य नीति, योजना तथा कार्यक्रमको विश्लेषण तथा तर्जुमा र अनुगमन, मूल्याङ्कन एवम् अध्ययन लगायतका प्रशासनिक भन्दा बढी बौद्धिक र अनुसन्धानात्मक प्रकृतिको भएको हुँदा कर्मचारीको बारम्बार हुने सरुवाले कर्मचारीको विषय विशेषज्ञता विकास हुन सकिरहेको छैन । विषय विज्ञता विकासका लागी आर्थिक योजना तथा तथ्याङ्क सेवा समूह अन्तर्गत राष्ट्रसेवक कर्मचारीहरुलाई ल्याई आयोगको क्षमता अभिवृद्धि गर्न र विशिष्टीकृत संस्था विकास गर्न आवश्यक रहेको छ ।

(ङ) आयोगको आफ्नै कार्यालय भवन नभएको कारण आयोगका महत्वपूर्ण दस्तावेजहरुको स्थायीरुपले व्यवस्थापन गर्न गाह्रो परेको छ ।

(च) कर्मचारीहरु दरबन्दी भन्दा बढी रहेको अवस्थाले गर्दा Job Description अस्पष्टता रहेको छ ।

### ३.२.२ चुनौती:

राष्ट्रिय योजना आयोगले आफ्नो कार्य सञ्चालनका समयमा विभिन्न चुनौतीहरु सामाना गर्दै आएको छ । ती मध्ये हाल र भविष्यमा सामना गर्नुपर्ने चुनौतीहरु छोटकरीमा निम्न बमोजिम लिपिबद्ध गरिएको छ ।

(क) राष्ट्रिय योजना आयोग गठन आदेशको मर्म अनुसार प्रादेशिक योजना संगठनहरूका बीचमा समन्वय र सहजीकरण गर्ने र तीनै तहका योजना तथा कार्यक्रमहरूका बीचमा सामञ्जस्यता कायम राख्दै बृहत्तर राष्ट्रिय हितमा एकीकृत गरी विकासका प्रयासहरुलाई समन्वय गर्नुपर्ने आवश्यकता छ ।

(ख) राष्ट्रिय योजना आयोगबाट स्वीकृत गराएपछि आफ्नो वार्षिक कार्यक्रममा समावेश गर्नुपर्ने स्पष्ट कानुनी प्रावधानलाई वेवास्ता गर्दै कतिपय निकायहरूले नयाँ आयोजनाहरू कार्यक्रममा समाविष्ट गरेपश्चात मात्र स्वीकृति तथा समर्थनका लागि पठाउने गरेका छन् । जसबाट कार्यक्रम तथा आयोजनाको छनौटको पृष्ठभूमि, तिनको आवश्यकता, औचित्य र लेखाजोखा विना नै श्रोत सुनिश्चितता गर्नुपर्ने र अधिकांश आयोजनाको हकमा बहुवर्षीय दायित्व सृजना हुने हुँदा आवधिक योजनासँगको सामञ्जस्यता कायम राख्दै वित्तीय अनुशासन कायम राख्ने कार्य चुनौतीपूर्ण भएको छ ।

(ग) सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुग्न दीर्घकालीन सोच, नीति, योजना र कार्यक्रमलाई सबै तह र क्षेत्रमा सामञ्जस्यता र एकरुपता ल्याई कार्यान्वयनमा केन्द्रित गर्न चुनौती छ ।

(घ) सन् २०१६ देखि अंगीकार गरिएको दिगो विकासका लक्ष्यलाई राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरूमा समाहित गरी कार्यान्वयन गर्न प्रयास गरिएको भएतापनि दिगो विकासको लक्ष्य (SDGs)का सूचकहरूलाई प्रदेश तथा स्थानीय तहसम्म स्थानीयकरण गर्नुका साथै तिनको प्रगति स्थितिको प्रतिवेदन तथा समीक्षा गर्नुका साथै दिगो विकास लक्ष्यको पूर्ण कार्यान्वयनका लागि आवश्यक पर्ने थप लगानी जुटाउनु र परिचालन गर्नुपर्ने आवश्यकता छ ।

(ङ) देशको सामाजिक आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने आयोजना र परियोजनाहरू छनौट गरी लगानीको सुनिश्चितता प्रदान गर्नु पर्ने आवश्यक्ता छ भने सार्वजनिक निजी साझेदारी, प्रत्यक्ष बैदेशिक लगानी, विकास सहायता लगायतका आन्तरिक र बाह्य श्रोतहरूको समेत पहिचान गरी आर्थिक बृद्धि र रोजगारी सिर्जना गर्ने लगानीयोग्य परियोजना सहितको लगानी ढाँचा तयार गर्नुपर्ने आवश्यकता रहेको छ ।

(च) आयोजना बैंकको माध्यमबाट आयोजना व्यवस्थापन, सञ्चालन र अनुगमन तथा मूल्याङ्कनको संस्थागत प्रणाली विकास गर्नु र आयोजना तथा कार्यक्रमको वस्तुनिष्ठ सूचकहरूको आधारमा नियमित र समयसारिणी सहितको अनुगमन तथा निरीक्षण प्रणालीको विकास गरी हरेक निकायद्वारा गरिने अनुगमनबीच एकरूपता कायम गर्नुपर्ने आवश्यकता छ ।

(छ) संघ - प्रदेश र संघ - प्रदेश - स्थानीय तहको योजनागत समन्वयलाई प्रभावकारी बनाउनुका साथै संघ, प्रदेश र स्थानीय तहहरूलाई योजना तथा कार्यक्रम तर्जुमाको साथै कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यमा दक्षता अभिवृद्धि गरी सशक्तीकरण गर्नुपर्ने आवश्यकता छ ।

(ज) अनुसन्धान तथा विकासको कार्यलाई प्राथमिकतामा राखी नीति पृष्ठपोषणको रुपमा कार्य गर्न र नीति अनुसन्धान प्रतिष्ठानको कामकारवाहीसँग समन्वय गरी उपलब्धिमूलक बनाउने कार्यमा एकरुपता ल्याउने विषय चुनौतीको रुपमा रहेको छ ।

(झ) कुल गार्हस्थ्य उत्पादन, लगानी अभिवृद्धि र स्रोतको प्रक्षेपण गर्न समष्टिगत आर्थिक मोडेलिङ्ग ल्याव तयार गर्नुपर्ने आवश्यकता छ ।

(ञ) प्रदेश र स्थानीय तहमा सहायताको प्रस्ताव लिएर सोझै जाने विकास साझेदारहरुलाई सहजीकरण तथा नियमन गर्न संवाद, समन्वय र सहकार्य वृद्धि गर्नुपर्ने आवश्यकता छ ।

(ट) राष्ट्रिय योजना आयोगको संयोजकत्वमा प्रदेश तथा स्थानिय तहमा कार्यान्वयन हुनेगरी छनौट भई विशेष तथा समपुरक अनुदान विनियोजन भएका आयोजना/कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि पर्याप्त अनुगमन तथा प्रगति प्रतिवेदन हुने प्रणाली विकास गर्नुपर्ने आवश्यकता छ ।

(ठ) सबै स्थानीय तहहरुमा आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने/गराउने कार्य तथा संघ, प्रदेश र स्थानीय तहको परियोजना बाँडफाँड कार्य चुनौतीपूर्ण रहेको छ ।

## ३.३ विद्यमान योजना तथा बजेट प्रणाली, कमजोरी तथा अपेक्षित लक्ष्य प्राप्तिमा सुधारहरू

### ३.३.१. योजना तथा बजेट प्रणालीको अवस्था

नेपालमा बिगत देखिनै मिश्रित योजना प्रणाली अवलम्बन गरी सो अनुरुप नीतिगत, कानुनी र संस्थागत प्रणालीको स्थापना र विकास भएको छ । सहभागितामूलक पद्धति अवलम्बन गर्दै सार्वजनिक क्षेत्रका विभिन्न तहका निकाय, निजी क्षेत्र तथा सहकारी र सामुदायिक क्षेत्रको भूमिका र योगदानलाई समावेश गरिएको छ । चालु आर्थिक वर्ष पन्ध्रौं योजना कार्यान्वयनको दोस्रो वर्ष रहेको छ । यसको सम्पूर्णतामा कार्यान्वयन गरी अपेक्षित नतिजा प्राप्त गर्नुपर्ने छ । आवधिक योजना र वार्षिक योजना (बजेट तथा कार्यक्रम) बीचको अन्तरसम्बन्ध कायम गर्दै आवधिक योजनाको लक्ष्य र नतिजा हासिल गर्न तीन वर्षको मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । योजना तथा बजेट प्रणालीको बर्तमान अवस्था निम्नानुसार छन् :-

(क) योजना तथा बजेटले राष्ट्रिय लक्ष्य र प्राथमिकता अनुरूप हुने गरी आयोजना प्राथमिकीकरण र विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलनमा जोड दिइको छ ।

(ख) संघीय प्रणाली बमोजिम प्रदेश र स्थानीय तहले समेत बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका छन् । यी तहहरूमा आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना सम्बन्धी अभ्यासको आरम्भ भएको छ ।

(ग) समयमै बजेट ल्याई सार्वजनिक खर्च प्रणालीलाई सुधार गरी योजनाको उपलब्धि हासिल गर्न नेपालको संविधानमा प्रत्येक वर्षको जेठ १५ गते वार्षिक कार्यक्रम तथा बजेट संघीय संसदमा प्रस्तुत गर्ने र आर्थिक वर्ष शुरु हुने दिन देखि नै बजेट खर्च गर्ने गरी आय व्यय प्रणालीमा सुधार गरिएको छ ।

(घ) नेपालको कर प्रणाली र करका दरहरू आर्थिक विस्तार, बृद्धि र रोजगारीमुखी रहेका छन् । नेपालको कर नीतिमा रहेका विद्यमान कानुनी व्यवस्था अर्थतन्त्रको सुदृढीकरण

र गतिशीलताको लागि पर्याप्त भएता पनि निजीक्षेत्रबाट उपयोग हुन सकेको छैन । नेपालको कर प्रणालीको आधार अत्यन्त विस्तारित रहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय करका आधारको संरक्षणका लागि कानूनी प्रबन्धहरु पर्याप्त छन् । कर संकलनमा कर परिपालनाको अन्तरलाई कम गरी राजस्वको दायरा विस्तार गर्नुपर्ने छ ।

(ङ) सार्वजनिक खर्च प्रणालीमा सुधारको लागि कार्यक्रम स्वीकृत गर्ने तथा कुनै स्वीकृत कार्यक्रमको संशोधन गर्नु परेमा लेखा उत्तरदायी अधिकृतले नै कार्यक्रम संशोधन गर्न सक्ने गरी निर्णय प्रक्रियालाई सरल र कार्यमूलक बनाइएको छ ।

(च) वित्तीय संघीयतामा अन्तरसरकारी वित्त व्यवस्थापनको कानुनी व्यवस्था बमोजिम संघबाट प्रदेश र स्थानीय तहमा राजस्व अधिकारको हस्तान्तरण भएको छ ।

### ३.३.२. योजना तथा बजेट प्रणालीका कमजोरी

(क) राजनैतिक संक्रमणकालका कारण विगतका चारवटा योजना (एघारौँ देखि चौधौँ) त्रिवर्षीय अन्तरिम योजनाका रूपमा कार्यान्वयनमा आएता पनि योजनाका नतिजा सूचक बमोजिम लक्ष्य हासिल हुन सकेनन् ।

(ख) विगतमा छिटोछिटो सरकारको परिवर्तनसँगै सरकारका प्राथमिकतामा आउने परिवर्तनका कारण आवधिक योजना र वार्षिक बजेट बीच सामञ्जस्यता कायम हुन सकेको थिएन । प्राथमिकता प्राप्त आयोजनाहरूको कार्यान्वयन पक्ष कमजोर रहेको, नयाँ आयोजना थप हुँदै जाने कारणबाट निर्धारित समयमा योजना सम्पन्न हुन नसकेको र लागत बढ्ने गरेको छ ।

(ग) योजना तर्जुमाको अवस्थामा कार्यान्वयन गर्ने सरोकारवाला निकायको न्युन सहभागिताको फलस्वरुप अपनत्वको कमी, कार्यान्वयन गर्ने निकायको क्षमता कमजोर हुनु जस्ता कारण योजना (लक्ष्य) र कार्यान्वयन (उपलब्धि) बीच अनपेक्षित अन्तर देखिन्छ । योजना बढी महत्वाकांक्षी भएको र कार्यान्वयन पक्षमा कमजोर र पर्याप्त ध्यान नपुगेको एवं अन्तर क्षेत्रगत सामञ्जस्यता कायम नभएको जस्ता कमजोरी रहेका छन् ।

(घ) संघीय प्रणाली अनुरुप खण्डीकृत तथ्याङ्कको उपलब्धता छैन भने योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा, प्राविधिक उच्च क्षमता भएका, उत्प्रेरित र दक्ष जनशक्तिको कमी रहेको छ ।

(ङ) आयोजनाको पर्याप्त पूर्वतयारी तथा सम्भाव्यता अध्ययन विना कार्यान्वयन गर्ने प्रवृति र न्यून स्रोतको सुनिश्चिततासँगै बहुवर्षीय ठेक्का प्रणालीले गर्दा क्रमागत आयोजनाको संख्यामा निरन्तर बृद्धि हुनुको साथै नेपाल सरकारको गैर बजेटरी दायित्वमा समेत बृद्धि भएको छ । यस प्रकारका दायित्वहरूको एकीकृत विवरणका साथै वित्तीय जवाफदेहिता

र पारदर्शिता नहुँदा वित्तीय स्राव (Fiscal bleeding) मात्र भएको छ । यस्तो प्रवृत्तिले गर्दा कालान्तरमा सार्वजनिक खर्च प्रणालीबाट वित्तीय सवलीकरणमा नै समस्या देखिन सक्दछ ।

(च) स्पष्ट मापदण्ड र आधारमा योजना छनौट र प्राथमिकीकरण हुन सकेको छैन । आयोजना कार्यान्वयनका पूर्वतयारीको चरण सम्पन्न नगरी आयोजना र कार्यक्रममा बजेट विनियोजन हुँदा लगानीले उचित प्रतिफल दिन सकेको छैन ।

(छ) प्रदेश र स्थानीय तहमा हस्तान्तरित भएका स्रोतगत कार्यक्रमको प्रगति प्रतिवेदन र अनुगमन गर्ने प्रणालीको विकास नहुँदा र निरन्तररूपमा आन्तरिक नियन्त्रण प्रभावकारी नहुँदा वित्तीय जोखिम बढ्न सक्ने देखिन्छ ।

(ज) अन्तरनिकाय समन्वय अपेक्षितरूपमा प्रभावकारी हुन नसक्दा आयोजना कार्यान्वयन र नतिजा प्राप्तिमा कठिनाइ भएको छ ।

(झ) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई आयोजना कार्यान्वयनमा देखिएका कमजोरीहरुलाई सुधार्ने पद्धतिको अभावमा माथि उल्लेख भए बमोजिम आयोजनाहरु समयमानै सम्पन्न नहुने (Time overrun) तथा तोकिएको लागत भन्दा बढी लाग्ने (Cost overrun) समस्याहरु विद्यमान छन् ।

(ञ) राष्ट्रिय विकाश समस्या समाधान समितिबाट लिईएका निर्णयहरुको प्रभावकारी कार्यान्वयनमा विषयगत मन्त्रालयहरुको सक्रियता देखिएको छैन ।

### ३.३.३. योजना तथा बजेट प्रणालीबाट अपेक्षित लक्ष्य प्राप्तिका लागि चाल्नुपर्ने सुधारहरू

(क) संघीय तथा प्रदेशका विकास योजना कार्यान्वयनको समस्याको समाधान गर्न सम्माननीय प्रधानमन्त्रीको अध्यक्षता रहेको राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रदेशका माननीय मुख्यमन्त्रीसँगै प्रदेशका प्रमुख सचिवलाई समेत आमन्त्रण गरी अन्तर प्रादेशिक तथा प्रादेशिक नीतिगत र समन्वयात्मक समस्याहरु उठान तथा सम्बोधन गर्ने व्यवस्था मिलाउने ।

(ख) आवधिक योजना, सरकारका नीति तथा कार्यक्रम र बजेट बीचमा सामञ्जस्यता तथा बलियो अन्तरसम्बन्ध कायम गर्न नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धी कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको उच्चस्तरीय प्रतिनिधित्व र सहभागिताको व्यवस्था गर्ने ।

(ग) विकासका लागि लगानीको वातावरण र कानूनी पूर्वाधार महत्वपूर्ण रूपमा रहने हुदा औद्योगिक नीति, ऐन र नियमावली, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन,

दामासाही सम्बन्धी  कानून, कम्पनी कानून, उपभोक्ता हित संरक्षण कानून, विदेशी विनिमय नियमित गर्ने ऐन, वित्तीय तथा वीमा सम्बन्धी कानून, सार्वजनिक निजी साझेदारी सम्बन्धी कानून, भन्सार ऐन, अन्तशुल्क ऐन, सालवसाली आर्थिक ऐन, आयकर ऐन लगायतका अन्य कानूनको पुनरावलोकन गरी बृहत आर्थिक सुधारको थालनी गर्ने ।

(घ) आर्थिक-सामाजिक रुपान्तरण गर्ने प्रकृतिका वृहत आयोजनाको लागि पर्याप्त स्रोत साधनको व्यवस्था गर्ने ।

(ङ) अन्तर सरकारी वित्त व्यवस्थापन कानून अनुसार अर्थ मन्त्रालयबाट प्रदेश र स्थानीय तहबाट सञ्चालित विकास कार्यक्रमको वित्तीय र भौतिक प्रगति लिने प्रणालीको विकास गर्ने ।

(च) प्रदेश र स्थानीय तहको योजना तथा बजेट तर्जुमाका लागि वहुपक्षीय तथा द्विपक्षीय र अन्तर्राष्ट्रिय संस्थाको सहायता तथा सहयोग परिचालन गर्नु पर्ने भएमा राष्ट्रिय योजना आयोगको नेतृत्वमा मात्र सहायता परिचालन गर्ने गरी अन्तर्राष्ट्रिय सहयोग एवम् सहायता परिचलन गर्न गराउन सबै विकास साझेदारलाई अर्थ मन्त्रालयले निर्देशन पठाउने ।

(छ) राष्ट्रिय योजना आयोगबाट तर्जुमा भै प्रकाशन भएका विकास योजना तथा आयोजनासँग सम्वन्धित मार्गदर्शन, मापदण्ड तथा निर्देशिकाहरुको सबै तह तथा निकायहरुबाट पूर्ण रुपमा कार्यान्वयन गर्ने ।

(ज) कोभिड - १९ महामारीको सन्दर्भमा १५ औं योजनाको मध्यावधि समिक्षा गरी यसका लक्ष्यहरुको संशोधन गर्ने तर्फ आवश्यक गृहकार्य अगाडि बढाउने ।

समग्रमा राष्ट्रिय योजना आयोगबाट विकास आयोजनालाई नतिजामुखी तथा गुणस्तरीय र समयमा सम्पन्न गर्ने कार्यमा विभिन्न मापदण्ड तथा निर्देशिकाहरु तर्जुमाको क्रम प्राथमिकताका साथ बढी सक्रिय रहेकोले वित्तीय संघीयता व्यवस्थापन र कुशल कार्यान्वयन तथा तहगत समन्वयमा सहजता पुगी संघीय शासन प्रणालीमा समृद्ध राष्ट्र निमार्ण गरी सुखी नेपालीको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने सम्भावना देखिन्छ ।

# अनुसूचीहरू

## अनुसूची - १

# राष्ट्रिय योजना आयोगको स्वरूप

**राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ३ बमोजिम आयोगको स्वरूप**

| | |
|---|---|
| सम्मानननीय प्रधानमन्त्री | - अध्यक्ष |
| नेपाल सरकारबाट नियुक्त एक जना | - उपाध्यक्ष |
| नेपाल सरकारबाट नियुक्त कम्तीमा एकजना महिलासहित बढीमा ६ जना | - सदस्य |
| मुख्य सचिव, नेपाल सरकार | - सदस्य |
| सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| सचिव, राष्ट्रिय योजना आयोग | - सदस्य-सचिव |

## अनुसूची - २

# राष्ट्रिय योजना आयोगका पदाधिकारीज्यूहरू तथा कर्मचारीहरूको विवरण

### आयोगका पदाधिकारीज्यूहरुको विवरण

| पद | नाम थर | टेलिफोन |
|---|---|---|
| उपाध्यक्ष | डा.मीन बहादुर श्रेष्ठ | ४२११९७० |
| सदस्य | डा.रामकुमार फुयाँल | ४२११०५९ |
| सदस्य | डा. जयकान्त राउत | ४२११९९८ |
| सदस्य | प्रा.डा.आर पि विक्षा | ४२११०५० |
| सदस्य | डा.प्रभु बुढाथोकी | ४२१११४७ |
| सदस्य | डा.रमेशचन्द्र पौडेल | ४२११६५९ |
| सदस्य | डा. अनिता शाह ढुङ्गाना | ४२११८५१ |
| सदस्य सचिव | डा. तोय नारायण ज्ञवाली | ४२११६२९ |

### आयोगका कर्मचारीहरुको विवरण

| पद | नाम थर | महाशाखा/शाखाको नाम | टेलिफोन नम्बर |
|---|---|---|---|
| सह सचिव | श्री महेश भट्टराई | आर्थकि व्यवस्थापन महाशाखा प्रमुख | ४२११७५७ |
| कार्यक्रम निर्देशक | श्री लक्ष्मी घिमिरे | योजना, कार्यक्रम तथा आर्थिक क्षेत्र | ४२११८३८ |
| योजना अधिकृत | श्री बबिता भट्टराई | समष्टिगत आर्थिक क्षेत्र तथा आर्थिक नीति, योजना | ४२११०२९ |
| योजना अधिकृत | श्री भेषराज शर्मा | समष्टिगत आर्थिक क्षेत्र तथा आर्थिक नीति, योजना | ४२१११३७ |
| निर्देशक | श्री यदुनाथ आचार्य | आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा | ४२१११६९ |
| योजना अधिकृत | श्री पुष्पा घिमिरे | आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा | ४२११०२९ |
| सह सचिव | श्री मनमायाँ भट्टराई पँगेनी | पूर्वाधार तथा उत्पादन महाशाखा प्रमुखको | ४२११६३६ |
| कार्यक्रम निर्देशक | श्री नारायण खतिवडा | उर्जा, जलश्रोत तथा सिंचाई | ४२११०१९ |
| योजना अधिकृत | श्री निशा लौडारी | उर्जा, जलश्रोत, सिँचाई, दिगो विकास लक्ष्य ७ | ४२११०३४ |
| कार्यक्रम निर्देशक | श्री राजेश बाबु घिमिरे | भौतिक पूर्वाधार तथा सहरी विकास | ४२१११५६ |

| पद | नाम थर | महाशाखा/शाखाको नाम | टेलिफोन नम्बर |
|---|---|---|---|
| योजना अधिकृत | श्री टार्जन कुमार लिम्बु | भौतिक पूर्वाधार तथा यतायात, शहरी विकास,सार्वजनिक निजी साझेदारी, दिगो विकास लक्ष्य ९ र ११ को समन्वय शाखा | ४२१११११३ |
| योजना अधिकृत | श्री शम्शेर बहादुर राई | भौतिक पूर्वाधार तथा यतायात, शहरी विकास,सार्वजनिक निजी साझेदारी, दिगो विकास लक्ष्य ९ र ११ को समन्वय शाखा | ४२१११११३ |
| कार्यक्रम निर्देशक | श्री हरिनारायण बेल्बासे | वन तथा वातावरण र युवा तथा खेलकुद | ४२१११४२ |
| योजना अधिकृत | श्री लक्ष्मी कुमार बि.क | वन तथा वातावरण र युवा तथा खेलकुद, दिगो विकास लक्ष्य १३ र १५ | ४२१११२४ |
| कार्यक्रम निर्देशक | श्री शिवरञ्जन पौड्याल | समपुरक/विशेष अनुदान | ४२११००९ |
| योजना अधिकृत | श्री रमेश विश्वकर्मा | विशेष अनुदान | |
| योजना अधिकृत | श्री रमेश पराजुली | समपुरक तथा विशेष अनुदान | ४२११०१४ |
| सह सचिव | | दिगो विकास तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा प्रमुख | ४२१११२७ |
| कार्यक्रम निर्देशक | डा.नारायण राज पौडेल | दिगो विकास तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा | ४२१११३८ |
| योजना अधिकृत | श्री सन्तोष शर्मा | परराष्ट्र, अन्तर्राष्ट्रिय सम्बन्ध, वैदेशिक सहायता, दिगो विकास लक्ष्यको समग्र समन्वय र लक्ष्य १० र १७ को समन्वय | ४२११०४१ |
| | | | |
| योजना अधिकृत | श्री कार्तिका यादव | परराष्ट्र,अन्तर्राष्ट्रिय सम्बन्ध, वैदेशिक सहायता, दिगो विकास लक्ष्यको समग्र समन्वय र लक्ष्य १० र १७ को समन्वय | ४२११०४१ |
| योजना अधिकृत | श्री उमेशचन्द्र लम्साल | परराष्ट्र,अन्तर्राष्ट्रिय सम्बन्ध, वैदेशिक सहायता, दिगो विकास लक्ष्यको समग्र समन्वय र लक्ष्य १० र १७ को समन्वय | |
| कार्यक्रम निर्देशक | श्री अनिता पौडेल | आयोजना बैंक तथा विपद् व्यवस्थापन शाखा | ४२११००६ |
| योजना अधिकृत | | नयाँ आयोजना/आयोजना बैंक, गृह विपद व्यवस्थापन | ४२१११३९ |
| योजना अधिकृत | श्री नवराज पराजुली | नयाँ आयोजना/आयोजना बैंक, गृह विपद व्यवस्थापन | ४२१११३९ |
| कार्यक्रम निर्देशक | डा. लोकनाथ भुसाल | शिक्षा, युवा तथा खेलकुद, श्रम तथा रोजगार शाखा | ४२११०१३ |

| पद | नाम थर | महाशाखा/शाखाको नाम | टेलिफोन नम्बर |
|---|---|---|---|
| योजना अधिकृत | श्री निरञ्जन पाखिन | शिक्षा, विज्ञान तथा प्रविधि, श्रम तथा रोजगार मन्त्रालय, दिगो विकास लक्ष्य ४ र ८ को समन्वय | ४२१११२४ |
| योजना अधिकृत | श्री रञ्जना न्यौपाने | शिक्षा, विज्ञान तथा प्रविधि, श्रम तथा रोजगार मन्त्रालय, दिगो विकास लक्ष्य ४ र ८ को समन्वय | ४२११८३४ |
| कार्यक्रम निर्देशक | डा. दिवाकर लुइटेल | संघीयता र सुशासन | ४२१११३३ |
| सह सचिव | श्री भगवान अर्याल | अनुसन्धान अन्वेषण तथा तहगत समन्वय महाशाखा प्रमुख | ४२११०५८ |
| कार्यक्रम निर्देशक | श्री निशा थापा राउत | कृषि, भूमि व्यवस्था, गरिबी निवारण | ४२११०३० |
| योजना अधिकृत | श्री लक्ष्मी कुमार बि.क | कृषि तथा पशुपंक्षी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, दिगो विकास लक्ष्य १ र २ | ४२११०१४ |
| योजना अधिकृत | श्री पर्वत गिरी | कृषि तथा पशुपंक्षी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, दिगो विकास लक्ष्य १ र ३ | ४२११०३४ |
| निर्देशक | श्री लक्ष्मी पाण्डे (गौतम) | संवैधानिक निकाय, अनुसन्धान तथा अन्वेषण | ४२११०१२ |
| योजना अधिकृत | श्री सरिता अधिकारी | अध्ययन, अनुसन्धान तथा अन्वेषण, संवैधानिक अंगहरु, प्र.म. तथा मं.प.को कार्यालय, रक्षा, दिगो विकास लक्ष्य १६ को समन्वय | ४२११०४१ |
| कार्यक्रम निर्देशक | श्री अनुनय बाँस्तोला | तहगत तथा अन्तर सरकार समन्वय | ४२११०३१ |
| योजना अधिकृत | श्री सुरेन श्रेष्ठ | खानेपानी कानून,न्याय तथा संसदीय मामिला, अन्तर सरकार समन्वय, दिगो विकास लक्ष्य ६ | ४२११०२८ |
| सह सचिव | श्री हेमराज सुवेदी | अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख | ४२११५८ |
| कार्यक्रम निर्देशक | श्री गोकुल खड्का | सूचना व्यवस्थापन अनुगमन तथा मूल्याङ्कन | ४२११०४३ |
| योजना अधिकृत | श्री देवराज भण्डारी | उद्योग,वाणिज्य तथा आपूर्ति, दिगो लक्ष्य १२ | ४२११८०७ |
| कार्यक्रम निर्देशक | श्री तिर्थराज राई | नतिजा व्यवस्थापन तथा प्रतिवेदन | ४२११८३४ |
| योजना अधिकृत | श्री विकास विक्रम शाह | नतिजा व्यवस्थापन तथा प्रतिवेदन | |
| तथ्याङ्क अधिकृत | श्री रमा भण्डारी गौतम | नतिजा व्यवस्थापन तथा प्रतिवेदन, राष्ट्रिय गौरव/रुपान्तरणकारी योजना | ४२११०४१ |
| कार्यक्रम निर्देशक | श्री कृष्ण व्यान्जु | राष्ट्रिय विकास समस्या समाधान समन्वय शाखा/मन्त्रालयस्तरिय विकास समस्या समाधान समिति समन्वय शाखा | ४२१११५२ |

| पद | नाम थर | महाशाखा/शाखाको नाम | टेलिफोन नम्बर |
|---|---|---|---|
| योजना अधिकृत | श्री शेखर रत्न शाक्य | राष्ट्रिय विकास समस्या समाधान समन्वय शाखा/मन्त्रालयस्तरिय विकास समस्या समाधान समिति समन्वय शाखा | ४२१११५२ |
| कार्यक्रम निर्देशक | श्री दिपक कुमार थापा | पर्यटन तथा नागरिक उड्ययन, अनुगमन | ४२११०२३ |
| योजना अधिकृत | श्री उत्तम खतिवडा | पर्यटन तथा नागरिक उड्ययन, अनुगमन | ४२११८३४ |
| सह सचिव | श्री प्रदिप परियार | सामाजिक विकास महाशाखा | ४२१११५९ |
| कार्यक्रम निर्देशक | श्री शिवरञ्जन पौड्याल | स्वास्थ्य महिला बालबालिका तथा जेष्ठ नागरिक | ४२११००९ |
| योजना अधिकृत | श्री चन्द्र प्रकाश बस्नेत | स्वास्थ्य तथा जनसंख्या,बालबालिका तथा ज्येष्ठ नागरिक, सञ्चार तथा सूचना प्रविधि दिगो विकास लक्ष्य ३ र ५ को समन्वय | ४२११०२८ |
| योजना अधिकृत | श्री प्रीति सुवेदी | स्वास्थ्य तथा जनसंख्या, बालबालिका तथा ज्येष्ठ नागरिक, सञ्चार तथा सूचना प्रविधि दिगो विकास लक्ष्य ३ र ५ को समन्वय | ४२११०२८ |
| योजना अधिकृत | श्री भरत कँडेल | स्वास्थ्य तथा जनसंख्या,बालबालिका तथा ज्येष्ठ नागरिक, दिगो विकास लक्ष्य ३ र ५ को समन्वय | ४२१११११३ |
| कार्यक्रम निर्देशक | श्री शिवरञ्जन पौडेल | सञ्चार तथा सूचना प्रविधि | ४२११०२३ |
| योजना अधिकृत | श्री रमेश विश्वकर्मा सुनार | सञ्चार तथा सूचना प्रविधि, विशेष | |
| सह सचिव | श्री बैकुण्ठ निधि शर्मा | शिक्षा विज्ञान तथा प्रविधि, युवा तथा खेलकुद दिगो विकास लक्ष्य ४ को समन्वय संस्थागत सुशासन र समन्वय, कर्णाली प्रदेशको तहगत समन्वय | ४२११११४ |
| सह सचिव | श्री यमलाल भुषाल | प्रशासन महाशाखा प्रमुख | ४२११६३६ |
| उपसचिव (लेखा) | | आर्थिक प्रशासन शाखा | ४२१११६३ |
| लेखा अधिकृत | श्री सर्वोदय उपाध्याय | आर्थिक प्रशासन शाखा | ४२१११४१ |
| लेखापाल | श्री माया देवी खुलाल निरौला | आर्थिक प्रशासन शाखा | ४२११०६१ |
| कम्प्युटर अपरेटर | श्री रमेश तिमिल्सिना | आर्थिक प्रशासन शाखा | ४२११०६१ |
| योजना अधिकृत | श्री अरुण तिमल्सिना | मा. उपाध्यक्षज्यूको कार्यकक्षमा | ४२११९७० |
| योजना अधिकृत | श्री रोशनी कार्की | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा | ४२११००४ |
| योजना अधिकृत | श्री रामहरी पाण्डे | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा | ४२११००४ |
| योजना अधिकृत | श्री बबिता मरासिनी | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा | ४२११०३६ |

| पद | नाम थर | महाशाखा/शाखाको नाम | टेलिफोन नम्बर |
|---|---|---|---|
| कानुन अधिकृत | श्री यमुना भट्टराई | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा | |
| कम्प्यूटर अधिकृत | श्री बुद्धरत्न महर्जन | दर्ता चलानी | ४२११०६० |
| कम्प्युटर अधिकृत | श्री मन्दिरा नापित गुरुङ्ग | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा(आइटि युनिट) | ४२१११६० |
| पुस्तकालय अधिकृत | श्री सम्झना घिमिरे | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा(पुस्तकालय) | ४२११८४८ |
| योजना अधिकृत | श्री सुरज अर्याल | श्रीमान् सचिवज्यूको सचिवालयमा | ४२११००३ |
| योजना अधिकृत | श्री शारदा ज्ञवाली | | |
| योजना अधिकृत | श्री सुनिता पराजुली | | |
| योजना अधिकृत | प्रतिमा न्यौपाने | | |
| नायब सुब्बा | श्री भुवन न्यौपाने | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा | ४२११०३२ |
| कम्प्युटर अपरेटर | श्री उमा सिग्देल | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा | ४२११०३२ |
| नायब सुब्बा | श्री प्रिति सापकोटा | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा | ४२११०३२ |
| कम्प्युटर अपरेटर | श्री योगेश थापा | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा (आइटि युनिट) | ४२१११६० |
| कम्प्युटर अपरेटर | श्री बिजय सिंह थापा | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा (आइटि युनिट) | ४२१११६० |
| नायव सुब्बा | श्री कमला अर्याल | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा (पुस्तकालय) | ४२११८४८ |
| नायव सुब्बा | श्री ठाकुर प्रसाद वाग्ले | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा स्टोर | ४२११०५३ |
| नायब सुब्बा | श्री नवराज पराजुली | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा स्टोर | ४२११०५३ |
| कम्प्युटर अपरेटर | श्री संझना पुडासैनी | श्रीमान् सचिवज्यूको सचिवालयमा | ४२१११३२ |
| ना. सु. (टा.) | श्री केदार तण्डुकार | दर्ता चलानी | ४२११०६० |
| कम्प्युटर अपरेटर | श्री अन्जना अधिकारी | मा सदस्य डा.प्रभु बुढाथोकीज्यूको सचिवालयमा | ४२१११४७ |
| नायव सुब्बा | श्री डिल्लीराज खड्का | मा सदस्य डा रमेशचन्द्र पौडेलज्यूको सचिवालयमा | ४२११६५९ |

| पद | नाम थर | महाशाखा/शाखाको नाम | टेलिफोन नम्बर |
|---|---|---|---|
| नायव सुब्बा | श्री ओम प्रसाद आचार्य | सहसचिव श्री महेश भट्टराई ज्यूको सचिवालय | ४२११७५७ |
| नायव सुब्बा | श्री मदन बिमली | मा.सदस्य प्रा डा आर पि विक्षाज्यूको सचिवालयमा | ४२११०५० |
| नायव सुव्वा | श्री सम्झना लुईटेल | सहसचिव श्री वैकुण्ठ शर्माज्यूको सचिवालयमा | ४२१११४ |
| | श्री शिशिर कुमार राई | मा सदस्य डा.अनिता शाह ढुङ्गानाको सचिवालयमा | ४२११८५१ |
| नायव सुव्वा | श्री कृष्ण प्रसाद पोखरेल | सहसचिव श्री ज्यूको सचिवालयमा | ४२१११२७ |
| नायव सुव्वा | श्री मोहन प्रसाद ढकाल | मा.सदस्य डा.राम कुमार फुयालज्यूको सचिवालय | ४२११०५९ |
| नायव सुव्वा | श्री सुस्मा लुईटेल | सहसचिव श्री सुशिल ढकालज्यूको सचिवालय | ४२११०५८ |
| नायव सुव्वा | श्री पर्शुराम घिमिरे | सहसचिव श्री किरण रुपाखेतीज्यूको सचिवालय | ४२१११५९ |
| नायव सुव्वा | श्री सविना गुरागाई | सह सचिव श्री यामलाल भूसालज्यूको सचिवालय | ४२११६३६ |
| नायब सुब्बा | श्री तेजनाथ ढकाल | माननीय उपाध्यक्षज्यूको सचिवालय | ४२११९९८ |
| नायब सुब्बा | श्री बबिता महतो | सहसचिव श्री हेमराज सुवेदीज्यूको सचिवालय | ४२१११५८ |
| नायब सुब्बा | श्री रेखा भण्डारी | मा सदस्य डा.जयकान्त राउतज्यूको सचिवालयमा | |
| नायब सुब्बा | श्री बिमला घिमिरे पौडेल | | |
| नायब सुब्बा | श्री प्रियंका राई | | |
| सिंहदरवार दक्षिण गेट | | | ४२११८३६ |
| सचिव ज्यूको कार्यकक्षको फ्याक्स | | | ४२११७०० |
| ह.स.चा. | दिपक कार्की | आर्थिक प्रशासन शाखा प्रमुखको | ४२११०५१ |
| ह.स.चा. | सुरज महर्जन | पूर्वाधार तथा उत्पादन महाशाखा प्रमुखको | ४२११०५१ |
| ह.स.चा. | अनिल चित्रकार | सचिवज्यूको सवारी चालक | ४२११०५१ |
| ह.स.चा. | राजु स्याङतान | | ४२११०५१ |
| ह.स.चा. | राम कुमार रायमाझी | | ४२११०५१ |
| ह.स.चा. | रामेश्वर महर्जन | सामाजिक विकास महाशाखा प्रमुखको | ४२११०५१ |
| ह.स.चा. | डम्बर भुल | | ४२११०५१ |
| ह.स.चा. | सुरेश श्रेष्ठ | माननीय उपाध्यक्षज्यूको | ४२११०५१ |
| ह.स.चा. | सजन लामा स्याङतान | का.नि. डा. दिबाकर लुईटेलज्यूको | ४२११०५१ |
| ह.स.चा. | दिलकृष्ण खड्गी | | ४२११०५१ |

| पद | नाम थर | महाशाखा/शाखाको नाम | टेलिफोन नम्बर |
|---|---|---|---|
| ह.स.चा. | रामहरी गिरी | अनुसन्धान अन्वेषण तथा तहगत समन्वय महाशाखा प्रमुख | ४२११०५१ |
| ह.स.चा. | भीम बहादुर पौडेल | दिगो विकास तथा अन्तर्राष्ट्रिय महाशाखा प्रमुखको | ४२११०५१ |
| ह.स.चा. | सुरेन्द्र घटुवा | कर्मचारी बसको चालक | ४२११०५१ |
| ह.स.चा. | हेराकाजी महर्जन | आर्थिक व्यवस्थापन महाशाखा प्रमुखको | ४२११०५१ |
| ह.स.चा. | गोविन्द खड्का | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन महाशाखा प्रमुखकोमा | ४२११०५१ |
| ह.स.चा. | बलराम गोसाई | मा.सदस्य राम कुमार फुयालज्यूको | ४२११०५१ |
| ह.स.चा. | श्याम कार्की | | |
| ह.स.चा. | श्रीराम कोजु | | ४२११०५१ |
| का. स. | हेमरत्न महर्जन | आयोजना बैंक/भौतिक पुर्वाधार तथा सहरी विकास शाखा | ४२१११३ |
| का. स. | सेते तामाङ | आर्थिक प्रशासन शाखा | ४२११०६१ |
| का. स. | दिपक कार्की | स्टोर शाखा | ४२११०५३ |
| का. स. | शान्ता महर्जन | आर्थिक व्यवस्थापन महाशाखा | ४२११६३६ |
| का. स. | च्याङ्वारानी तामाङ | पुस्तकालय/आई.टी/स्टोर | ४२११८४८ |
| का. स. | डोर बहादुर कार्की | मा.सदस्य रामकुमार फुयालज्यूको सचिवालयमा | ४२११०५९ |
| का. स. | गोपाल अर्याल | मा.डा.जयकान्त राउतज्यूको सचिवालयमा | ४२११८५१ |
| का. स. | कमल बहादुर दराई | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा | |
| का. स. | बिमला जि सि | मा.डा.अनिता शाह ढुङ्गानाज्यूको सचिवालय | ४२१११४७ |
| का. स. | शर्मिला चित्रकार | अनुसन्धान अन्वेषण तथा तहगत समन्वय महाशाखा | ४२११०५८ |
| का. स. | रमा पाण्डे | प्रशासन महाशाखा प्रमुखज्यूकोमा | ४२१११५८ |
| का. स. | अञ्जु खड्का | दिगो विकास तथा अन्तर्राष्ट्रिय महाशाखा | ४२१११२७ |
| का. स. | गोपाल धिमाल | मा.प्रा.डा. आर पि विच्छाज्यू सचिवालयको | ४२११०५० |
| का. स. | सानु नारायण मानन्धर | उपाध्यक्षज्यूको सचिवालय | ४२११९७० |
| का. स. | रिम्की तामाङ्ग | सहसचिव श्री बिजुकुमार श्रेष्ठज्यूको कार्यकक्ष | ४२१११७५७ |
| का. स. | प्रकाश थापा | दर्ता चलानी | ४२११०६० |
| का. स. | शान्ता रिजाल | मा.डा.प्रभु बुढाथोकीज्यूको सचिवालयमा | ४२११९९८ |

| पद | नाम थर | महाशाखा/शाखाको नाम | टेलिफोन नम्बर |
|---|---|---|---|
| का. स. | राधिका कोइराला | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा | |
| का. स. | सीता भट्टराई | मा.डा.रमेशचन्द्र पौडेलज्यूको सचिवालयमा | ४२११११५८ |
| का. स. | गौरी तामाङ्ग | बगैचा रेखदेख तथा फुलबारी व्यवस्थापन | |
| का. स. | कविता महर्जन | सचिवज्यूको कार्यकक्ष | ४२१११३२ |
| का. स. | बिन्दु श्रेष्ठ | सामाजिक विकास महाशाखा | ४२१११५९ |
| झाडु बडारु | भरत पोडे | सरसफाई कर्मचारी | |
| इलेक्ट्रिसियन | जितेन्द्र महर्जन | विद्युतीय उपकरण मर्मत | |
| स.ह चालक | बलराम सिंखडा | कर्मचारी बसको सहचालक | |
| झाडु बडारु | भर्सा पोडे | सरसफाई कर्मचारी | |
| झाडु बडारु | प्रमिला पोडे | सरसफाई कर्मचारी | |

## अनुसूची - ३

# राष्ट्रिय विकास समस्या समाधान समितिको स्वरूप

**राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ अनुसार**

| | | | |
|---|---|---|---|
| (क) | सम्माननीय प्रधानमन्त्री | - | अध्यक्ष |
| (ख) | नेपाल सरकारका मन्त्रीहरू | - | सदस्य |
| (ग) | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | - | सदस्य |
| (घ) | प्रदेशका मुख्य मन्त्रीहरु | - | सदस्य |
| (ङ) | मुख्य सचिव | - | सदस्य |
| (च) | राष्ट्रिय योजना आयोगका सदस्यहरु | - | सदस्य |
| (छ) | राष्ट्रिय योजना आयोगको सचिव | - | सदस्य सचिव |

समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिने व्यवस्था छ । साथै समितिको बैठकमा मन्त्रालयका सचिवज्यूहरुको समेत सहभागिताका लागि आमन्त्रण गर्ने गरिएको छ ।

## अनुसूची - ४

# राष्ट्रिय विकास समस्या समाधान समितिको ५० औं बैठक निर्णयहरू र कार्यान्वयन स्थिति

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| १. | नौबस्ता औद्योगिक क्षेत्र, मोतिपुर औद्योगिक क्षेत्र, कृषि फारम चन्द्रडाँगी, ज्येष्ठ नागरिक भवन गोठाटार लगायतका विभिन्न सरकारी जग्गाहरूमा अव्यवस्थित बसोबासीहरूबाट अतिक्रमण भएको हुँदा अव्यवस्थित बसोबासीहरूलाई व्यवस्थापन गरी सरकारी जग्गालाई तोकिएको काममा नै उपयोग हुने व्यवस्था ३ महिनाभित्र मिलाउनेगरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीको संयोजकत्वमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग), कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि) र गृह मन्त्रालयका सचिव सदस्य रहने समिति गठन गर्ने । | **कृषि तथा पशुपन्छी विकास मन्त्रालय**<br>कृषितर्फ मस्यौदा प्रतिवेदन तयार भएको ।<br><br>**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**<br>समिति गठन भइ बसेको बैठकमा छलफल भएको । |
| २. | जग्गा प्राप्ति ऐन, २०३४ को दफा ५ को उपदफा (२) बमोजिम जग्गा प्राप्तिको प्रारम्भिक कारवाही चलाउन कम्तिमा अधिकृतस्तरको कर्मचारीलाई नेपाल सरकारले आदेश दिन सक्ने व्यवस्था रहेकोमा त्यस्तो आदेश सम्बन्धित मन्त्रालयले नै दिन सक्ने गरी आवश्यक कानुन संशोधनको लागि गृह मन्त्रालयले एक महिनाभित्र प्रस्ताव तयार गरी पेश गर्ने । | कानून संशोधनको लागि विधेयकको मस्यौदा तयार गरी छलफलको चरणमा रहेको । |

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| ३. | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) का आधारमा आयोजना निर्माण गर्ने क्रममा रूख कटानको साविकमा भएको स्वीकृत संख्यामा घटी/बढी रहेकोमा घटी हुँदा पनि पुरक EIA गर्नुपर्ने व्यवस्थाले गर्दा काममा ढिलाई भएकोले त्यस्तो कार्यमा सहजीकरण गर्ने गरी विद्यमान वातावरण संरक्षण ऐन तथा नियमावलीमा संशोधन गर्न वन तथा वातावरण मन्त्रालयले दुई महिनाभित्र प्रक्रिया अघि बढाउने । | **वन तथा वातावरण मन्त्रालय**<br>रूख कटान सङ्ख्या घटवढ हुदाँ पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नुपर्ने व्यवस्था वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७ मा नरहेको कारण रूख सङ्ख्या घटवढ भएकै आधारमा कुनै पनि आयोजनाले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नु नपर्ने ।<br><br>रूख सङ्ख्या घटेको वा बढेकोमा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ को उपनियम (६) बमोजिम सम्बन्धित निकायले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा रहेको वातावरणीय व्यवस्थापन योजना (EMP) परिमार्जन गर्न स्वीकृति दिन सक्ने व्यवस्था रहेको । |
| ४. | आयोजनाहरू निर्माणको लागि वन क्षेत्र प्रयोग गरे वापत नियमानुसार वृक्षारोपण गर्नका निमित्त निकुञ्ज र संरक्षण क्षेत्र नजिक जग्गा प्राप्त नभएमा अन्यत्र पनि वृक्षारोपण गर्न सकिने गरी वन ऐनमा संशोधन गर्ने प्रक्रिया वन तथा वातावरण मन्त्रालयले दुई महिनाभित्र अगाडि बढाउने । | **वन तथा वातावरण मन्त्रालय**<br>प्रारम्भिक छलफल भएको । |
| ५. | नेपाल सरकारले सञ्चालन गर्ने पूर्वाधार निर्माणका आयोजनाहरूमा परेको राष्ट्रिय वनक्षेत्रको जग्गाको सोधभर्ना स्वरूप वन विकास कोषमा रकम जम्मा गर्दा आयोजनाको लागत बढ्न गएकोले काटिएका रूखहरूको बदलामा बिरूवा रोप्ने र हुर्काउने बाहेक आयोजनाले प्रयोग गरेको क्षेत्रफल बराबरको जग्गा सट्टाभर्नाको लागि वन विकास कोषमा रकम जम्मा गर्ने कानुनी व्यवस्था संशोधनको लागि वन तथा वातावरण मन्त्रालयले दुई महिनाभित्र प्रस्ताव पेश गर्ने । | **वन तथा वातावरण मन्त्रालय**<br>केही नेपाल ऐन संशोधन विधेयकमा समावेश भई पेश भएकोमा सो विधेयक संसदमा छलफलकै क्रममा रहेको । |

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| ६. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पुनर्संरचना नहुँदा सङ्घ र प्रदेशको कार्यक्षेत्रमा अन्यौल रहेको हुँदा नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरण प्रतिवेदन बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका प्राविधिक शिक्षालयहरू प्रदेश सरकारबाट सञ्चालन गर्ने गरी हस्तान्तरण गर्ने र परिषद्ले पाठ्यक्रम तथा मापदण्ड निर्धारण, अनुमति, नियमन र सीप प्रमाणीकरण लगायत कार्य गर्ने गरी आवश्यक कानुन संशोधनको प्रक्रिया शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दुई महिनाभित्र सम्पन्न गर्ने । | **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**<br>विधेयकको मस्यौदा सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको । राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रमेशचन्द्र पौडेलको अध्यक्षतामा मिति २०८०/०३/२७ मा उच्चस्तरीय कार्य टोली समेत गठन गरिएको । |
| ७. | संविधानतः आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा रहेको तर हालसम्म पनि विद्यालयका स्थायी शिक्षकहरू स्थानीय तहमा समायोजन हुन नसकेकोले विद्यालय शिक्षक दरबन्दी वितरणमा सन्तुलन कायम हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एक महिनाभित्र कार्ययोजना तयार गरी शिक्षक समायोजनको प्रक्रिया अगाडि बढाउने । | |

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| ८. | सङ्घीयता लागू भए पश्चात, हाल अस्तित्वमा नरहेका जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला जनस्वास्थ्य कार्यालय जस्ता निकायहरूका साथै सङ्घीयता कार्यान्वयनपछि प्रदेश र स्थानीय तहका नाममा कायम भएको असुल उपर हुनुपर्ने तर हालसम्म असुल हुन नसकेका बेरूजुको हकमा बेरूजु फर्छ्यौट अनुगमन समितिले केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न लेखी पठाउने र नियमित गर्ने लगायत अन्य बेरूजुको हकमा समितिले फछर्यौटसम्बन्धी प्रक्रिया पूरा गरी सम्परीक्षणकालागि एक वर्षभित्र सिफारिश गर्ने काम सम्पन्न गर्ने। | प्रस्तावित ऐनमा सम्बोधन गरिएको । |
| ९. | विगतका वर्षहरूमा रसायनिक मलको आपूर्ति समयमै हुन नसकेकोले अन्तर्राष्ट्रिय दर र राष्ट्रिय मागको आधारमा आपूर्ति गर्नको लागि समयमै आवश्यक परिमाण खरिद गर्न अग्रिम श्रोत सुनिश्चितता गर्ने, अन्तर्राष्ट्रिय बजारमा कायम भएको मूल्यको आधारमा आवश्यकतानुसार मित्र राष्ट्रका सरकारहरूसंग जी टु जी प्रक्रियाबाट रसायनिक मलको खरिद गर्ने प्रबन्ध कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत मिलाउने। | यस सम्बन्धमा रासायनिक मलको आपूर्ति समयमै गर्नको लागि आ.व. २०८०/८१ को कार्तिक महिनासम्मको लागि चालु आ.व मा नै अर्थमन्त्रालयबाट श्रोत सुनिश्चितता भए अनुसार रू. १५ अर्ब २३ करोड रकमको २ लाख ६० हजार मे.टन रासायनिक मल खरीदको लागि टेन्डर आह्वान भइसकेको। |

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| १०. | महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन (CEDAW) लगायत नेपाल सरकार पक्ष भएको अन्तर्राष्ट्रिय अभिसन्धिहरूको आधारमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा नियमित प्रतिवेदन पेश गर्नु पर्ने तर स्थानीय तह र प्रदेश तहबाट नियमित रूपमा तथ्याङ्क तथा प्रतिवेदन प्राप्त नहुँदा नेपालपक्ष भएको सबै अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयन अवस्थाको विवरणहरू सबै तहका सरकारका निकायहरूले सन्धि कार्यान्वयनको मुख्य सरोकारवाला निकायमा नियमितरूपमा प्रतिवेदन गर्ने र यस्तो प्रतिवेदन पठाउनको लागि सम्बन्धित मन्त्रालयहरूले सबै तह र निकायहरूलाई एक महिना भित्र जानकारी गराउने र सोको नियमित अनुगमनसमेत गर्ने । यसैगरी सङ्घीय नियामकहरूका लागि आवश्यक पर्ने सबै प्रकारका सूचना तथा तथ्याङ्कहरूका लागि राष्ट्रिय तथ्याङ्क विवरण (National Data Portal) प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने। | **प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विगतमा भएका कार्यहरु**<br>• Online Portal यस कार्यालयको website, www.cbs.gov.np मा तयार भै विविध पक्षहरुसम्बद्ध ४०० सूचकहरुराष्ट्रिय तथ्यगत विवरणमा समावेश गरिएको ।<br>• Data Entry प्रयोजनको लागि १७ ओटा संघीय निकायहरु र ७५३ ओटा स्थानीय तहहरूलाई User Name and password तयार गरी उपलब्ध गराइएको।<br><br>**चालू आ.व. २०७९/८० मा भएका कार्यहरु**<br>राष्ट्रिय जनगणना, २०७८ को नतिजा सार्वजनिक भएपछि हाल राष्ट्रिय जनगणना, २०७८ को नतिजाहरुराष्ट्रिय तथ्याङ्क विवरणको पोर्टलमा प्रविष्टि गर्ने कार्य सम्पन्न।<br><br>**कृषि मन्त्रालय**<br>• यस सम्बन्धमा मिति २०८०/१/१७ गते मन्त्रालय मातहतका निकायहरूमा पत्राचार गरिएको।<br>• वन तथा वातावरण मन्त्रालय<br>• सो प्रकारका सूचना तथा तथ्यांकहरूको संकलन तथा व्यवस्थापनका लागि आवश्यकता अनुसार विभिन्न समयमा सम्वन्धित FOCAL Person हरूसंग समन्वय गर्ने गरेको ।<br>• वार्षिक रूपमा प्रगति समिक्षा गर्ने गरेको।<br><br>**खानेपानी मन्त्रालय**<br>• प्रत्यक्ष सम्बन्धित नरहेको ।<br>• खानेपानी तथा सरसफाइको सेवा नपुगेको समुदायहरुको पहिचान तथा विद्यालयस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी स्थानीय स्तरमा NWASH–MIS को प्रयोग गरी खानेपानी तथा सरसफाइ प्रणालीहरुको तथ्याङ्क संकलन गर्ने र सोही आधारमा स्थानीय तहहरुको Wash Plan तयार गर्ने कार्य भईरहेको।<br><br>**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।**<br>• लैंगिक सम्पर्क व्यक्ति तोकि सम्बन्धित मन्त्रालयसँग समन्वय गर्ने गरेको,<br>• महिला विरूद्ध हुने सबै प्रकारको उन्मूलन (CEDAW) लगायतका अन्य अभिसन्धिको आवधिक प्रतिवेदन तयार गर्न विवरण उपलब्ध गराउने गरिएको,<br>• यस मन्त्रालयको कार्यक्षेत्रका विषयमा नियमित प्रतिवेदन गर्ने गरिएको,<br>• आ.व.२०७९/८० को तथ्याङ्क एवं सूचनाहरु २०८० श्रावण मसान्त भित्र राष्ट्रिय तथ्यगत विवरण (National Data Profile) मा प्रविष्ट गर्ने व्यवस्था मिलाइएको। |

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | **महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय**<br>• राष्ट्रिय तथ्याङ्क विवरण (National Data Portal) को प्रभावकारी कार्यान्वयनमा लैजानका लागि मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयहरूमा तथ्याङ्क प्रविष्टिको कामको शुरूवात भएको।<br><br>**शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय**<br>• आवश्यकता अनुसार प्रतिवेदनका कार्य भैरहेको<br><br>**सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>• निर्णय कार्यान्वयन तथा नियमित प्रतिवेदनका लागि सवै स्थानीय तहलाई पत्राचार गरिएको<br>• नेपाल सरकार पक्ष भएका अन्तर्राष्ट्रिय अभिसन्धिहरूको आधारमा पेश गर्नुपर्ने प्रतिवेदनका लागि National Data Portal प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन पत्राचार गरिएको ।<br><br>**भौतिक योजना मन्त्रालय**<br>• नेपाल सरकार पक्ष भएका अन्तर्राष्ट्रिय अभिसन्धिहरूको आधारमा पेश गर्नुपर्ने प्रतिवेदनका लागि National Data Portal प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन पत्राचार गरिएको । |

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| ११. | वैदेशिक रोजगारमा जानुपूर्व गरिने स्वास्थ्य परीक्षण कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सूचिकृत निजी क्लिनिकहरूबाट हुँदै आएको र बेला-बेलामा स्वास्थ्य परीक्षणको गुणस्तरीयतामा प्रश्न उठ्ने गरेको तथा वैदेशिक रोजगारमा गएका कामदारहरु कार्यस्थलमा हुने स्वास्थ्य परीक्षणमा कैफियत आई कामै नगरी फिर्ता आउनुपर्ने अवस्था समेत रहेको हुँदा नेपाल सरकारबाट स्वीकृति प्राप्त अस्पतालबाट वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने गरी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा दुई महिनाभित्र आवश्यक व्यवस्था गर्ने। | **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**<br>यस सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग छलफल भएको।<br><br>यसमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशिका बनाई काम गरेकोमा यो विषय वैदेशिक रोजगार ऐन बमोजिम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको क्षेत्राधिकार भएकोले समस्या समाधान भएको। |
| १२. | देशभरी छरिएर रहेका एम्बुलेन्स सेवाहरूएकीकृत प्रणालीमा आबद्ध हुन नसक्दा सेवा प्रवाह प्रभावकारी नभएकोले देशै भरिका सबै निकाय एवं संस्थाहरूबाट सञ्चालित एम्बुलेन्सहरूलाई एकीकृत रूपमा सञ्चालन गर्न राष्ट्रिय योजना आयोगका स्वास्थ्य क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि सदस्य रहने समितिले अध्ययन गरी तीन महिनाभित्र कार्यान्वयन गराउन आवश्यक व्यवस्था मिलाउने। | **राष्ट्रिय योजना आयोग**<br><br>**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय।**<br>१०२ नं. को टेलिफोन स्वामित्व लिएको । ६ वटा प्रदेशमा (कोशी प्रदेश बाहेक) कार्यान्वयनमा आएको ।<br><br>**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय।**<br>राष्ट्रिय योजना आयोगको संयोजकत्वमा गठित समितिमा यस मन्त्रालयबाट प्रतिनिधि तोकिएको।<br><br>**सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>यस मन्त्रालयको तर्फबाट प्रतिनिधि तोकिएको । |

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| १३. | सार्वजनिक खरिद नियमावली, २०६४ को बाह्रौं संशोधनले निर्माण व्यवसायीले अधिकतम पाँचवटा ठेक्का मात्र लिन पाउने सीमा तोकेपश्चात कतिपय साना कार्यमा बोलपत्र पर्न छाडेको हुँदा निर्माण व्यवसायीले ठेक्का लिन पाउने सीमा टेण्डर मूल्यको आधारमा गर्ने वा संख्या सीमा बढाउने वा भौतिक संरचना (आयोजना) को किसिम बमोजिम संख्या सीमा तोक्ने लगायतका अन्य समसामयिक विषय समावेश गरी नियम संशोधन गर्ने विषयमा सार्वजनिक खरीद अनुगमन कार्यालयले अध्ययन गरी २ महिनाभित्र प्रस्ताव गर्ने। | सार्वजनिक खरीद अनुगमन कार्यालयविवरण सङ्कलन भईरहेको, प्रस्ताव तयार गरी पेश नभएको। |
| १४. | बचत तथा ऋण सहकारी संस्थाहरूको प्रभावकारी नियमनको लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल राष्ट्र बैङ्कसँग समन्वय गरी दुई महिनाभित्र दोश्रो तहको नियामक निकाय स्थापना गर्न कानुनी व्यवस्था प्रस्ताव गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय निर्णय कार्यान्वयन गर्न समन्वयका लागि लेखी आए पश्चात मन्त्रालयको तर्फबाट समन्वय गरिने |
| १५. | शिक्षकको अवकाश कोष भुक्तानी सम्बन्धी समस्या समाधान गर्न अर्थ मन्त्रालयले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र अन्य सम्बद्ध निकायसँग समन्वय गरी अवकाशपश्चात एकमुष्ट रकम पाउने गरी दुई महिनाभित्र कानुनी व्यवस्थाको प्रस्ताव गर्ने। | प्रस्तावित विद्यालय शिक्षा सम्बन्धी बिधेयकमा यो व्यवस्था समावेश भएको। |

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| १६. | काठमाडौ तराई मधेश द्रुतमार्ग अन्तर्गत खोकना बुङ्गमति क्षेत्रमा अधिग्रहण भएको जग्गा विवादको समस्या समाधान गर्ने प्रस्ताव तीन महिनाभित्र पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका आर्थिक पूर्वाधार हेर्ने सचिवको संयोजकत्वमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, रक्षा मन्त्रालय तथा गृह मन्त्रालयका सचिव र नेपाली सेनाका सो आयोजना हेर्ने रथी सदस्य रहेको एक समिति गठन गर्ने। | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**<br>• नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०८०/०१/०५ गतेको निर्णयबाट माननीय उपप्रधानमन्त्री एवम् रक्षा मन्त्रीको संयोजकत्वमा समिति गठन भई सो अन्तर्गत उप-समिति र सडक विभाग, संभार महाशाखाका उप-निर्देशकको संयोजकत्वमा कार्यदल गठन भई परामर्शदाताबाट द्रुतमार्गको शुरू बिन्दु तथा Traffic Dispersion को लागिपूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन पेश भएको<br>• Detail Feasibility Study को लागि Research and Training Unit (RTU), Pulchowk Campus संग प्रस्ताव माग गरिएको।<br><br>**रक्षा मन्त्रालय**<br>नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०१।०५ को निर्णयानुसार माननीय उपप्रधानमन्त्री एवम् रक्षा मन्त्रीको संयोजकत्वमा द्रुतमार्ग अन्तर्गत खोकना इलाकाको जग्गा प्राप्ति सम्बन्धी समस्या समाधान गर्न समिति गठन भई कार्य भइरहेको,<br><br>नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम माननीय उपप्रधानमन्त्री एवम् रक्षा मन्त्रीस्तरीय समिति गठन भई कार्यरत रहेकोले प्रधानमन्त्री तथा मं.प. कार्यालयका सचिवको संयोजकत्वमा छुट्टै समिति क्रियाशिल नरहेको । |

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| १७. | प्रदेश र स्थानीय तहका भौतिक पूर्वाधारका आयोजना/कार्यक्रमहरूमा अति न्यून बजेट हुने, कतिपय अनुपयुक्त विनियोजन, स-साना कार्यक्रम, दोहोरोपना जस्ता प्रवृत्तिले भौतिक निर्माण नतिजामूलक हुन नसकेको, साथै तीन तहका सरकारको खर्चको मापदण्डमा समेत एकरूपता ल्याउन आवश्यक देखिएकोले आयोजनाको वर्गीकरणसम्बन्धी मापदण्डको काम यथाशीघ्र सम्पन्न गरी कार्य विस्तृतीकरण प्रतिवेदनसमेतका आधारमा सबै तह र मन्त्रालयहरूले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने र आयोजना प्राथमिकीकरणलाई बजेट प्रस्ताव गर्दा अनिवार्य गर्ने; साथै अर्थ मन्त्रालयले तीनै तहका लागि कार्यान्वयन हुने गरी खर्चको मापदण्ड निर्माण गर्ने। | **अर्थ मन्त्रालय**<br>दोहोरोपना र अस्पष्टता हटाउन राष्ट्रिय समन्वय परिषद्को मिति २०८०/३/१६ को निर्णयले विभिन्न समितिहरुगठन भई काम भईरहेको ।<br><br>**कृषि मन्त्रालय**<br>निर्णय भए अनुसार नै आगामी आ.व २०८०/८१ को लागि कार्यक्रमहरुप्रस्ताव गरिएको।<br><br>**वन तथा वातावरण मन्त्रालय**<br>अर्थ मन्त्रालयको निर्देशन वमोजिम काम गर्ने गरेको ।<br><br>**युवा खेलकूद मन्त्रालय**<br>आयोजना वर्गिकरण सम्बन्धी मापदण्ड निर्माण नभएको ।<br><br>**खानेपानी मन्त्रालय।**<br>आ.व. २०८०।८१ को वार्षिक कार्यक्रम सुधार गर्दै मन्त्रालयलाई खानेपानी तथा सरसफाइ ऐन २०७९ ले दिएको जिम्मेवारी तथा आयोजना बर्गिकरण सम्बन्धी मापदण्ड बमोजिम संघीय मापदण्डमा नपरेका आयोजनाहरु सम्बन्धित तहबाटै कार्यान्वयन गर्ने गरी आयोजनाहरु प्रविष्ट भएको। मन्त्रालय अन्तर्गतको सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रममा समावेश करिव १८०० आयोजनाहरुमध्ये करिव ११०० आयोजनाहरु प्रदेश तहबाटै कार्यान्वयन गर्ने गरी हस्तान्तरण भएको । खानेपानी मन्त्रालयले **आफ्नो** मातहत निकायहरूलाई सम्बन्धित तहहरूसँग समन्वय गरी आयोजनाहरु दोहोरोपन भए-नभएको यकिन गरेर मात्र आयोजना कार्यान्वयन गर्न निर्देशन गरेको र सो अनुसार आयोजनाहरुमा दोहोरोपन हुन नदिन प्रयासहरु भईरहेको।<br><br>**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**<br>• प्रधानमन्त्री रोजगार कार्यक्रम (पहिलो संशोधन) निर्देशिका २०७७,<br>• युवा रोजगारीको लागि रूपान्तरण पहल आयोजना (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०७९<br>• रोजगार प्रवर्द्धन कार्यक्रम २०७९/८० को मार्गदर्शन,<br>• वैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरूका लागि पुनः एकीकरण परियोजना पहिलो चरण २०७९/८० को मार्गदर्शन, तर्जमा गरिएको। |

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।**<br>• वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आयोजनाहरूको प्राथमिकीकरण गर्ने गरिएको। साथै मापदण्ड निर्माणका लागि प्रतिनिधित्वका लागि माग भई आए पश्चात प्रतिनिधि तोकिने ।<br>• निर्णय कार्यान्वयन तथा नियमित प्रतिवेदनका लागि सवै स्थानीय तहलाई पत्राचार गरिएको।<br><br>**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।**<br>• तीनै तहको सरकारको क्षेत्र बर्गीकरणको कार्य भईरहेको ।<br><br>सडक विभाग मातहतको राष्ट्रिय राजमार्गहरूको गुरूयोजना ब्ष्द्य को सहयोगमा तयार भईरहेको । अबको ८ महिनामा उक्त कार्यको प्रतिवेदन प्राप्त हुने। सो प्रतिवेदनले राष्ट्रिय राजमार्गमा अबको १० बर्षको लगानी योजना तयार गर्ने । |
| १८. | प्रदेश र स्थानीय तहमा पर्याप्त जनशक्ति नहुँदा काम गर्न कठिनाई भएकोले प्रदेश तथा स्थानीय तहका लागि सङ्घबाट खटाइएका कर्मचारीलाई कम्तिमा एक वर्ष खटाइएको स्थानमै रहनु पर्ने व्यवस्था सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिलाउने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>माननीय मन्त्रीस्तरीय निर्णयानुसार गठित सरूवा व्यवस्थापन कार्यदलबाट प्रतिवेदन प्राप्त भई सोही प्रतिवेदन बमोजिम सरूवा व्यवस्थापन गर्न शुरू गरिएको । |
| १९. | नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) उत्खनन गर्ने विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय हुन नसक्दा विकास निर्माणमा समस्या आएकोले सो विषयमा मापदण्ड तोक्ने तथा उपयुक्त कानुन बनाउने काम प्रदेशले गर्ने, ठेक्का लगाउने काम सम्बन्धित स्थानीय तहबाट हुने एवम् प्राप्त राजस्व स्पष्टरूपमा बाँडफाँट गर्ने गरी कानुनी व्यवस्था गर्न आवश्यक कानुन संशोधनको प्रस्ताव सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समेत समन्वय गरी दुई महिनाभित्र गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>निर्माणजन्य सामग्रीको व्यवस्थापन तथा नियमन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपाल सरकार मन्त्रिपरिषद् पेश गरिएको । |

| नि. नं. | ५०औं बैठक निर्णयहरु | कार्यान्वयन स्थिति |
|---|---|---|
| २०. | सङ्घीय सरकारले स्थानीय तहमा हस्तान्तरण गर्ने सशर्त अनुदानको लागि निश्चित आयोजना वा कार्यक्रम नतोकी हासिल गर्नुपर्ने नतिजा सूचक तथा क्षेत्र तोकी विनियोजन गर्ने र आयोजना/कार्यक्रमको छनौट सम्बन्धित स्थानीय तहले नै गर्ने गरी अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने। | अप्राप्त |
| २१. | जिल्लाभित्र सञ्चालित सबै किसिमका विकास निर्माण/कार्यक्रमहरूको जिल्ला सभाले नियमितरूपमा त्रैमासिक समीक्षा गरी सोको प्रतिवेदन जिल्ला समन्वय समितिको आधिकारिक वेभसाईटमार्फत सार्वजनिकीकरण गर्ने व्यवस्था सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तीन महिनाभित्र मिलाउने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जिल्ला समन्वय समितिलाई पत्राचार गरिएको। समीक्षाको लागि समेत वजेट विनियोजन हुने गरेको । |
| २२ | सङ्घ तथा प्रदेश तहमा रहेका विश्वविद्यालयहरू तथा उच्च शिक्षा प्रदायक संस्थाहरूको आवश्यकता अनुसार गाभ्ने/गाभिने, समायोजन, शैक्षिक कार्यक्रमको पुनसंरचना तथा पाठ्यक्रम अद्यावधिक, शैक्षिक क्यालेण्डरको व्यवस्थापन लगायतका समसामयिक सुधारको मार्गचित्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालय अनुदान आयोगले तीन महिनाभित्र पेश गर्ने। | प्रस्तावित ऐनमा सम्बोधन गरिएको। त्रिविविले क्याम्पस गाभ्ने सम्बन्धी प्रक्रिया सुरू गरेको। एकीकृत क्यालेन्डरको मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको। |
| २३. | नागरिकले समयमै राहदानी पाउने व्यवस्था सुनिश्चित गर्न नयाँ खरिद प्रक्रियाअन्तर्गत राहदानी किताव खरिद गर्दा आपूर्ति हुने अवधिसम्म सो किताव अभाव वा नपुग हुने अवस्था भएमा त्यस्तो नपुग हुन आउने संख्याको राहदानी कितावको अन्तरिम व्यवस्थापन समयमै गर्न परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने। | मिति २०८०/०३/१२ को मन्त्रिपरिषद्को निर्णयानुसार आइडेमिया कम्पनीसँग भेरिएसन आदेशबाट थप २८ लाख राहदानी खरिद गर्ने निर्णय भई कम्पनीसँग संशोधन सम्झौता सम्पन्न भएको। आगामी ५ बर्षका लागि आवश्यक पर्ने राहदानी खरिद गर्ने प्रक्रिया अगाडि बढाइएको । |

## अनुसूची - ५

# राष्ट्रिय योजना आयोगको बैठकका निर्णयहरू

**बैठक मितिः २०७९/४/२६**
**बैठक संख्याः १**

**छलफल तथा निर्णयः**

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त व्यापार लजिष्टिक विकास नीतिको मस्यौदामा आयोगको बैठकमा उठेका सुझावहरू समेत समावेश गरी राय पठाउने ।

२. संघीय समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहबाट चालु आ.व. २०७९/८० मा कार्यान्वयन हुने गरी स्वीकृत भई प्रथम वर्षका लागि बजेट विनियोजन समेत भएका आयोजना/कार्यक्रमहरू (१ वर्षभन्दा बढी अवधि भएका) को ठेक्का व्यवस्थापनका सम्बन्धमा सम्बन्धित तहबाट आयोजना/कार्यक्रम प्रस्ताव गर्दाको समयमा पेश हुन आएको स्वीकृत विस्तृत आयोजना प्रतिवेदन (DPR) र कूल लागत अनुमान बमोजिम ठेक्का व्यवस्थापन गर्न सकिने ब्यहोराको जानकारी सम्बन्धित तहलाई गराइदिन अर्थ मन्त्रालयमा लेखी पठाउने ।

३. आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रमहरूको कार्यान्वय सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०७९/४/१७ को निर्देशन मन्तव्यको राष्ट्रिय योजना आयोगसँग सम्बन्धित बुँदाहरू सम्बन्धमा छलफल गरियो ।

४. राष्ट्रिय योजना आयोगको आ.व. २०७८/७९ को वार्षिक प्रगति एवं आ.व. २०७९/८० को कार्यक्रम सम्बन्धमा छलफल गरियो ।

५. संघीय संसद, राष्ट्रिय सभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको राष्ट्रिय गौरवका आयोजना अध्ययन प्रतिवेदन, २०७९ बाट प्राप्त सुझावहरु सम्बन्धमा छलफल गरियो ।

## बैठक मिति: २०७९/५/१४
### बैठक संख्या: २

**छलफल तथा निर्णय:**

१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त गोठाटारमा बृद्धाश्रम भवन निर्माण सम्बन्धी आयोजनालाई स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने । स्रोत सुनिश्चितता प्राप्त भएपछि उक्त आयोजनालाई बहुबर्षीय आयोजनाको रूपमा सहमति प्रदान गर्ने ।

२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त मदन भण्डारी राजमार्ग (आयोजना निर्देशनालय) बड्डीचौर-गुटु-कर्णाली सडक खण्ड सुर्खेतको ८१ कि.मि. स्तरोन्नति, मदन भण्डारी राजमार्ग (आयोजना निर्देशनालय) रिडि-तम्घास ४६.९७ कि.मि. स्तरोन्नति र डुम्रे-बेसीशहर-चामे मनाङ्ग सडक योजनाको लमजुङको टारीकुना देखि मनाङ्गको चामे सम्म ५०.६१ कि.मी. सडकखण्ड स्तरोन्नति कार्यको लागि स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने ।

३. नेपाल सरकार, राष्ट्रिय योजना आयोगको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्ययोजना बमोजिम देहायका आयोजना/कार्यक्रमहरुको आन्तरिक मूल्याङ्कन गर्ने:

| क्र.सं. | विषय | सम्बन्धित मन्त्रालय/निकाय |
|---|---|---|
| १ | एकल विन्दु सेवा सङ्कट केन्द्र | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| २ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ३ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ४ | साना किसान विकास लघु वित्त वित्तीय संस्थाको पशुपालन (मासुजन्य र दुधजन्य) कर्जा तथा पशुधन कार्यक्रम | अर्थ मन्त्रालय |
| ५ | नयाँ शहर विकास आयोजना | शहरी विकास मन्त्रालय |
| ६. | हवाई यातायात क्षमता अभिवृद्दि आयोजना | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |

४. ५० औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको तयारी र बैठकमा लैजाने एजेण्डाहरू सम्बन्धित माननीय सदस्यहरूले टुङ्ग्याई आयोगको बैठकमा प्रस्तुत गर्ने ।

## बैठक मिति: २०७८/६/०२
### बैठक संख्या: ३

**छलफल तथा निर्णयः**

१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट "नेपाल भ्रमण दशक, २०२३-२०३२" घोषणा सम्बन्धी अवधारणा पत्र स्वीकृत गर्न र नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने प्रयोजनार्थ राय माग भएकोमा आयोगको बैठकमा उठेका विषयवस्तु समेत समावेश गरी राय सुझाव उपलब्ध गराउने ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट कैलाली जिल्ला लम्कीचुहा नगरपालिका वडा नं. ३ को चिसापानी देखि सोही जिल्लाको मोहन्याल गाँउपालिका वडा नं. ७ राजकाँडामा होटल सहित टपस्टेसन रहने गरी करिव ३.१ किलोमीटर लम्बाई भएको जालपादेबी केवलकार प्रा.लि आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा समावेश गर्न सिफारिस साथ लेखी आएकोमा उक्त आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने ।

३. वन नियमावली, २०७९ सँग तादाम्यता हुने गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने सम्बन्धी मापदण्डको मस्यौदा यथाशिघ्र तयार गर्ने ।

४. राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रस्तुत गरिने प्रस्तावहरूका विषयमा छलफल गरियो । साथै, राष्ट्रिय विकास समस्या समाधान समिति, उपसमितिको बैठकमा भएको छलफलबाट आएका विषयहरू कार्यान्वयन गर्न सम्बन्धित विषयगत मन्त्रालय एवं निकायहरूलाई निर्देशन दिने ।

## बैठक मिति: २०७९/७/१७
### बैठक संख्या: ४

**छलफल तथा निर्णयः**

१. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेलले आफ्नो पदबाट राजिनामा दिनु भएकोले उहाँलाई सफल कार्यकालको लागि धन्यवाद दिइयो ।

२. राष्ट्रिय योजना आयोगका बरिष्ठ सदस्य तथा प्रवक्ता डा. दिलबहादुर गुरूङ अर्को व्यवस्था नभए सम्मका लागि उपाध्यक्षको रूपमा कामकाज गर्न तोकिनु भएकोले आयोगको प्रवक्तामा माननीय सदस्य डा. राम कुमार फुयाललाई तोक्ने निर्णय गरियो ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयको सातदोबाटो-माडीचौर-घर्तीगाउँ-पातीहाल्ने-बागचौर सडक खण्ड ७६.५० कि.मि. स्तरोन्नती कार्य गर्न रू.९ अर्ब ६७ करोड ३ लाख बराबरको बहुवर्षीय ठेक्का सहमतिको लागि अनुरोध भई आएकोमा नपुग कागजात प्राप्त भएपछि स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने ।

४. बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि हालको बजेट/स्रोत कम (Funding Gap) भएकोले अमेरिकी सहयोग नियोग (USAID) मार्फत प्रस्तावित सुआहारा तेस्रो तथा अन्य स्वास्थ्य तथा कुपोषण अन्त्य सम्बन्धी आयोजनाको लागि प्राप्त हुने रकम मध्ये संभव भएसम्मको अधिकतम रकम On budget on treasury system मार्फत नेपाल सरकारलाई बजेटरी सहयोगका रुपमा प्राप्त हुने गरी USAID सँग वार्ता गरी सोही अनुरुप वित्तीय संझौता (Financial Agreement) गर्ने व्यवस्था हुन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने ।

५. राष्ट्रिय योजना आयोगले तयार पारेको सामाजिक सुरक्षा संरचना स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पठाउने ।

## बैठक मितिः २०७९/७/२२
### बैठक संख्याः ५

**छलफल तथा निर्णयः**

१. पहिलो त्रैमासिक प्रगति समीक्षा गर्न मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सञ्चालनको लागि सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गर्ने ।

२. अनुगमन तथा मूल्याँकन प्रणालीलाई सुदृढ, परिस्कृत र संस्थागत गर्न अनुगमन तथा मूल्याँकन महाशाखालाई निर्देशन दिने ।

**विविधः**

१. आयोगका माननीयज्यूहरूबाट गत महिना र यस महिना भएका आन्तरिक तथा बैदेशिक भ्रमणको सम्बन्धमा छलफल गरियो ।

## बैठक मिति: २०७९/७/२९
### बैठक संख्या: ६

**छलफल तथा निर्णय:**

१. राष्ट्रिय योजना आयोगको बार्षिक प्रतिवेदन (२०७८-७९) को मस्यौदामा आयोगको बैठकमा उठेका सुझावहरू समेत समावेश गरी स्वीकृत गरी प्रकाशन एवं सार्वजनिक गर्ने ।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको ४०० शैय्याको शिक्षण अस्पताल निर्माण कार्य बहुवर्षीय ठेक्का सहमति प्रदानका लागि स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने । साथै लुम्बिनी प्रदेशस्तरीय क्षयरोग उपचार व्यवस्थापन तथा प्रेषण केन्द्रको भवन निर्माण कार्यलाई आयोजनाको बहुबर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ अनुसार प्रकृया अघि बढाउने निर्णय गरियो ।

३. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ को परिमार्जन गर्ने सम्बन्धमा प्रारम्भिक छलफल गरियो ।

४. राष्ट्रिय विकास समस्या समाधान समितिको ४९ औं बैठकको निर्णयको कार्यान्वयन सम्बन्धमा छलफल गरियो।उक्त बैठकले निर्देशित गरे अनुसार राष्ट्रिय योजना आयोगका माननीयज्यूहरूको संयोजकत्वमा गठित समितिहरूको अध्ययन प्रतिवेदनलाई यथाशिघ्र अन्तिम रूप दिई आयोगमा पेश गर्ने निर्णय गरियो ।

५. चालू आर्थिक बर्षमा आयोगबाट भएको निर्णयहरूको कार्यान्वयनको अवस्थाको विषयमा छलफल गरियो ।

६. आयोगका माननीयज्यूहरूबाट भएका आन्तरिक तथा बैदेशिक भ्रमणको सम्बन्धमा छलफल गरियो ।

## बैठक मिति: २०७९/८/७
### बैठक संख्या: ७

**छलफल तथा निर्णयः**

१. राष्ट्रिय योजना आयोगबाट हुने अनुगमन तथा मूल्याङ्कन कार्यलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन देहाय बमोजिमको प्रकृया अवलम्बन गर्ने:

क. आयोगबाट हुने अनुगमन भ्रमण सम्बन्धी प्रतिवेदनको एक प्रति अनुगमन तथा मूल्याङ्कन महाशाखामा पठाउने । अनुगमन तथा मूल्याङ्कन महाशाखामा प्रतिवेदन प्राप्त भएको यकिन गरेर मात्र दैनिक भ्रमण भत्ता भुक्तानी हुने व्यवस्था प्रशासन महाशाखाले मिलाउने।

ख. आयोगबाट हुने अनुगमन तथा मूल्याङ्कन कार्यमा यथासम्भव अनुगमन तथा मूल्याङ्कन महाशाखा अन्तर्गतका कर्मचारीहरुलाई सहभागी गराउने व्यवस्था मिलाउने ।

ग. अनुगमन भ्रमण सम्बन्धी प्रतिवेदनमा उल्लेख भएका समस्या तथा समाधानका लागि दिइएका सुझाव/निर्देशनहरु कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय/आयोजना कार्यालयमा अनिवार्य रुपमा पठाउने व्यवस्था गर्ने ।

घ. राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकहरुबाट गठन भएका विभिन्न समिति/कार्यदलको प्रतिवेदन एक प्रति अनिवार्य रुपमा अनुगमन तथा मूल्याङ्कन महाशाखामा पठाउने व्यवस्था गर्ने ।

ङ. अनुगमन तथा मूल्याङ्कन महाशाखाले अनुगमन र मुल्यांकनका प्रतिवेदनहरु व्यवस्थित ढंगले अभिलेखबद्ध गर्ने ।

२. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने सम्बन्धी मापदण्ड, २०७५ मा समसामयिक परिमार्जन गर्न आयोगको मिति २०७९/६/०२ मा बसेको बैठकको निर्णय नं ३ बाट वन नियमावली, २०७९ सँग तादाम्यता हुने गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने सम्बन्धी मापदण्डको मस्यौदा यथाशीघ्र तयार गर्ने भनी निर्णय भए अनुसार मस्यौदा गरिएको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने सम्बन्धी मापदण्ड, २०७९ को मस्यौदामा आयोगको बैठकमा उठेका विषयवस्तुहरू समेत समावेश गरी स्वीकृत गर्ने एवं उक्त मापदण्ड आयोगको वेभसाइटमा प्रकाशन गर्ने ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको शहीद मार्ग (घोराही-होलेरी-नुवागाउँ- तिलाघर्तीगाउँ-थवाङ्ग-मुसिकोट-मैकोट) को दारबो- घर्तीगाउँ चेनेज ६९+४८०

देखि ९५+०४८ सम्म २५.४४८ कि.मि., दुईखोली-खरिबोट चेनेज १०४+५०० देखि ११५+४६५ सम्म १०.९६५ कि.मि., थवाङ-महत चेनेज १३६+००० देखि १४८+१६ सम्म १२.१६० कि.मि गरी जम्मा ४८.६९ कि.मि. सडक खण्डको स्तरोन्नति कार्य गर्नको लागि अर्थ मन्त्रालयबाट प्रचलित कानून तथा स्वीकृत मापदण्डको प्रक्रिया पुरा गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको विनियोजित बजेटबाटै स्रोत व्यवस्थापन गर्ने गरी बढीमा रु. २ अर्बको स्रोत सहमति प्राप्त भएकोले उक्त मन्त्रालयकै विनियोजित बजेट भित्र रही उक्त आयोजनालाई बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयन गर्न सहमति प्रदान गर्ने।

## बैठक मिति: २०७९/८/१३

### बैठक संख्या: ८

**छलफल तथा निर्णयः**

१. नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहहरूमा हस्तान्तरित आयोजना/कार्यक्रमहरूलाई पुनः संघमा ल्याउँदा कार्यान्वयनमा कठिनाई हुने हुँदा हस्तान्तरित आयोजना/कार्यक्रमहरूलाई पुन संघमा नल्याउने व्यवस्था मिलाउन नेपाल सरकारलाई सुझाव दिने ।

२. सोह्रौं पञ्चवर्षीय योजना तर्जुमाको समयसारिणी अनुसार संघीयतालाई थप मजबुत बनाउने गरी सो को अवधारणा पत्र यथाशीघ्र तयार गरी स्वीकृतिको लागि आयोगको बैठकमा आर्थिक व्यवस्थापन महाशाखाले पेश गर्ने ।

३. प्रदेश तथा स्थानीय तहहरूमा प्रदान गरिएको समपुरक तथा विशेष अनुदानबाट सञ्चालित आयोजनाहरूलाई बहुवर्षीय ठेक्का प्रकृयाबाट सञ्चालन गर्न सहमति प्रदान गरिदिन आयोगको पूर्व बैठकबाट निर्णय गरी अर्थ मन्त्रालयमा पत्राचार गरिएकोमा उक्त विषय अर्थ मन्त्रालयबाट कार्यान्वयन नभएकोले सो को अविलम्ब कार्यान्वयन हुन अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने ।

४. आ.व. २०८०/८१ को लागि प्रदेश/स्थानीय तह मार्फत सञ्चालन हुने विशेष/समपुरक अनुदानका आयोजना छनौट गर्दा क्रमागत आयोजनालाई पहिलो प्राथमिकतामा राखेर छनौट गर्ने; यस सम्बन्धी विषय सबै प्रदेश/स्थानीयतहमा समयमा नै जानकारी गराउने ।

## बैठक मिति: २०७९/८/२७
### बैठक संख्याः ९

### छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट श्रावण मसान्तभित्र यस आयोगमा पेश भएको कोशी करिडोर (अरूण कोरिडोर) को चतरा - लेगुवाघाट (चेनेज ३९+५०० देखि ६५+ ५०९सम्म) २६.५०९ कि.मि. सडक खण्डलाई ग्राभेल स्तरमा निर्माण कार्य गर्न अर्थ मन्त्रालयबाट प्राप्त पत्रमा उल्लेखित शर्त बमोजिम स्रोत व्यवस्थापन हुने गरी वातावरणीय अध्ययन कार्य (EIA/IEE) को स्वीकृत पत्र/प्रतिवेदन यस आयोगमा प्राप्त भएपश्चात् मात्र बहुवर्षीय ठेक्का सम्बन्धी दोस्रो संशोधन मापदण्ड, २०७८ को दफा (३) को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्का स्वीकृति प्रदान गर्ने ।

२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट श्रावण मसान्तभित्र यस आयोगमा पेश भएको बड्डीचौर-गुटु- कर्णाली सडक खण्ड, सुर्खेत ८१ कि.मि. आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धमा अर्थ मन्त्रालयबाट प्राप्त पत्रमा उल्लेखित शर्त बमोजिम स्रोत व्यवस्थापन हुने गरी वातावरणीय अध्ययन कार्य (EIA/IEE) को स्वीकृत पत्र/प्रतिवेदन यस आयोगमा प्राप्त भएपश्चात् मात्र बहुवर्षीय ठेक्का सम्बन्धी दोस्रो संशोधन मापदण्ड, २०७८ को दफा (३) को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्का स्वीकृति प्रदान गर्ने ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट श्रावण मसान्तभित्र यस आयोगमा पेश भएको डुम्रे- वेशिशहर- चामे- मनाङ्ग सडक योजनाको टारीकुना-चेनेज ५२+९०० देखि चेनेज १०३+५१० सम्म) ५०.६१ कि.मि. स्तरोन्नति गर्न अर्थ मन्त्रालयबाट प्राप्त पत्रमा उल्लेखित शर्त बमोजिम स्रोत व्यवस्थापन हुने गरी वातावरणीय अध्ययन कार्य (EIA/IEE) को स्वीकृत पत्र/प्रतिवेदन यस आयोगमा प्राप्त भएपश्चात् मात्र बहुवर्षीय ठेक्का सम्बन्धी दोस्रो संशोधन मापदण्ड, २०७८ को दफा (३) को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्का स्वीकृति प्रदान गर्ने ।

४. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको पत्रानुसार गुरुयोजना तयार भई सकेको र सो अनुरुप वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य अगाडि बढाइएको भनी लेखी आएको सन्दर्भमा भारतीय अनुदान सहायतामा निर्माण हुने दोधारा- चाँदनी वन्दरगाहका लागि वन क्षेत्र प्रयोग गर्न वन नियमावली, २०७९ को नियम ८८ को उपनियम १ (च) बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा स्वीकृति प्रदान गर्ने ।

५. आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमा सम्बन्धमा राष्ट्रिय योजना आयोगबाट गरिने कार्यहरूको समयसारिणी स्वीकृत गरी सोही अनुसार गर्न गराउन सबैलाई सञ्चार गर्ने ।

६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त राष्ट्रिय भुक्तानी प्रणाली (National Payment Gateway) परियोजनालाई बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयन गर्न अर्थ मन्त्रालयबाट प्राप्त पत्र र शर्त बमोजिम स्रोत व्यवस्थापन हुने गरी बहुवर्षीय ठेक्का सम्बन्धी दोस्रो संशोधन मापदण्ड, २०७८ को दफा (३) को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्का स्वीकृति प्रदान गर्ने ।

## बैठक मिति: २०७९/९/५
## बैठक संख्या: १०

**छलफल तथा निर्णय:**

१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त राष्ट्रिय भुक्तानी प्रणाली (National Payment Gateway) आयोजनाको बहुवर्षीय ठेक्का स्वीकृति सम्बन्धमा अर्थ मन्त्रालयबाट प्राप्त पत्रमा उल्लेखित शर्त बमोजिम स्रोत व्यवस्थापन हुने गरी बहुवर्षीय ठेक्का सम्बन्धी दोस्रो संशोधन मापदण्ड, २०७८ को दफा (३) को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्का स्वीकृति प्रदान गर्ने ।

२. साविकमा दिगो विकास लक्ष्यका विश्वव्यापी सूचकहरू २३७ र राष्ट्रिय सूचकहरू २५७ गरी जम्मा ४७९ सूचकहरु (दोहोरिएका समेत ४९४) रहेकोमा विश्वव्यापी सूचकहरू २३७ यथावत गरी राष्ट्रिय सूचकहरू २३४ कायम गरी जम्मा सूचकहरू ४७१ कायम गर्ने ।

३. राष्ट्रिय योजना आयोगबाट सम्पन्न भएका अध्ययन प्रतिवेदनहरू स्वीकृत गरी सार्वजनिक गर्ने ।

४. मर्यादित महिनावारीलाई नीतिगत र कार्यक्रमिक रूपमा आन्तरिकीकरण गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने माननीय सदस्यको संयोजकत्वमा अन्तर मन्त्रालय सल्लाहकार समूह गठन गर्ने । उक्त समूहको सहयोगको लागि विकास साझेदार जर्मन अन्तराष्ट्रिय सहयोग संस्थाबाट प्राविधिक सहायताको रूपमा प्राप्त हुने विज्ञको सेवा लिन स्वीकृति दिने ।

## बैठक मिति: २०७९/८/९
### बैठक संख्याः ११

**छलफल तथा निर्णयः**

१. खाद्य प्रणाली रुपान्तरणको रणनैतिक योजना (२०७९/८०-२०८६/८७) स्वीकृत गरी कार्यान्वयनमा ल्याउने प्रयोजनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्ने प्रकृया अगाडि बढाउन स्वीकृति दिने ।

२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट लेखी आए बमोजिम बजेट उपशीर्षक नं. ३३७०११७७ अन्तर्गत राप्ती राजमार्गको खौलापास-मुसिकोट-पिपल छहरेबगर सडक खण्ड (National Highway NH–55) आयोजनाको बहुवर्षीय ठेक्का स्वीकृतिका सम्बन्धमा अर्थ मन्त्रालयबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा लेखिएको पत्रमा उल्लेखित शर्त बमोजिम स्रोत व्यवस्थापन हुने गरी बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) बमोजिम बहुवर्षीय ठेक्का स्वीकृति प्रदान गर्ने ।

## बैठक मिति: २०७९/९/१०
### बैठक संख्याः १२

**छलफल तथा निर्णयः**

१. नेपाल सरकारको मिति २०७९/१०/४ को निर्णय अनुसार आयोगमा उपाध्यक्ष र सदस्य पदमा नियुक्त गरेकोमा नेपाल सरकारलाई धन्यवाद दिने ।

२. चालु पन्ध्रौ योजनाको मध्यावधी समीक्षा एवं आयोगका चालु कार्यक्रमका सम्बन्धमा छलफल गरियो ।

## बैठक मिति: २०७९/१०/२५
### बैठक संख्याः १४

**छलफल तथा निर्णयः**

१. आयोगको प्रवक्तामा माननीय सदस्य डा. रामकुमार फुयाँललाई तोक्ने ।

## बैठक मिति: २०७९/११/०३
### बैठक संख्याः १५

**छलफल तथा निर्णयः**

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पत्रबाट चालु आ.व.मा ब.उ.सि.नं. ३३७०१११८ (उत्तर- दक्षिण व्यापारिक मार्ग विस्तार आयोजना) अन्तर्गत उत्तर-दक्षिण (कोशी) सडक योजना, खाँदवारी, संखुवासभा सडकको बरूण देखि च्याम्ताङ (चेनेज ८०+००० देखि १३४+०००) सम्म सडक खण्डलाई ग्राभेल स्तरमा स्तरोन्नति गर्न रू. ३ अर्ब ५५ करोड बराबरको बहुवर्षीय ठेक्काको सहमति माग भई आएको विषयमा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने ।

२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पत्रबाट चालु आ.व. मा ब.उ.सि.नं. ३३७०२१०१ अन्तर्गत रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजनाको बर्दिबास-निजगढ (चोचा) खण्डको ७ वटा रेल्वे स्टेशन तथा ३५ कि.मि. स्लिपर, ब्लास्ट, अन्य पूर्वाधार, विद्युत सम्बन्धी कार्य, सिग्नल र टेलिकम्युनिकेशनको कार्य गर्न बहुवर्षीय ठेक्का सहमति माग भई आएको विषयमा छलफल भयो । प्रस्तुत सन्दर्भमा आयोजनाबाट रेल्वे सम्बन्धी निर्माण कार्य गर्दा अवलम्बन गर्न लागिएको प्राविधिक विषयहरुमा थप छलफल पश्चात आवश्यक निर्णय गर्ने ।

## बैठक मिति: २०७९/११/१०
**बैठक संख्याः १६**

**छलफल तथा निर्णयः**

१. आयोजना विकास, लेखाजोखा, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९ उपर छलफल भयो ।

## बैठक मिति: २०७९/११/१७
**बैठक संख्याः १७**

**छलफल तथा निर्णयः**

१. आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९ स्वीकृत गर्ने र बजेट तर्जुमा मार्गदर्शनमा यस मापदण्डको कार्यान्वयन गर्ने बुँदा थप गरी संशोधन पठाउने ।

## बैठक मिति: २०७९/१२/२१
**बैठक संख्याः १९**

**छलफल तथा निर्णयः**

१. योजना वर्गीकरणको आधार तथा मापदण्ड, २०७९ स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न सिफारिस गर्ने ।

२. खानेपानी मन्त्रालयबाट प्राप्त राष्ट्रिय खानेपानी, सरसफाई र स्वच्छता नीतिको मस्यौदा उपर आयोगको बैठकमा प्राप्त सुझावहरू समेत समावेश गरी राय/सुझाव पठाउने ।

३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्राप्त "राष्ट्रिय स्वास्थ्य वित्त रणनीति २०७९-२०८९" मा आयोगको बैठकमा प्राप्त सुझावहरू समेत समावेश गरी राय सुझाव पठाउने ।

४. वन तथा वातावरण मन्त्रालयबाट प्राप्त राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला, ललितपुरको अत्याधुनिक हर्वेरियम भवन निर्माण कार्यको लागि वन तथा वातावरण मन्त्रालयको नियमित बजेट सिलिङबाटै व्यवस्थापन गर्ने गरी बहुवर्षीय ठेक्का प्रक्रियामा लैजान बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ को दफा ३ को उपदफा (४) बमोजिम स्वीकृति प्रदान गर्ने ।

## बैठक मितिः २०७९/१२/२८
### बैठक संख्याः २०

**छलफल तथा निर्णयः**

१. सोहौं योजना तर्जुमा तयारीको समय सीमा (कार्यतालिका) स्वीकृत गरी योजना तर्जुमा कार्यप्रकृया अनुसार आवश्यक समितिहरू गठन गरी तर्जुमा कार्य शुरू गर्ने निर्णय गरियो ।

२. राष्ट्रिय योजना आयोगको आ.व. २०८०/८१ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा छलफल गरियो ।

## बैठक मितिः २०८०/१/२६
### बैठक संख्याः २३

**छलफल तथा निर्णयः**

१. सङ्घीय सरकारबाट प्रदेश सरकार तथा स्थानीय तहलाई प्रदान गरिने समपूरक अनुदानमार्फत सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहमा कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको लागि समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम प्रस्ताव आह्वान गरिएकोमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी आगामी आ.व.२०८०/८१ का लागि समपूरक अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन गरिने नयाँ तथा क्रमागत आयोजना/कार्यक्रमका लागि राष्ट्रिय स्रोत समितिबाट प्रदेशतर्फ रु. ६२२.१६ करोड र स्थानीय तहतर्फ रु. ७०४.५७ करोड गरी कुल रु. १३२६.७३ करोड बजेट सीमा प्राप्त भए बमोजिम उल्लिखित बजेट सीमा भित्र रही प्रदेश सरकारतर्फ ७६ आयोजना/कार्यक्रमका लागि रू. ६२२.१६ करोड तथा स्थानीय तहतर्फ ९३२ आयोजना/कार्यक्रमका लागि रु. ७०४.५७ करोड बजेट विनियोजन गर्न "समपूरक अनुदान आयोजना/कार्यक्रम छनौट समिति" बाट सिफारिस भएबमोजिम छनौट भएका आयोजना/कार्यक्रमको संलग्न विवरण जानकारी तथा आवश्यक कार्यार्थ अर्थ मन्त्रालयमा पठाउने ।

२. सङ्घीय सरकारबाट प्रदेश सरकार तथा स्थानीय तहलाई प्रदान गरिने विशेष अनुदानमार्फत सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहमा कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको लागि विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम प्रस्ताव

आह्वान गरिएकोमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी आगामी आ.व.२०८०/८१ का लागि सङ्घीय विशेष अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन गरिने नयाँ तथा क्रमागत आयोजना/कार्यक्रमका लागि राष्ट्रिय स्रोत समितिबाट प्रदेशतर्फ रु. ४४५.७९ करोड र स्थानीय तहतर्फ रु. ८७२.६९ करोड गरी कुल रु. १३१८.४८ करोड बजेट सीमा प्राप्त भएबमोजिम उल्लिखित बजेट सीमाभित्र रही प्रदेश सरकारतर्फ ६४ आयोजना/कार्यक्रमका लागि रु. ४४५.७९ करोड तथा स्थानीय तहतर्फ ९२८ आयोजना/कार्यक्रमका लागि रु. ८७२.६९ करोड बजेट विनियोजन गर्न "विशेष अनुदान आयोजना/कार्यक्रम छनौट समिति" बाट सिफारिस भएबमोजिम छनौट भएका आयोजना/कार्यक्रमको संलग्न विवरण जानकारी तथा आवश्यक कार्यार्थ अर्थ मन्त्रालयमा पठाउने ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको पत्रबाट उजिरसिंह रंगशाला निर्माण आयोजना बुटवललाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न सिफारिस भै आए अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ अनुसार उक्त आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने ।

## बैठक मिति: २०८०/०२/०२
### बैठक संख्या: २४

**छलफल तथा निर्णय:**

४. आर्थिक वर्ष २०८०/८१ को बजेट तर्जुमा सम्बन्धमा राष्ट्रिय योजना आयोगमा भएको नीतिगत एवं कार्यक्रमगत छलफलका आधारमा तयार गरिएको बजेट छलफल प्रतिवेदन स्वीकृत गरी अर्थ मन्त्रालयमा प्रेशित गर्ने ।

५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सिफारिश भैआएको परशुराम नगरपालिका, डडेल्धुरामा रहेको सलेता - सिमलवण्ड - पलगढि सडक निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने ।

६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त भएको राष्ट्रिय व्यवसायिक तालिम नीतिको मस्यौदा उपर आयोगको बैठकमा उठेका विषयहरू समेत समावेश गरी राय पठाउने ।

७. स्थानीयतहको लागि तयार भएको स्थानीयतह आयोजना बैंक सूचना प्रणाली सबै स्थानीयतहहरूमा हस्तान्तरण गर्ने ।

८. संसद सचिवालयबाट प्राप्त प्रतिनिधि सभा तथा राष्ट्रिय सभामा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता सम्बन्धी छलफलमा माननीय सदस्यहरूबाट प्रस्तुत भएका विचारहरूको संक्षिप्त प्रतिवेदनमा उल्लेखित विषयहरू उपर छलफल गरियो ।

## बैठक मिति: २०८०/०२/०९
### बैठक संख्या: २५

**छलफल तथा निर्णयः**

९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त राष्ट्रिय आपूर्ति नीति, २०७९ को मस्यौदामाथि आयोगको बैठकमा उठेका विषयहरू समेत समावेश गरी राय परामर्श उपलब्ध गराउने ।

१०. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सिफारिश भई आएको बडीकेदार गाँउपालिका डोटीमा १० शैयाको अस्पताल र गाँउपालिका कार्यालयको प्रशासकीय भवन निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ को दफा ४ (घ) बमोजिम राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने।

## बैठक मिति: २०८०/०२/२५
### बैठक संख्या: २६

**छलफल तथा निर्णयः**

११. सोह्रौं योजना तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८० तथा सोह्रौं योजना (२०८१/८२-२०८५/८६) तयारीको संशोधित समयतालिका स्वीकृत गर्ने ।

## बैठक मिति: २०८०/०३/०५
### बैठक संख्या: २८

**छलफल तथा निर्णय:**

१. खानेपानी मन्त्रालयको मिति २०७९/११/३० को पत्रसाथ प्राप्त सचिवस्तरीय सिफारिस र निर्णय एवम् अर्थ मन्त्रालयको मिति २०८०/०२/२९ को पत्रमा उल्लेखित स्रोत सुनिश्चितताको आधारमा भैमाल गोढाटार सहलगानी खानेपानी आयोजना काठमाण्डौलाई प्रचलित कानून र स्वीकृत मापदण्डको पालना हुने गरी आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड (तेस्रो संशोधन) २०७९ बमोजिम बहुवर्षीय ठेक्काको रुपमा अघि बढाउन स्वीकृति दिने ।

२. खानेपानी मन्त्रालयको मिति २०७९/११/३० को पत्रसाथ प्राप्त सचिवालयस्तरीय सिफारिस र निर्णय एवम् अर्थ मन्त्रालयको मिति २०८०/०२/२९ को पत्रमा उल्लेखित स्रोत सुनिश्चितताको आधारमा लम्बीचुहा सहलगानी खानेपानी आयोजना कैलालीलाई प्रचलित कानून र स्वीकृत मापदण्डको पालना हुने गरी आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड (तेस्रो संशोधन) २०७९ बमोजिम बहुवर्षीय ठेक्काको रुपमा अघि बढाउन स्वीकृति दिने ।

## बैठक मिति: २०८०/०३/१२
### बैठक संख्या: २९

**छलफल तथा निर्णय:**

१. कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रूकुम(पश्चिम) जिल्लाको त्रिवेणी गाउँपालिका स्थित खारा जनयुद्ध सङ्ग्रहालय निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको रूपमा समावेश हुन सिफारिस भईआए अनुसार उक्त आयोजनालाई "राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९" को दफा ४(ग) बमोजिम राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने ।

## बैठक मितिः २०८०/०३/१९
### बैठक संख्याः ३०
**छलफल तथा निर्णयः**

१. खानेपानी मन्त्रालयको मिति २०७९/११/१२ को पत्रबाट सचिवस्तरीय सिफारिश र निर्णय एवम् अर्थ मन्त्रालयको मिति २०८०/२/२९ को पत्रमा उल्लेखित स्रोत सुनिश्चितताको आधारमा त्रिशुलीबजार ढल निर्माण तथा प्रशोधन आयोजनालाई "आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड (तेश्रो संशोधन) २०७९" अनुसार बहुवर्षिय ठेक्काको रूपमा अघि बढाउन स्वीकृति दिने ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सिफारिश भई आए अनुसार देहायका आयोजनाहरूलाई "राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९" अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्नेः

क. ललितपुर जिल्लाको गोदावरी न.पा.-१० स्थित भ्यालुङ्टार सामुदायिक वन, चापागाउँमा बन्ने बहुउद्देश्यीय रङ्गशाला निर्माण आयोजना ।

ख. हर्रे मनिरामकाँडा सडक आयोजना, भेरीगंगा नगरपालिका-५, सुर्खेत ।

ग. १५ शैयाको अस्पताल निर्माण आयोजना, लेकवेशी नगरपालिका-४, सुर्खेत ।

३. गृह मन्त्रालयबाट केन्द्रिय कारागार भवन निर्माण (तेस्रो चरण) नुवाकोटलाई बहुवर्षीय आयोजनाको रूपमा सञ्चालन गर्ने स्वीकृतिका लागि अनुरोध भई आएको विषयका सम्बन्धमा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड (तेस्रो संशोधन), २०७९ बमोजिम स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने ।

**बैठक मितिः २०८०/०३/२८**
**बैठक संख्याः ३१**

**छलफल तथा निर्णयः**

४. सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय योजना आयोगका अध्यक्ष श्री पुष्पकमल दाहाल "प्रचण्ड" की जीवनसंगिनी प्रथम महिला श्री सिता दाहालको मिति २०८० असार २७ गते भएको असामयिक निधनले परिवार तथा राष्ट्रलाई अपुरणीय क्षति पुगेको छ। यस दुःखद् घडीमा दिवंगत वहाँप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोकमा रहनु भएका सम्माननीय प्रधानमन्त्रीज्यू सहित सम्पूर्ण शोकसन्तप्त परिवारजन एवम् आफन्तजन प्रति गहिरो समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गरियो।

५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त "एन्टी माइक्रोबियल रेजिस्टेन्स राष्ट्रिय कार्ययोजना, २०२३-२०२८" को मस्यौदामा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।

६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त "राष्ट्रिय ज्येष्ठ नागरिक नीति, २०८०" को मस्यौदामा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।

अनुसूची - ६

# मध्यमकालीन खर्च संरचना
(आर्थिक वर्ष २०८०/८१-२०८२/८३)

## मध्यमकालीन आर्थिक खाका

पन्ध्रौं योजनामा उल्लेखित आर्थिक वृद्धिदरको लक्ष्य र अर्थतन्त्रको पछिल्लो अवस्थाका आधारमा आ.व. २०८०/८१ सहित आगामी तीन वर्षको समष्टिगत आर्थिक खाका तयार गरिएको छ। आर्थिक खाका तर्जुमा गर्दा सार्वजनिक वित्तको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन, निजी तथा सहकारी क्षेत्रको लगानी, उत्पादन र रोजगारीमा प्रोत्साहनसहित समष्टिगत आर्थिक स्थायित्व कायम गर्न जोड दिइएको छ। यस क्रममा अर्थतन्त्रको वर्तमान अवस्था तथा सोको पुनरुत्थानको आवश्यकतालाई मध्यनजर गर्दै आगामी आ.व. २०८०/८१ को आर्थिक वृद्धिदरको अनुमान तथा प्रक्षेपण गरिएको छ। यस अनुसार वास्तविक क्षेत्रअन्तर्गत उत्पादन, आयका साथै समष्टिगत अर्थतन्त्रका मौद्रिक तथा वित्तीय क्षेत्र एवम् बाह्य क्षेत्रका सूचकसहितको खाका तर्जुमा गरिएको छ। दोस्रो र तेस्रो वर्षका लागि "आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि राष्ट्रिय स्रोतको अनुमान तथा खर्च सीमा निर्धारण सम्बन्धी प्रतिवेदन" मा आधारित लक्ष्यमा केही परिमार्जन गरी अपेक्षित उपलब्धिका मान तय गरिएको छ। समष्टिगत आर्थिक खाकामा उल्लेखित सूचकहरूको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

## तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ५.२६ | २.१६ | ६.०० | ७.५ | ८ |
| | कृषि, वन तथा मत्स्य | प्रतिशत | २.२४ | २.७ | ३.१ | ३.८ | ३.७ |
| | उद्योग | प्रतिशत | १०.८९ | ०.५६ | ६.८ | ९ | ९.३ |
| | सेवा | प्रतिशत | ५.३२ | २.३३ | ६ | ८.४ | ९ |
| २ | प्रतिव्यक्ति राष्ट्रिय आय | अमेरिकी डलर | १४०७ | १४१० | १५७२ | १७४० | १९३५ |
| ३ | मुद्रास्फीति | प्रतिशत | ६.३ | ७.५ | ६.५ | ६ | ६ |
| ४ | भुक्तानी सन्तुलन | रू अर्व (+/-) | -२५५.३ | १०० | २० | ३० | ३० |
| ५ | व्याजदर | प्रतिशत | ९.५ | १०.३ | ८.५ | ८ | ६.५ |
| ६ | राजस्व वृद्धिदर | प्रतिशत | १४ | ५.५ | २०.१ | १४ | १४.५ |
| ७ | आन्तरिक ऋण (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ४.७ | ४.८ | ४ | ४ | ४ |
| ८ | वैदेशिक सहायता वृद्धिदर | प्रतिशत | -२८.७ | ३९.९ | २५.९ | -४.२ | १.२ |
| ९ | विनिमय दर | नेरु/अमेरिकी डलर | ११९.९ | १३२ | १३३.६ | १३४.२ | १३६.९ |
| १० | आर्थिक जोखिम सूचकाङ्क (EVI) | सूचकाङ्क | २४.७ | २४.७ | २३.५ | २३ | २२.५ |
| ११ | मानव सम्पत्ति सूचकाङ्क (HAI) | सूचकाङ्क | ७४.९ | ७४.९ | ७७ | ७८ | ७९ |

### मध्यमकालीन नतिजा खाका

पन्ध्रौं योजनाले लिएका राष्ट्रिय लक्ष्य र विषय क्षेत्रगत अपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका तयार गरिएको छ । सो खाका तयार गर्दा चालु आ.व. २०७९/८० को अनुमानित उपलब्धि र २.४ को मध्यमकालीन आर्थिक खाकामा उल्लेख भएबमोजिम आगामी आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकामा दोस्रो र तेस्रो वर्षको लागि अधिकांश सूचकका मान विषयगत मन्त्रालय तथा निकायहरुले उपलब्ध गराएका चालु वर्षका मान तथा अन्य दस्तावेजमा उल्लेख भएका मानसँग सामन्जस्य हुनेगरी उल्लेख गरिएको छ । आ.व. २०७९/८० को अनुमानित उपलब्धि विषय क्षेत्रगत मन्त्रालय तथा निकायबाट प्राप्त विवरण तथा विभिन्न स्रोतबाट उपलब्ध तथ्याङ्को आधारमा उल्लेख गरिएको छ । समृद्धि र सुखका राष्ट्रिय लक्ष्य तथा गन्तव्य सूचक तालिका २.२ र २.३ मा प्रस्तुत गरिएका छन् ।

## तालिका २.२: समृद्धिका मध्यमकालीन राष्ट्रिय लक्ष्य र गन्तव्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धी | २०७९/८० को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | उच्च र समतामूलक राष्ट्रिय आय | | | | | | |
| १.१ | औद्योगिक राष्ट्रको स्तरको उच्च आय | | | | | | |
| १.१.१ | वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ५.२६ | २.१६ | ६.० | ७.५ | ८.० |
| १.१.२ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १४०७ | १४१० | १५७२ | १७४० | १९३५ |
| १.२ | गरिबीको अन्त्य | | | | | | |
| १.२.१ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | १५.३ | ११.२ | ९.० | ८.५ |
| १.३ | राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा | | | | | | |
| १.३.१ | आम्दानीमा माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात | अनुपात | १.३० | १.३० | १.२६ | १.२५ | १.२३ |
| १.३.२ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.३१ | ०.३१ | ०.२९ | ०.२८ | ०.२७ |
| २ | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | | | | | | |
| २.१ | स्वस्थ र लामो आयु भएका नेपाली | | | | | | |
| २.१.१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७०.८ | ७१.२ | ७१.० | ७२.० | ७२.५ |
| २.१.२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | संख्या | २३९ | १५१ | ९९ | ९५ | ९५ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धी | २०७९/८० को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| २.१.३ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | ३३ | ३१ | २८ | २४ | २२ |
| २.१.४ | किशोरी अवस्थाको प्रजनन् (१९ वर्ष मुनि) | प्रतिशत | १४.० | १४.० | ५.५ | ५.० | ५.० |
| २.२ | गुणस्तरीय, रोजगारमूलक तथा जिवनोपयोगी शिक्षा प्राप्त नागरिक | | | | | | |
| २.२.१ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८.० | ६०.५ | ६२.८ | ६७.० | ७०.० |
| २.२.२ | युवा साक्षरता दर (१५ - २४ वर्ष) | प्रतिशत | ८८.६ | ८९.० | ९०.८ | ९१.५ | ९३.० |
| २.२.३ | आधारभूत तह (१ - ८) मा खुद भर्ना दर | प्रतिशत | ९५.१ | ९६.१ | ९७.५ | ९८.० | ९८.५ |
| २.२.४ | माध्यमिक तह (९ -१२) मा खुद भर्ना दर | प्रतिशत | ५६.३ | ६०.० | ६२.० | ६५.० | ६६.५ |
| २.२.५ | उच्च शिक्षमा कुल भर्ना दर | प्रतिशत | १७.८ | १९.० | २०.५ | २२.० | २४.० |
| २.२.६ | काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | ३८.० | ४०.० | ४२.० | ४५.० | ५२.० |
| २.३ | उत्पादनशील र मर्यादित रोजगारी | | | | | | |
| २.३.१ | श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ४४.० | ४७.० | ४९.० | ५०.० |
| २.३.२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ४३.० | ४७.५ | ५०.० | ५२.० |
| ३ | सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता | | | | | | |
| ३.१ | सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात | | | | | | |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धी | २०७९/८० को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ३.१.१ | सडक घनत्व | प्रति वर्ग कि. मि. | ०.६१ | ०.६१ | ०.६९ | ०.७४ | ०.८ |
| ३.१.२ | राष्ट्रिय र प्रादेशिक राजमार्ग (२ लेनसम्म, कालोपत्रे सडक मात्र) | कि. मि. | ६८४७ | ८१०० | ११०९४ | १२३०० | १२५०० |
| ३.१.३ | राष्ट्रिय राजमार्ग (२ लेन माथि, द्रुतमार्ग समेत) | कि. मि. | २०४ | २५४ | ५५० | ९०० | १२०० |
| ३.१.४ | रेलमार्ग | कि. मि. | ५६ | ५९ | ५९ | ६४ | ८५ |
| ३.२ | पूर्वाधारमा पहुँच तथा आबद्धता | | | | | | |
| ३.२.१ | ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८२ | ८२ | ९४ | ९५ | ९६ |
| ३.२.२ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९२.५ | ९५.० | ९८.० | १००.० | १००.० |
| ३.२.३ | इन्टरनेटमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ७३.० | ८५.० | ८९.० | ९२.० | ९५.० |
| ४ | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | | | | | | |
| ४.१ | अर्थतन्त्रमा क्षेत्रगत योगदान | | | | | | |
| ४.१.१ | प्राथमिक क्षेत्र (कृषि, वन र खानी) | प्रतिशत | २५.२ | २४.६ | २३.९ | २३.२ | २३.५ |
| ४.१.२ | द्वितीय क्षेत्र (उत्पादन मूलक उद्योग, विद्युत, ग्यास र पानी, निर्माण) | प्रतिशत | १३.५ | १२.९ | १४.३ | १४.८ | १५.३ |
| ४.१.३ | तृतीय क्षेत्र (सेवा) | प्रतिशत | ६१.२ | ६२.४ | ६१.८ | ६२.० | ६२.५ |
| ४.२ | स्वच्छ उर्जाको उत्पादन तथा उपभोग | | | | | | |
| ४.२.१ | विद्युत जडित क्षमता | मेगावाट | २२६७.९ | ३०८४.१ | ३६९०.० | ४७३७.४ | ५५६४.० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धी | २०७९/८० को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ४.२.२ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ३५१ | ४०० | ४५० | ५५० | ६५० |
| ४.३ | व्यापार सन्तुलन | | | | | | |
| ४.३.१ | वस्तु निर्यात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | २.७ | ४.४ | ४.७ | ५.१ | ५.३ |
| ४.३.२ | वस्तु आयात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ३६ | ३८ | ३८ | ३९ | ४० |
| ४.४ | राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व | | | | | | |
| ४.४.१ | श्रम उत्पादकत्व | रू. हजारमा | १८४.६ | २४६.० | २६१.० | २७६.० | २८१.० |
| ४.४.२ | कृषि उत्पादकत्व (प्रमुख वाली) | मेट/हेक्टर | ३.१ | ३.१ | ३.८ | ३.९ | ४.० |
| ४.४.३ | सिँचाइयोग्य भूमिमध्ये वर्षभरी सिँचाइ सुविधा पुगेको भूमि | प्रतिशत | ३३.० | ३३.० | ४२.० | ४६.० | ५०.० |
| ४.४.४ | प्रति पर्यटक खर्च (प्रति दिन) | अमेरिकी डलर | ४०.५ | ४०.० | ६५.० | ६५.० | ६८.० |

## तालिका २.३ : सुखका मध्यमकालीन राष्ट्रिय लक्ष्य र गन्तव्य सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धी | २०७९/८० को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ५ | परिष्कृत तथा मर्यादित जीवन | | | | | | |
| ५.१ | नागरिक स्वस्थता तथा सन्तुष्टि | | | | | | |
| ५.१.१ | मानव विकास सूचकाङ्क | सुचकाङ्क | ०.५९१ | ०.६०२ | ०.६११ | ०.६१८ | ०.६२४ |
| ५.१.२ | नागरिक सन्तुष्टिको अनुभूति सूचकाङ्क | सूचकाङ्क | ४.८ | ४.९ | ५.० | ५.१ | ५.२ |
| ५.१.३ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | १९.५ | १७.४ | १३.५ | ११.५ | १०.० |
| ५.१.४ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | २४.३ | १९.० | १५.० | १५.० | १५.० |
| ५.१.५ | ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घर-परिवार | प्रतिशत | ६१.८ | ६५.० | १००.० | १००.० | १००.० |
| ५.२ | सुरक्षित तथा सुविधासम्पन्न आवास | | | | | | |
| ५.२.१ | सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ४५.० | ६०.० | ५०.० | ३४.० | ५०.० |
| ५.२.२ | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | ९५.० | ९७.० | ९८.० | ९९.० | १००.० |
| ५.२.३ | उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | २५.७ | ३०.० | ४०.० | ४५.० | ५०.० |
| ५.३ | भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व | | | | | | |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धी | २०७९/८० को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ५.३.१ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८७ | ८८ | ८८ | ८९ | ९० |
| ५.३.२ | सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसङ्ख्या | प्रतिशत | १५.० | १७.४ | १९.० | २०.० | २१.० |
| ६ | सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | | | | | | |
| ६.१ | विभेद, हिंसा र अपराधमुक्त समाज | | | | | | |
| ६.१.१ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९४२ | ०.९४२ | ०.९६३ | ०.९७० | ०.९७० |
| ६.१.२ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४५२ | ०.४५२ | ०.३९० | ०.३८० | ०.३७० |
| ६.१.३ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २३.४ | २३.४ | १५.० | १३.० | १२.० |
| ६.१.४ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ९१.१ | ७२.८ | ७७.७ | ९५.० | १००.० |
| ६.२ | सामाजिक-सांस्कृतिक विविधता | | | | | | |
| ६.२.१ | मातृभाषामा पठनपाठन हुने विद्यालय | सङ्ख्या | २८० | २८० | ३०० | ३१२ | ३२४ |
| ६.२.२ | विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदा | सङ्ख्या | १०.० | १०.० | १२.० | १२.० | १३.० |
| ६.३ | सामाजिक सुरक्षा तथा संरक्षण | | | | | | |
| ६.३.१ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | १२.० | ४७.० | ५४.० | ६०.० | ६८.० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धी | २०७९/८० को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ६.३.२ | राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | १२.४ | ११.४ | १३.३ | १३.७ | १४.० |
| ७ | स्वस्थ र सन्तुलित पर्यावरण | | | | | | |
| ७.१ | प्रदुषणमुक्त र स्वच्छ वातावरण | | | | | | |
| ७.१.१ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | ९.० | १०.० | ११.० | १२.० | १३.० |
| ७.१.२ | वायु प्रदुषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घ.मि. | ३७.४ | ४२.० | ४०.० | ३८.० | ३७.० |
| ७.२ | पर्यावरणीय सन्तुलन र दिगो उपयोग | | | | | | |
| ७.२.१ | वनजंगल घनत्व | रुख प्रति हेक्टर | ४३० | ४३० | ४५० | ४५० | ४५० |
| ७.२.२ | काठ उत्पादन | घनफिट (लाख) | २१८ | २५० | ३०० | ३०० | ३०० |
| ७.३ | जलवायु परिवर्तन अनुकूलनशीलता | | | | | | |
| ७.३.१ | अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह | सङ्ख्या | २४१ | २५० | २५० | २५० | २५० |
| ८ | सुशासन | | | | | | |
| ८.१ | विधिको शासन | | | | | | |
| ८.१.१ | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.४९ | ०.५२ | ०.५८ | ०.६२ | ०.७० |
| ८.१.२ | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | १११ | १११ | १०८ | १०५ | ९२ |
| ८.१.३ | व्यवसाय सहजीकरण सूचकाङ्क | सूचकाङ्क | ९४ | ९३ | ८५ | ८० | ७५ |
| ८.१.४ | भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ३.३ | ३.३ | ३.७ | ३.८ | ३.९ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धी | २०७९/८० को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ८.२ | सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिता | | | | | | |
| ८.२.१ | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३४.० | ३५.० | ३६.० | ३७.० | ३८.० |
| ८.२.२ | हेलो सरकारमा प्राप्त उजुरीको फर्छ्यौट | प्रतिशत | ५०.८ | ६५.० | ७५.० | ८०.० | ८५.० |
| ८.२.३ | कुल आर्थिक प्रतिष्ठान मध्ये दर्ता नभएका (अनौपचारिक) प्रतिष्ठानको अनुपात | प्रतिशत | ४१.० | ३३.० | १७.० | १०.० | ५.० |
| ८.२.४ | दर्ता भएका मध्ये लेखा राख्ने आर्थिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५६.० | ६४.० | ६७.० | ७०.० | ७५.० |
| ९ | सबल लोकतन्त्र | | | | | | |
| ९.१ | निर्वाचनमा मतदाताको सहभागिता | | ६८.७ | ६८.७ | ६८.७ | ७२.० | ७२.० |
| ९.२ | मुद्दा फैसला | | ४८.१ | ५९.० | ६५.० | ६५.० | ६५.० |
| ९.३ | फैसला कार्यान्वयन | | ४७ | ४७ | ५० | ५१ | ५२ |
| १० | राष्ट्रिय एकता, सुरक्षा र सम्मान | | | | | | |
| १०.१ | नेपालीत्वको उच्च भावना | | | | | | |
| १०.१.१ | राष्ट्रिय परिचय-पत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | १.७ | ३०.० | ५०.० | ६०.० | ७०.० |
| १०.१.२ | नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुक | संख्या | ३५.० | ३५.० | ३६.० | ३७.० | ३८.० |
| १०.२ | मानव तथा अन्य सुरक्षा | | | | | | |
| १०.२.१ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७७.२ | ८५.० | ९०.० | ९५.० | ९९.० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धी | २०७९/८० को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १०.२.२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ५६ | ६३ | ७५ | ८० | ८५ |
| १०.२.३ | आत्महत्या दर (प्रति लाख जनसङ्ख्यामा) | संख्या | १० | १० | ७ | ६ | ५ |
| १०.३ | विपद् उत्थानशील समाज र अर्थतन्त्र | | | | | | |
| १०.३.१ | विपद्का घटनाबाट प्रभावित परिवार संख्या | प्रति लाख | ५९८८ | ४००० | ३८०० | ३६०० | ३३०० |
| १०.३.२ | विपद्का घटनाबाट मृत्यु भएको जनसङ्ख्या | प्रति लाख | १.७ | १.१ | १.० | १.० | ०.५ |
| १०.४ | अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता | | | | | | |
| १०.४.१ | कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश | प्रतिशत | १९.४ | २४.८ | ५.० | ४.० | ४.० |

## मध्यमकालीन बजेट खाका

त्रिवर्षीय बजेट खाका निर्माण गर्दा पन्ध्रौं योजना (आ.व.२०७६/७७-२०८०/८१) मा उल्लिखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेटका सिद्धान्त तथा प्राथमिकता र दिगो विकास लक्ष्यको मार्गचित्र एवम् समष्टिगत आर्थिक स्थायित्व, विनियोजन कुशलता र अनुमान योग्यतालाई मुख्य आधार लिइएको छ। वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, उच्च आर्थिक वृद्धि, तीव्र आर्थिक-सामाजिक विकास र समन्यायिक वितरणका लागि विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने विषयलाई जोड दिइएको छ। समष्टिगत नतिजा खाकामा उल्लेखित लक्ष्यका साथै विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्च अनुमान गरिएको छ।

सङ्घ, प्रदेश र स्थानीय तहमा विकास आयोजना बाँडफाँट सम्बन्धी मापदण्ड बमोजिम आयोजनाको खाकातयार गरिएको छ। राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना, प्रमुख कार्यक्रम र बहुवर्षीय ठेक्कामा गएका अन्य आयोजनाका लागि आवश्यक रकम सुनिश्चित (Earmark)

हुने गरी विषय क्षेत्रगत बजेट खाका निर्माण गरिएको छ । क्रमागत कार्यक्रम तथा आयोजनाको कार्यान्वयन अवस्था र आगामी कार्यान्वयन कार्ययोजनाको आधारमा खर्च गर्नसक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । कार्यान्वयनको अवस्था, आयोजना अवधि, सिर्जित दायित्व तथा खर्च हुन सक्ने अवस्था अनुसार क्रमागत कार्यक्रम तथा आयोजनाको पुनःप्राथमिकीकरण गरी विनियोजनको प्राथमिकता निर्धारणमा जोड दिइएको छ । क्रमागत कार्यक्रम तथा आयोजनाको पुनरावलोकन गरी दोहोरोपना रहेका एकै प्रकृतिका कार्यक्रम वा आयोजना एकआपसमा गाभ्ने वा खारेज गर्ने गरी बजेट अनुमान गरिएको छ । आगामी वर्षका लागि सकेसम्म नयाँ आयोजनाको लागि विनियोजन गर्ने मान्यता अनुसार बजेट प्रस्ताव गरिएको छ ।

मध्यमकालीन स्रोत अनुमान गर्दा राजस्व परिचालनको विगतको प्रवृत्ति, चालु वर्ष स्रोत परिचालनमा परेको चाप, आगामी वर्षको सम्भावित परिदृष्य, वैदेशिक स्रोत परिचालनमा हुँदै आएको क्रमिक न्यूनता र आन्तरिक एवं बाह्य ऋण भुक्तानिको चाप एवम् आयात व्यवस्थापन तथा मूल्यस्तरमा स्थिरता कायम गर्दा पर्नसक्ने असर तथा प्रभाव, स्रोतको प्राथमिकीकरण र पुनःप्राथमिकीकरणको आवश्यकता लगायतका पक्षलाई विशेष ध्यान दिइएको छ । संघबाट संकलन भएको मूल्य अभिवृद्धि कर, आन्तरिक उत्पादनमा आधारित अन्तःशुल्क र रोयल्टीतर्फको राजस्व, अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा रहेको प्रावधान बमोजिम प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने रकम घटाएर मात्र संघको राजस्व अनुमान गरिएको छ । वैदेशिक सहायता अनुमान गर्दा दातृ राष्ट्र वा संस्थासँग भएको सम्झौता वा प्रतिबद्धतालाई आधार लिइएको छ । नेपाल सरकारले लिन सक्ने आन्तरिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४.० प्रतिशतको सीमामा राखिएको छ ।

माथि उल्लिखित आधारमा आगामी तीन वर्षको कुल सरकारी बजेट प्रचलित मूल्यमा रू. ५८ खर्ब ९९ अर्ब ३१ करोड रहने प्रक्षेपण गरिएको छ । यस मध्ये चालु खर्च रू. ३५ खर्ब ९८ अर्ब ८१ करोड र पुँजीगत खर्च रू. १२ खर्ब ६७ अर्ब ३३ करोड रहने प्रक्षेपण गरिएको छ । साथै वित्तीय व्यवस्थातर्फ रू. १० खर्ब ३३ अर्ब १६ करोड बाँडफाँट गर्नुपर्ने अनुमान रहेको छ । त्यसैगरी स्रोत परिचालनतर्फ राजस्वबाट रू. ४३ खर्ब ३ अर्ब १२ करोड, वैदेशिक अनुदान रू. ९८ अर्ब ७७ करोड, वैदेशिक ऋण रू. ५ खर्ब ३३ अर्ब ४७ करोड लाख र आन्तरिक ऋणबाट रू. ८ खर्ब २६ अर्ब व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिका २.४ मा उल्लेख गरिएको छ ।

## तालिका २.४: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (प्रचलित मूल्यमा)

(रु. लाखमा)

| क्र.सं. | विवरण | २०७८/७९को यथार्थ | २०७९/८० को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण |
| **बजेट अनुमान** | | | | | | |
| १ | चालु खर्च | ५४८२४२१ | ६४०३९२४ | १०७८३६८१ | ११८१८१८६ | १३३८६२९७ |
| २ | पुँजीगत खर्च | २१६२१३० | २५८३४५३ | ३६५४९०४ | ४२७५८५६ | ४७४२५४९ |
| ३ | वित्तीय व्यवस्था | २२३८५८१ | २२३२७९४ | ३०७४५३६ | ३४००९५९ | ३८५६१५५ |
| | **कुल (१+२+३)** | **९८८३१३२** | **११२२०१७१** | **१७५१३१२१** | **१९४९५०००** | **२१९८५०००** |
| ४ | वित्त हस्तान्तरण* | ५२७९६३४ | ५९२८६१३ | ५०६२३१८ | ५९४२८४१ | ६७९९०६० |
| ४.१ | प्रदेश | १७५१५५८ | २१०९७५२ | २७८९८८५ | २१०९९७३ | २४०२५०५ |
| ४.२ | स्थानीय तह | ३५२८०७७ | ३८१८८६२ | २९५०२०२ | ३८३२८६६ | ४३९६५६० |
| **स्रोत अनुमान** | | | | | | |
| १ | वैदेशिक अनुदान | २७४८८१ | ३८४५८३ | ४९९४३० | २४१७९५ | २४६५७० |
| २ | वैदेशिक ऋण | १३०६९३६ | १७०५३९७ | २१२७४९१ | १६४०९५४ | १६१६३०७ |
| ३ | राजस्व** | ९८६००२३ | १०४००००० | १२४८६२०० | १४२४०००० | १६३०५००० |
| ४ | आन्तरिक ऋण | २३२६३३५ | २५६०००० | २४०००००० | २७३५००० | ३१३१००० |
| | **कुल** | **१४००१८४०** | **१४८१६३१५** | **१७५१३१२१** | **१९४९५०००** | **२१९८५०००** |

पुनश्च: * प्रदेश र स्थानीय तहमा हुने वित्त हस्तान्तरणको रकममा सङ्घीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्वको परिमाण समावेस गरिएको छ ।

** सङ्घीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व तथा प्रदेश र स्थानीय तहका अधिकार क्षेत्रभित्र परिचालन हुने राजस्व रकम समावेश गरिएको छैन ।

# टिपोट

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं